## परिच्छेद-एक

# शोधपरिचय

### १.१. शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **नेपाली साहित्यमा धवलागिरि साहित्य प्रतिष्ठानको योगदान** रहेको छ ।

### १.२. शोधकार्यको प्रयोजन

प्रस्तुत शोधकार्य त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत नेपाली विभागमा स्नातकोत्तर तहको दसौं पत्रको प्रयोजनार्थ तयार गरिएको छ ।

### १.३ समस्याकथन

काठमाडौं केन्द्रित साहित्यिक क्रियाकलाप र पुरस्कार एवम् सम्मानलाई स्थानीय स्तरसम्म पुऱ्याउने अभिप्राय स्वरूप वि.सं. २०४१ सालमा स्थापित बहुक्रियामुखी संस्था 'धवलागिरि साहित्य प्रतिष्ठान' ले नेपाली साहित्यमा पुऱ्याएको समग्र योगदानगत समस्यामा केन्द्रित रहेको छ । यसै प्रमुख समस्यामा गाँसिएर निम्नलिखित समस्याहरू आएका छन् :

(क) नेपाली साहित्यको समग्र कालखण्डभित्र धवलागिरि अञ्चलको भूमिका केकस्तो रहेको छ ?

(ख) नेपालका साहित्यिक सङ्घसंस्थाका सापेक्षतामा **धवलागिरि साहित्य प्रतिष्ठानको** स्थापना के कसरी भएको छ ?

(ग) नेपाली साहित्यको संबर्द्धनमा **धवलागिरि साहित्य प्रतिष्ठान**द्वारा सञ्चालित विविध रचनात्मक साहित्यक गतिविधि के-कस्ता रहेका छन् ?

(घ) **धवलागिरि साहित्य प्रतिष्ठान**द्वारा पुरस्कृत कृतिहरू के-कस्ता रहेका छन् ?

(ङ) **धवलागिरि साहित्य प्रतिष्ठान**ले नेपाली साहित्यमा पुऱ्याएको योगदान के हो ?

## १.४ शोधकार्यको उद्देश्य

प्रस्तुत शोधकार्यको उद्देश्य **धवलागिरि साहित्य प्रतिष्ठानले** नेपाली साहित्यमा पुऱ्याएको योगदानको निरूपण गर्न समस्याकथनमा उल्लेख गरिएका समस्यामा केन्द्रित रहेर उक्त समस्याको निराकरण गर्नु रहेको छ, । जसलाई बुँदागत रूपमा यसप्रकार प्रस्तुत गरिन्छ :

(क) नेपाली साहित्यको कालखण्डभित्र धवलागिरि अञ्चलको भूमिका खोज गर्ने ।

(ख) नेपालका साहित्यक सङ्घ संस्थाका सापेक्षतामा **धवलागिरि साहित्य प्रतिष्ठानको** स्थापना प्रक्रिया, प्रावधान र प्रकृतिको खोज गर्नु ।

(ग) **धवलागिरि साहित्य प्रतिष्ठान**द्वारा सञ्चालित विविध रचनात्मक साहित्यिक गतिविधि एवम् अभियानको खोज तथा मूल्याङ्कन गर्नु ।

(घ) **धवलागिरि साहित्य प्रतिष्ठान**द्वारा पुरस्कृत कृतिहरूको सर्वेक्षणात्मक अध्ययन गर्नु

(ङ) प्रतिष्ठानले नेपाली साहित्यमा पुऱ्याएको योगदानको लेखा-जोखा गर्नु ।

यिनै उद्देश्य प्राप्तिमा रहेर यो शोधपत्र तयार पारिएको छ ।

## १.५. पूर्वकार्यको समीक्षा

राष्ट्रिय एवम् स्थानीय स्रष्टाहरूले विभिन्न सन्दर्भ एवम् भेटघाटका क्रममा प्रकाशन एवम् पत्रपत्रिकाहरूमा यस प्रतिष्ठानको परिचय, योगदान, महत्व आदिका बारेमा मात्र चर्चा गरेको पाइन्छ । तिनै पूर्वअध्येताहरूले प्रतिष्ठानका बारेमा गरेको अध्ययनका सामग्रीलाई कालक्रममा राखेर यसप्रकार प्रस्तुत गर्न सकिन्छ :

**नवजागरण** (अङ्क २, असोज २०४१) मा धवलागिरि अञ्चलका कवि लेखकहरूलाई प्रोत्साहित गरी नेपाली साहित्य/वाङ्मयको विकासमा योगदान पुऱ्याउने उद्देश्यले २०४१ साल घटस्थापनाको दिन तत्कालीन काजीरोशन जिल्लाका प्रजिअ युवराज शर्मा गौतमबाट यसको उद्घाटन गरिएको र संस्थापक द्वय काजीरोशन र श्याम श्रेष्ठबाट प्रदान रु.

११,०००। (एघार हजार) को वैंक डिपोजिट रसिद प्रजिअ समक्ष संस्थापक अध्यक्ष काजीरोशनले प्रस्तुत गर्नु भएको थियो भनी संस्थाको स्थापनाका सम्बन्धमा लेखिएको छ ।

डिल्लीराम मिश्रले **नेपाली प्रतिभा र पुरस्कार** (२०५०) मा धवलागिरि अञ्चलबाट समर्पण गरिने पुरस्कारहरू मध्ये 'धवलागिरि साहित्य पुरस्कार' पनि एक हो भन्दै धवलागिरि अञ्चलका साहित्यकारहरूलाई समेटने उद्देश्यले २०४१ मा यसको जन्म भएको उल्लेख गरेका छन् ।

रमा शर्माले प्रतिष्ठानबाट पुरस्कृत विष्णुप्रसाद शर्मा मैत्रैयको **काजीरोशनको ऐतिहासिक रूपरेखा** (२०५१) को भूमिकामा कतिपय लेखकका राम्रा पाण्डुलिपिहरू पनि प्रकाशन गर्न नसक्ने अवस्थाका कारण थन्किएर रहेका हुन्छन् । यस वास्तविकता तर्फ यस प्रतिष्ठानको दृष्टि परी एउटै भए पनि पुस्तक प्रकाशन गरिदिनु राम्रो काम हो भनी उल्लेख गरेकी छन् ।

कमल दीक्षितले **राष्ट्रभाषा** (२०५२), मा बाग्लुङ जिल्लामै मैले पहिलो चिनेको मान्छे काजीरोशनले खडा गरेको यो **धवलागिरि साहित्य पुरस्कार प्रतिष्ठान** आफ्ना निम्ति सधै श्रद्धय रहने छ भन्दै गाह्रो विषय भएका कारण संस्थाप्रति सफलताको शुभकामना प्रकट  गरेका छन् ।

कृष्णचन्द्रसिंह प्रधानका अनुसार **राष्ट्रभाषा** (२०५२) मै बाग्लुङ जस्तो दुर्गम मानिने जिल्लामा बसेर पनि यहाँको उच्चस्तरीय साहित्यिक विभागमा अग्रणी भूमिका सम्पादन गर्नु धेरै सहनीलायक र उत्साहजनक काम हो । भाषासाहित्यको विकासमा यस संस्थाको योगदान राष्ट्रिय दृष्टिकोणले पनि राष्ट्रिय साहित्यकै उपलब्धिपूर्ण लाग्यो भनेर आफ्नो विचार व्यक्त गरेका छन् ।

गोविन्द गोठालेले प्रतिष्ठानबाट पुरस्कृत साधना प्रतीक्षाको कथासङ्ग्रह 'रगतका दुई रङ्ग' (२०५३) मा अनकन्टार गाउँमा कति यस्ता महान कृति र कृतिकार होलान्, यी पुस्तकको रूपमा प्रकाशन हुन नपाएर लुकेर, छिपेर, थन्केर रहेका होलान, ती कृतिहरूको पत्ता लगाएर प्रकाशन गर्नुपर्छ यो समाजको निम्ति ठूलो गुन हुनेछ । यो गुन गर्ने अभियानमा प्रतिष्ठान लागेको छ, यो सतप्रयास सफलहोस् भनी शुभकामना व्यक्त गरेका छन् ।

कमल दीक्षितले **गोरखापत्र** (२०५३ चैत्र १४) को 'मोटरपुगेपछि' भन्ने लेखमा मुद्रित कृतिको मात्रै पुरस्कार गरेर पुग्दैन भन्दै यस अञ्चलका कवि लेखकहरूले लेखेका तथा मुद्रित गर्न नसकेका कृतिहरूलाई पनि सम्मानित गर्नुपर्छ र किताब छाप्नुपर्छ भनी काजीरोशन र श्यामश्रेष्ठले खोलेको अमुद्रित कृतिको पुरस्कृत र प्रकाशन गर्ने दायित्व बोकेको संस्थाको रूपमा 'धवलागिरि साहित्य प्रतिष्ठान'लाई चित्रित गरेका छन् ।

घटराज भट्टराईले पनि शुभकामना दिँदै **अस्वीकृत कथाहरू** (२०५८) मै धवलागिरिको साहित्यलाई उत्साहित र जगेर्ना गर्न स्थापित भएको हो । यस **धवलागिरि साहित्य प्रतिष्ठान** राष्ट्रिय स्तरमा काजीरोशन पुरस्कारद्वारा स्रष्टाहरुलाई सम्मानित गर्ने कार्य प्रशंसनीय र अनुकरणीय भएको कुरा उल्लेख गरेका छन् ।

रमेश विकलले **धवलागिरि साहित्य प्रतिष्ठान**को काजीरोशन पुरस्कारबाट पुरस्कृत जगत्‌बहादुर जोशीको उपन्यास **डम्बरेको टालो** (२०६०) को भूमिका लेख्ने क्रममा 'धवलागिरि साहित्य प्रतिष्ठान'ले प्रति दुई वर्षमा मोफसलकै (आफ्नो र अन्य जिल्लाहरूका) साहित्यकारहरूद्वारा मोफसलमै सिर्जित पाण्डुलिपिबाट उत्कृष्टको छनोट गरी त्यसलाई पुरस्कृत गरेर ओझेलमा परेका प्रतिभाहरूलाई प्रकाशनमा ल्याउने गरेको छ । यो एउटा महत्त्वपूर्ण अभियान हो भन्दै प्रतिष्ठानलाई साधुवाद प्रकट गरेका छन् ।

कृष्ण उदासीले प्रतिष्ठानबाट पुरस्कृत आफ्नै एकाङ्कीसङ्ग्रह **युद्धपिरामिड** (२०६२) को मन्तव्यमा प्रतिष्ठानलाई इमान्दारिता, विवेक र निष्पक्षताले गौरव गर्न लायक संस्थाका रूपमा चित्रित गरेका छन् ।

नेपाली साहित्यमा धवलागिरिक्षेत्रबाट टेवा पुऱ्याउन अग्रसर 'धवलागिरि साहित्य प्रतिष्ठान' एकातिर साहित्यिक रचनात्मक गतिविधिहरूको अभियान र अर्कातिर पुरस्कार प्रदान गर्ने संस्थाका रूपमा क्रियाशील छ । विभिन्न विधाका उत्कृष्ट पाण्डुलिपि कृतिको छनोट, पुरस्कृत, र प्रकाशनका साथै अन्य कृतिहरू, आफ्नै केही मुखपत्रहरूसमेत प्रकाशनका कार्यहरू गर्दै आएको यस प्रतिष्ठानको बारेमा संस्थागत र व्यवस्थित अध्ययन हुन सकेको छैन । त्यसैले प्रस्तुत शोत्रपत्रमा प्रतिष्ठानको विविध पक्षीय अध्ययनविश्लेषण गरिएको छ ।

## १.६ शोधकार्यको औचित्य

**धवलागिरि साहित्य प्रतिष्ठान**का बारेमा विभिन्न पुस्तकहरू तथा पत्रपत्रिकाहरूमा विभिन्न विद्वान्हरूद्वारा गरिएका टिकाटिप्पणी तथा समीक्षाबाहेक यसको अध्ययन पूर्णरूपमा हुन नसकेको परिप्रेक्ष्यमा समष्टिगत र वस्तुगत विश्लेषण गरी यो शोधपत्र तयार गरिएको छ । यस शोधपत्रमा नेपाली साहित्यको कालखण्डभित्र धवलागिरि अञ्चलको परिवेशमा **धवलागिरि साहित्य प्रतिष्ठान**ले रचनात्मक साहित्यिक गतिविधि एवम् पुरस्कारका माध्यमबाट धवलागिरिक्षेत्रको साहित्यिक उठानका साथै नेपाली साहित्यमा पुऱ्याएको समग्र योगदानको सुव्यवस्थित अध्ययन एवम्. मूल्याङ्कन गरिएको हुँदा, यस संस्थाका बारेमा जान्न चाहने अध्येता एवम् पाठकहरूलाई मार्गनिर्देशनको भूमिका निर्वाह गर्दछ । त्यसकारण प्रतिष्ठानको योगदानको विषयमा जानकारी लिन चाहने जिज्ञासु पाठकहरू लाभान्वित हुने भएकाले प्रस्तुत शोधपत्र भावी शोधकर्ताहरूका लागि समेत मार्गदर्शक रहन सक्ने हुँदा यस शोधपत्रको प्राज्ञिक तथा अनुसन्धनात्मक औचित्य रहेको छ ।

## १.७ शोधकार्यको सीमाङ्कन

प्रस्तुत शोधकार्यको क्षेत्रअन्तर्गत नेपाली साहित्यको कालखण्डभित्र धवलागिरि अञ्चलको परिवेशमा **धवलागिरि साहित्य प्रतिष्ठान**ले नेपाली भाषासाहित्यमा पुऱ्याएको योगदानका सम्बन्धमा अध्ययन गरिएको छ । यहाँ तत्कालीन परिवेश, पृष्ठभूमि र प्रतिष्ठान स्थापनाको काल (२०४१) देखि विक्रम संवत् २०६५ असार मसान्तसम्म नेपाली भाषा र साहित्यका क्षेत्रमा गरेका कार्यहरूको अध्ययन, विश्लेषण र मूल्याङ्कन गर्नु नै यस शोधकार्यको सीमा रहेको छ ।

## १.८ शोधविधि

प्रस्तुत शोध लेखनका क्रममा पुस्तकालयीय अध्ययनलाई सामग्री सङकलनको मूल आधार बनाइएको छ । यस क्रममा यस संस्थाबाटै पुरस्कृत एवम् प्रकाशित कृतिहरू, मुखपत्रहरू, संस्थाका निर्णय पुस्तिका प्रतिष्ठानमा संरक्षित अभिलेखहरू लगायत सम्बद्ध पुस्तक, पत्रपत्रिकाको अध्ययन गरी सामग्री सङ्कलन गरिएको छ । साथै संस्थापक अध्यक्ष काजीरोशनसँग लिएको अन्तर्वार्ता एवम् संस्थापक सदस्य श्याम श्रेष्ठ, यसका प्रबन्ध समिति सदस्य, सम्बन्धित विषयमा चासो राख्ने व्यक्ति एवम् संस्थालगायत यससँग

निकटतम् विद्वान्हरूसँग पनि आवश्यक सरसल्लाह र जानकारी लिई शोधकार्य पूर्ण गरिएको छ । यस्तै प्रतिष्ठानका बारेमा लेखिएका रचनाहरूलाई पनि सहायक सामग्रीका रूपमा लिइएको छ ।

## १.९ शोधपत्रको रूपरेखा

नेपाली साहित्यको समग्रताभित्र धवलागिरि अञ्चलको परिवेश र **धवलागिरि साहित्य प्रतिष्ठान**को योगदानको लेखाजोखाका लागि प्रस्तुत शोधपत्रलाई निम्नलिखित परिच्छेदमा विभाजन गरिएकोछ :

**परिच्छेद एक** :यस परिच्छेदमा शोधपरिचय, शोधकार्यको प्रयोजन, समस्याकथन, शोधकार्यको उद्देश्य, पूर्वकार्यको समीक्षा, शोधकार्यको औचित्य, शोधकार्यको सीमाङ्कन, शोधविधि

**परिच्छेद दुई** : यस परिच्छेदमा नेपाली साहित्यमा धवलागिरि अञ्चलको स्थान

**परिच्छेद तीन** : यस परिच्छेदमा नेपालमा पुरस्कारको ऐतिहासिक परम्परा र परिवेशमा **धवलागिरि साहित्य प्रतिष्ठान**

**परिच्छेद चार** : यस परिच्छेदमा **धवलागिरि साहित्य प्रतिष्ठान**बाट सञ्चालित विविध रचनात्मक साहित्यिक गतिविधिको मूल्याङ्कन ।

**परिच्छेद पाँच** : यस परिच्छेदमा उपसंहार प्रस्तुत गरिएको छ ।

शोधपत्रको अन्त्यमा सन्दर्भसामग्रीको सूची, यस अन्तर्गत सन्दर्भ- पुस्तक र पत्रपत्रिका सूची राखिएको छ ।

परिच्छेद-दुई

# नेपाली साहित्यमा धवलागिरि अञ्चलको स्थान

## २.१ धवलागिरि अञ्चलको सङ्क्षिप्त परिचय

### २.१.१ पृष्ठभूमि

नेपाल सार्वभौमसत्ता सम्पन्न, स्वतन्त्र एवम् धर्मनिरपेक्ष सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक मुलुक हो ।[ज] नेपाल २६° २२' देखि ३०° २७' उत्तर अक्षांश र ८०° ४' देखि ८८° १२' पूर्वी देशान्तरमा फैलिएको छ । नेपालको पूर्वपश्चिम लम्बाइ करिब ८८५ की.मी. र चौडाई बढीमा २४० की.मी., घटीमा १४४ की.मी. छ । कूल क्षेत्रफल १,४७,१८१ वर्ग की.मी.[द] भएको नेपाल चतुर्भुज इँटा आकारको छ । उत्तरतर्फ चीन र पूर्व पश्चिम तथा दक्षिणतर्फ भारतले घेरिएको सानो भू-परिवेष्ठित राष्ट्र नेपाल पहाड, तराई, हिमाल, दून, बेसी, ताल तलैया नदी-नाला, झरना, बनजङ्गल एवम् हिमश्रृङ्खलाबाट सुशोभित एक सुन्दर र विविधताको देश हो ।

भारत र चीन दुई विशाल राष्ट्रहरूका बीचमा रहेको नेपालको भौगोलिक अवस्थितिका कारण नेपालका सामाजिक, आर्थिक, सांस्कृतिक, राजनैतिक हरेक क्षेत्रहरूमा दुवैतिरको गहिरो प्रभाव परेको पाइन्छ । पूर्वमा मेची र पश्चिममा महाकाली नदी त्यस्तै उत्तरतर्फ जनगणतन्त्र चीनको स्वशासित क्षेत्र र उत्तर प्रदेशका प्रान्तहरू पर्दछन । जलश्रोतका दृष्टिले विश्वको दोस्रो धनी देश नेपाललाई जलप्रवाहका दृष्टिले कोशी प्रदेश, गण्डकी प्रदेश र कर्णाली प्रदेशमा विभक्त गरिएको पाइन्छ । त्यस्तै प्राकृतिक बनोट एवम् संरचनाको दृष्टिले हिमाली प्रदेश, पहाडी प्रदेश र तराई प्रदेशमा विभाजन गरिएको छ । प्रशासनिक दृष्टिले पाँच विकास क्षेत्र, चौध अञ्चल र पचहत्तर जिल्लामा विभाजन गरिएको छ । पछिल्लो पटक नेपालमा भएको परिवर्तन, परिवेश र प्रक्रियाका कारण पुरानो राज्य संरचना अन्त्य गरी देशलाई सङ्घीय संरचनामा लैजाने योजना र अभ्यासको प्रादुर्भाव

---

[ज] **नेपालको अन्तरिम संविधान,** २०६३ प्रस्तावना र मर्मअनुसार ।

[द] कृष्ण गुरुङ, **नेपाल परिचय** (काठमाडौं: भुँडीपुराण प्रकाशन २०६०), पृ. १ ।

भइसकेको हुँदा उपर्युक्त विभाजनमा परिर्वन आउने निश्चित भइसकेको भए तापनि सङ्घीय संरचनाको स्वरूपको टुङ्गो लागिसकेको छैन ।

सयभन्दा बढी जातजाति र भाषाभाषीको संयोजन रहेको नेपालको भौगोलिक र मौसमी विभिन्नता भित्रको भाषिक, जातीय र सांस्कृतिक विविधता नै मौलिक पहिचानको रूपमा रहेको छ । यही विविधताको उच्च संयोजनका रूपमा रहेको नेपालको धवलागिरि पनि यसैको प्रतिनिधि अञ्चल हो ।

## २.१.२ धवलागिरि अञ्चल एक परिचय

नेपालको पश्चिमाञ्चल विकास क्षेत्रमा पर्ने धवलागिरि अञ्चल लोकभाषा, लोकसाहित्य, लोकसंस्कृति र लोकगीतका चरणहरूसँगै साहित्यको समृद्धिमा क्रियाशील अञ्चल हो । यहाँको भौगोलिक, सामाजिक र सांस्कृतिक विविधता नै मौलिक पहिचानका रूपमा रहेका छन् । हिमालको नामबाट नामाङ्कित यो पूर्वमा गण्डकी, पश्चिममा कर्णाली र दक्षिणमा मित्रराष्ट्र चीनको स्वशासित भू-भाग तिब्बतसँग जोडिएको छ ।

यस अञ्चलमा चारओटा जिल्लाहरू पर्वत, म्याग्दी, काजीरोशन र मुस्ताङ रहेका छन् । यस अञ्चलको सदरमुकाम काजीरोशनलाई मानिँदै आएको छ । पहाडी भू-बनोट र प्राकृतिक संरचना रहेको धवलागिरि अञ्चलको क्षेत्रफल ८,१४८ कि.मी. रहेको छ । राष्ट्रिय जनगणना २०५८ को तथ्याङ्कअनुसार यहाँको कुल जनसङ्ख्या ५,५६,१९१ छ । यसमा महिलाको जनसङ्ख्या २,९८,३६३ र पुरुषको सङ्ख्या २,५७,८२६ रहेको छ भने यहाँको जनघनत्व ८ जना प्रतिवर्ग की.मी. पर्दछ । यस अञ्चलमा ७ निर्वाचन क्षेत्र, १७१ गा.वि.स र एक नगरपालिका रहेका छन् ।

२,२९७ वर्ग की.मी. क्षेत्रफलमा रहेको म्याग्दी जिल्लामा १ निर्वाचन क्षेत्र र ४० गा.वि.स रहेका छन् । यस जिल्लाको सदरमुकाम बेनीबजार हो । यस जिल्लाका प्रमुख स्थलहरूमा ताकुम, दरवाङ, तातोपानी, पुला, कुइने गर्जा, वेनीबजार, गलेश्वर आदि रहेका छन । यहाँको जनसङ्ख्या राष्ट्रिय जनगणना २०५८ अनुसार १,१४,४४७ रहेको छ ।

धवलागिरिको सानो जिल्ला पर्वतको क्षेत्रफल ४९४ वर्ग की.मी. रहेको छ । ५५ गा.वि.स. र २ निर्वाचन क्षेत्र भएको पर्वतको कुल जनसङ्ख्या १,५७,८२६ रहेको छ ।

यस जिल्लाको सदरमुकाम कुस्मा बजार हो । यहाँका प्रमुख स्थलहरू कुस्माबजार, वीरेठाँटी, सेतीवेणि, घान्द्रुक, शिखा, घोडेपानी, फलेवास, मोदी, मल्लाज आदि हुन् ।

त्यस्तै धवलागिरिकै सदरमुकाम मानिने काजीरोशन जिल्ला १,७८४ वर्ग की.मी. क्षेत्रफलमा फैलिएको छ । ३ निर्वाचन क्षेत्र, ५९ गा.वि.स. र १ नगरपालिका रहेको यस जिल्लाको सदरमुकाम काजीरोशन बजार हो । राष्ट्रिय जनगणना २०५८ को तथ्याङ्कअनुसार कूल जनसङ्ख्या २,६८,९३७ रहेको यस जिल्लामा काजीरोशन बजार, बलेवा, पुरानागाउँ, गलकोट, ढोरपाटन, बुर्तिबाङ, कुस्मीसेरा जस्ता महत्त्वपूर्ण स्थानहरू रहेका छन् ।

यसैगरी १ निर्वाचन क्षेत्र र १६ गा.वि.स. रहेको मुस्ताङ् ३,५७३ वर्ग की.मी. को क्षेत्रफलमा फैलिएको छ । राष्ट्रिय जनगणना २०५८अनुसार कुल जनसङ्ख्या १४,९८१ रहेको यस जिल्ला जोमसोम, मुस्ताङ, मुक्तिनाथ धार्मिक क्षेत्र, टुकुचे, दाना, तातोपानी जस्ता प्रमुख एवम् प्रसिद्ध स्थलहरू रहेका छन् ।[घ] सयभन्दा बढी जात जाति र भाषाभाषी रहेको नेपालको धवलागिरि अञ्चल पनि जातीय, धार्मिक, साँस्कृतिक एवम् भाषिक विविधताले परिपूर्ण अञ्चल हो ।

यस अञ्चलमा विशेषतः ब्राह्मण, क्षेत्री, मगर, गुरुङ, छन्त्याल, नेवार थकाली सार्की, दमाई, कामी, सुनुवार, ठकुरी कुमाल, सन्यासी जस्ता जातिहरूको बाहुल्य रहेको यस अञ्चलमा भाषा पनि जातजातिअनुसार फरक-फरक पाइन्छ । प्रमुख बोलिने भाषाहरूमा नेपाली, नेवारी, मगर गुरुङ, थकाली आदि रहेका छन् । धर्मका दृष्टिले हिन्दू धर्म मान्ने मानिसहरू धेरै रहे पनि अन्य धर्म मान्नेहरू पनि बसोबास गर्दछन् । अञ्चलमा मनाइने चाडपर्वहरूमा दसैं, तिहार, तीज, फागुपूर्णिमा, चैतेदसैं, नागपञ्चमी, माघेसङ्क्रान्ति, दिवाली शिवरात्री, हरिबोधनी एकादशी, ऋषिपञ्चमी, रक्षाबन्धन आदि पर्दछन ।

प्रत्येक जातजातिअनुसार फरक-फरक संस्कृति, धर्म, रितिरिवाज, खानपान, भाषा, मेलापर्व, नाचगान, मठमन्दिर, पूजाआजा एवम् जन्मदेखि मृत्युसम्मका सम्पूर्ण संस्कारगत क्रियाकलापको संयोजन यस अञ्चलमा पाइन्छ । फरक-फरक २०५२ फरक संस्कार र संस्कृतिबीचको सामाजिक जातीय एवम् धार्मिक सद्भाव र सहिष्णुता यस अञ्चलको साझा

[घ] **धौलागिरि प्रवाह**, (कीर्तिपुरः धौलागिरि विद्यार्थी समाज, काठमाडौं १:१, २०६३), पृ. ५३ -६९ ।

पहिचान बनेको छ । त्यस्तै यहाँ जातीय पहिचानका आफ्नै केही पोसाकहरू देखिए तापनि मुख्य रूपमा यहाँका मानिसहरूको वेषभूषामा बूढाहरू धोती, टोपी, फेटा, भोटा, दौरा सुरुवाल लगाउँछन् भने बूढीहरू गुन्यू, चोला, पछ्यौरा, पटुका लगाउने गर्दछन । यहाँका युवतीहरू साडी, ब्लाउज, लुङ्गी-कुर्ता, सुरुवाल, पटुका लगाउँछन् भने युवाहरू सट, पाइन्ट, टिसर्ट लगाउँछन् तर सहरी क्षेत्रका युवायुवतीमा भने आधुनिक पाश्चात्य फेसनको प्रभाव बढ्दै गएको पाइन्छ ।

यस अञ्चलका चारवटै जिल्लामा स्थानीय तथा जातीय विशेषतामा आधारित वर्षभरि मनाइने प्रचलित लोकनृत्य, लोकसंस्कृति, मठमन्दिरमा मेला, पर्व, उत्सव जात्राहरूका अतिरिक्त आफ्ना कुलधर्मअनुसार पूजाआजा, भजन-कीर्तन परम्परागत रूपमा गर्दै एवम् मनाउदै आएको पाइन्छ । त्यस्ता परम्परा एवम् प्रमुख स्थलहरूमा कालिका भगवती, कालीगण्डकी, चैत्राष्टमीको मेला, जैमिनिघाट, ढोरपाटन, हनुमाननाच, नागनागिनी नृत्य, भोटेसेलो नृत्य, रोपाइँनाच, गलेश्वरमेला, महारानीको मन्दिर, जगन्नाथको मन्दिर, धुलेमेला, गुप्तेश्वर गुफा, मोदीवेनी, मुक्तिनाथ मन्दिर, कागवेनीको मेला, दामोदर कुण्ड, यर्तुङमेला प्रमुख मानिन्छन् ।[ढ] लोकसाहित्य र लोकसंस्कृतिका दृष्टिले पनि धवलागिरिको स्थान उच्च र महत्त्वपूर्ण देखिन्छ । यस सन्दर्भमा धवलागिरि अञ्चललाई लोकगीत, लोकसंस्कृतिको राजधानी केन्द्र मानिन्छ । यस विषयको सबुत् प्रमाण वि.सं. १८७४ सालतिर गोर्खा अङ्ग्रेज, युद्धपछि यस अञ्चलको काजीरोशन जिल्लाको 'राङखानी गाउँ विकास' र 'बलेवा नेपाने' लाई लिन सकिन्छ । यी दुई ठाउँ 'भ्याउरे गीत' लय र बोलको उद्गमस्थल मानिन्छ ।[छ] यस अञ्चल ज्योतिष शिक्षाका दृष्टिले पनि महत्त्वपूर्ण मानिन्छ । पर्वत जिल्लाको पाङ प्राचीन कालदेखि नै ज्योतिष विद्याको केन्द्र थियो, जुन परम्परा अद्यावधि सुरक्षित देख्न  सकिन्छ ।[ट] प्राचीन र मध्यकालमा पनि यो क्षेत्र शिक्षा, संस्कृति र कलाको केन्द्र थियो । नेपाली साहित्यको माध्यमिक काल तथा नेपाली इतिहासको आधुनिक कालको प्रारम्भताका काजीरोशनमा वीरशाली पन्त तथा श्रीदत्त पन्त जस्ता विशिष्ट स्तरका कवि लेखकहरूको जन्म भएको थियो । वीरशाली पन्तको बारेमा भन्नु पर्दा उनी बौद्धिक

---

[ढ] प्रेम छोटा, **धवलागिरिका केही लोक संस्कृति**, (काठमाडौं : साझा प्रकाशन, २०४४), पृ. ९९ ।

[छ] प्रेम छोटा (सम्पा.), 'भूमिका', **धवलागिरिका कवि र कविता,** (पोखराः अमृतप्रसाद शेरचन, २०५५), पृ. ७ ।

[ट] विष्णुप्रसाद मैत्रेय, 'सिंजाइतिहासको डोरेटो : एक समीक्षा', पेम छोटा (सम्पा.) **धवलागिरिमा पुरस्कृत कृति र विहङ्गम दृष्टि**, (बाग्लुङ : दीप प्रकाशन, २०५७), पृ. ७ ।

चिन्तन र भाषा वाङ्मयको प्राचीन परम्परापछि सिर्जनात्मक साहित्यको जग बसाल्ने युगका नेपाली साहित्य इतिहासलाई चम्काउन सफलीभूत राष्ट्रिय स्तरका कवि हुन् ।[ठ]

वैदिक, पौराणिक, धार्मिक, सांस्कृतिक, लोकसाहित्य, लोकसंस्कृति ज्यातिष शिक्षा जस्ता परम्परागत मान्यता र ऐतिहासिक हिसाबले समेत महत्त्वपूर्ण स्थान प्राप्त गर्न सफलीभूत धवलागिरि अञ्चल लिखित साहित्यको परम्परामा समेत अग्रणि स्थानमा रहेको पाइन्छ । तसर्थ भौगोलिक दृष्टिले विकट भए तापनि साहित्य र संस्कृतिको मौलिक पहिचान बोकेर धवलागिरि गौरव र उच्चताको छाती उठाएर उभिएको  पाइन्छ ।

## २.२ नेपाली साहित्यको कालखण्डमा धवलागिरि अञ्चलको साहित्यिक योगदान

नेपाली भाषा भारोपेली भाषापरिवारको एउटा सदस्य हो । नेपालीलाई भारोपेली खलकको सतम्‌वर्गमा पर्ने आर्यइरानेली शाखाबाट संस्कृत, प्राकृत र अपभ्रंश हुँदै विकसित एउटा आधुनिक आर्यभाषा मानिन्छ । धेरैले यसलाई खस वा पहाडी अपभ्रंशबाट विकसित भाषा मानेका छन् । नेपालको इतिहासको मध्यकालमा नेपाली भाषाको प्रादुर्भाव भएको हो तर सो कालमा यसको जन्म कहिले भयो भन्ने चाहिँ अझै टुङ्गो लागेको छैन । विद्वान्‌हरूले अपभ्रंशबाट आधुनिक आर्यभाषाहरूको जन्मकाल १०५७ तिर निर्धारित गरेका हुंदा र नेपाली पनि आधुनिक आर्यभाषा नै भएको हुँदा अन्य आधुनिक आर्यभाषासरह यसको आरम्भ पनि सिद्धान्ततः उक्त समयदेखि मानिन्छ ।[ड]

यसरी एघारौं शताब्दीदेखि आरम्भ भएको नेपाली भाषाले लोकसाहित्य एवम् प्रशासनिक ताम्रपत्र, शिलालेख, अभिलेखद्वारा प्रचार प्रसार हुँदै १९ औं शताब्दीमा आइपुग्दा साहित्यिक स्वरूप गहण गर्न पुगेको देखिन्छ । समयको सापेक्षतामा विकसित उतारचढावसँगै अगाीड बढ्ने क्रममा विभिन्न प्रक्रिया र प्रवृत्तिगत हिसाबले अहिले साहित्यका प्रायः सबै विधाहरूले आधुनिकता प्राप्त गरिसकेको पाइन्छ । नेपाली साहित्यको लामो समयावधिलाई एकै ठाउँमा राखेर एकैचोटी हेर्न अत्यन्तै कठिनमात्र नभएर असम्भव पनि हो । तसर्थ, नेपाली साहित्यका प्रत्येक इतिहासकारले एक न एक कालविभाजनको आधार खोजी कृतिकार र तिनका कृतिको ऐतिहासिक मूल्याङ्कन गर्ने गरेको पाइन्छ । कालविभाजन यादृच्छिक हुने र प्राक्कल्पनामा आधारित हुने भएकाले मतभिन्नताहरू हुन

[ठ] गङ्गाधर अधिकारी 'चिन्तन', 'धवलागिरिका आदिकवि वीरशाली पन्त' **बागलुङदर्पण,** १:१, २०६२, पृ ७३ ।

[ड] दयाराम श्रेष्ठ र मोहनराज शर्मा, **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास** (काठमाडौं : साझा प्रकाशन, २०५६) पृ. ३ ।

स्वभाविकै हो । नेपाली साहित्यको कालविभाजनको सम्बन्धमा पनि यो कुरा लागू हुन्छ । तर समस्या के कुराले खडा गरिरहेको छ भने नेपाली साहित्यका भिन्न-भिन्न विधाहरूको ऐतिहासिक विकासको स्थिति भिन्न-भिन्न छन् । जुन समयमा नेपाली नाटकमा आधुनिकताको प्रवेश भयो नेपाली कथा र उपन्यास विधामा त्यसको भण्डै आधा दशकपछि आधुनिकताको प्रवेश भयो । नेपाली कवितामा आधुनिकताको प्रवेश कहिले भयो त ? नेपाली नाटक विधामा आधुनिकता प्रवेश गरेको समयमा कि ? नेपाली कथा, उपन्यास र निबन्ध विधामा आधुनिकता प्रवेश गरेको समयमा ? यसको उत्तर त्यति सजिलो छैन । देशमा सामाजिक राजनैतिक सांस्कृतिक आदि परिवेश र परिस्थिति उही भएर पनि विधा-विधामा समस्या देखिन्छ ।[ढ]

नेपाली साहित्यको कालविभाजनका सन्दर्भमा धेरै विद्वान्हरूका भिन्ना-भिन्नै तर्कहरू पाइन्छन् । विद्वान्हरूले फरक-फरक आधार र समयावधिका साथै चरणहरू प्रस्तुत गरेका छन् ।

नेपाली साहित्यको कालविभाजन लागि सामान्यतया त्रिकालिक अवधारणा नै इतिहासकारहरूबीच बढी लोकप्रिय देखिन्छ। यो सरल ढङ्गको हुनुका साथै महाविद्यालयहरूमा पनि लागू भएको पाइन्छ । साहित्येतर विषयका अभिलेखादिबाट नेपाली साहित्यको प्रारम्भ भएको मान्नु औचित्यपूर्ण छ वा छैन भन्ने प्रश्न एकातिर छँदा छँदै पनि इतिहासप्रतिको मोहले गर्दा उच्च शिक्षातर्फ पठन-पाठनका ती अभिलेखादिलाई पनि कालभित्र समेट्ने संस्कार हामीमा विकसित भएको छ । अर्कातिर माध्यमिक कालका सम्बन्धमा पनि केही मतभिन्नताहरू रहँदा रहँदै पनि मोतीराम भट्टबाटै माध्यमिक काल निर्मित भएको ठानी त्यसलाई मोती युग नामकरण गर्ने संस्कारले पनि प्रभावित नपारेको होइन । जे होस् मोटामोटी मतेक्य रहे पनि आधुनिक कालका सम्बन्धमा भने इतिहासकारहरूबीच ठूलै बौद्धिक लडाई रहेको पाइन्छ । यस लडाइँले उब्जाएको मूलभूत प्रश्न के हो भने नेपाली साहित्यमा आधुनिक कालका प्रणेता लेखनाथ पौड्याल हुन् कि बालकृष्ण सम, अथवा गोपालप्रसाद रिमाल, अथवा लक्ष्मीप्रसाद देवकोटा तथा सिद्धिचरण श्रेष्ठ हुन् ? यस प्रश्नले गर्दा साहित्यमा आधुनिक कालको समयविन्दुबारे पनि विवादहरू रहेका छन् ।

[ढ] दयाराम श्रेष्ठ, **साहित्यको इतिहास सिद्धान्त र सन्दर्भ** (काठमाडौं: त्रिकोण प्रकाशन, २०५९) पृ. ११२ ।

नेपाली साहित्य इतिहास कालविभाजनको समयावधिभित्रको विवाद र मतभिन्नताको समग्रतालाई अध्ययन र विश्लेषण गर्दै सबै विधाहरूप्रति समान व्यवहार गरी सामान्यीकरणको विन्दु खोज्न असजिलो देखिए तापनि सबैभन्दा नजिकको समय विन्दु र बढी भरपर्दो एवम् तर्कसङ्गत समयावधिलाई कालविभाजनको आधार मान्नु उपयुक्त हुन्छ । समग्रतालाई अध्ययन गर्दा साहित्येतर विषयका अभिलेखादिका युगलाई नेपाली साहित्यको पृष्ठभूमि कालका रूपमा लिनु उपयुक्त देखिन्छ भने नेपाली साहित्य लेखनको औपचारिक युगलाई प्राथमिक कालका रूपमा लिन युक्तिसंगत देखिन्छ । माध्यमिक कालका सम्बन्धमा मोतीराम भट्टको उदयसँगै आएको साहित्यिक स्वरूपलाई माध्यमिक काल मान्नु समसामयिक देखिन्छ । त्यस्तै आधुनिक कालको विवादभित्रको सन्दर्भ केलाउँदा लेखनाथ पौड्यालको 'ऋतुविचार र सत्यकलि संवाद'सँगै युग चेतना र विशेषतः कविताका क्षेत्रमा भएको नयाँ प्रयोगलाई आधुनिकताको सूत्रपात मान्नुपर्ने तर्कहरू बढी प्रभावकारी देखिन्छन् । तसर्थ यी सबै पक्षहरूलाई समेट्ने गरी नेपाली साहित्यको इतिहासको कालखण्ड यसरी विभाजन गर्न सकिन्छ :

- पृष्ठभूमिकाल (सुरुदेखि विसं. १८२५)
- प्राथमिक काल (वि.सं. १८२६ देखि १९३९ सम्म)
- माध्यमिक काल (वि.सं. १९४० देखि १९७४ सम्म)
- आधुनिक काल (वि.सं. १९७५ देखि हालसम्म)

### २.२.१ पृष्ठभूमि काल

नेपाली भाषाको प्रारम्भिक रूप प्राप्त समयदेखि साहित्यिक स्वरूप प्राप्त नहुन्जेल नेपाली भाषामा भएको लेख्य अभ्यासको समयावधिलाई नेपाली साहित्यको पृष्ठभूमि काल भन्नु नै युक्तिसङ्गत देखिन्छ । खोज र अनुसन्धान आफैमा जीवित प्रक्रिया हो । नेपाली भाषासाहित्यको क्षेत्रमा यो प्रक्रिया चलिरहेको छ । हालसम्मको खोज अन्वेषणले नेपाली भाषाको सर्वप्राचीन दामुपालको अतिसङ्क्षिप्त **दुल्लु अभिलेख** वि.सं. १०३८[ज्ञण] पत्ता लागेको आधारलाई हेर्दा वि.सं. १०३८ देखि कवि सुवानन्द दासको वि.सं. १८२६ मा लेखिएको

[ज्ञण] पूर्णप्रकाश नेपाल यात्री, **राजा गगनिराजको यात्रा** (काठमाडौँ: नेशनल रिसर्च एसोसियट्स, २०३९) पृ १२२ ।

मानिँदै आएको **पृथ्वीनारायण** कविताभन्दा अगाडिको नेपाली साहित्यको लेख्य अभ्यासकाल नै पृष्ठभूमि काल हो ।

नेपाली भाषाको अभिलेख्य रूप विक्रमको एघारौँ शताब्दीबाटै पाइएको भए तापनि अभ्यास र विकासको क्रमसँगै अगाडि बढ्ने क्रममा १९ औं शताब्दीमा आइपुग्दा नेपाली भाषाले साहित्यिक स्वरूप प्राप्त गरेको देखिन्छ । 'अभिलेखादि कालको समाप्तिपछि नेपाली भाषामा **भास्वती** (१४५७), **राजागगनिराजको यात्रा** (१५५०), **खण्डखाद्य** (१६४८), **वाजपरीक्षा** ( १७००), **लक्षणसागर** (१७४९), **ज्योरोत्पत्ति चिकित्सा** (१७७३), **प्रायश्चित्त प्रदीप** (१७८०) जस्ता व्यवहारोपयोगी शास्त्रहरूको निर्माण संस्कृतको आड लिएर स्वतन्त्र रूपमा पनि हुन थालेको देखिन्छ । अभिलेख र टीकावाङ्मयका केही भाषिक नमूना र विषयवस्तुको परिधिलाई सरसर्ती अध्ययन गर्दा अभिलेखको विषय केही सीमित नै हुनाले वाङ्मयको क्षेत्र जत्तिकै अभिलेखी भाषाको विषय र शब्दभण्डार त्यति व्यापक देखिएको छैन । समकालीन ग्रन्थहरूलाई भाषिक रूप र अभिव्यक्ति कौशल प्रदान गर्नमा यी अभिलेखी भाषिक रूप आदर्श रहेका पाइन्छन् ।[ञञ]

नेपाली साहित्यको प्रारम्भ लोक जीवनमा अनेकौं गीत, झ्याउरे, चाचरी[ञद] आदिबाट भएको देखिन्छ । नेपाली साहित्यको प्रथम लिखित रूप कहिले लेखियो भन्ने कुराको अन्तिम टुङ्गो लाग्न त कठिन छ । अनुसन्धानको नयाँनयाँ खोजले ऐतिहासिक परम्परा तान्दै र जोड्दै लगिरहन्छ । संवत् १८०० सम्म आइपुग्दा नेपाली भाषाले अभिलेख र टीकावाङ्मयका दुई थरी अभिव्यक्तिको विकास गरिसकेको र साहित्यिक अभिव्यक्तिका लागि गद्य र कविताका सङ्घारमा पाइला चलाउँदै गरेको देखिन्छ[ञघ] अनुसन्धानकर्ताहरूले नेपाली कविताको सबभन्दा पुरानो रूप पृथ्वीनारायण शाहको शासन कालमा उनकै वीरताको वर्णन गरी लेखिएको सुवानन्द दासको 'पृथ्वीनारायण' (१८२६) कवितालाई मानेका छन् । हालसम्म यसै कवितालाई नेपाली साहित्यको प्रारम्भ विन्दु मानिँदै आएको छ । यसरी वि.सं.१०३८ को दामुपालको **दुल्लु अभिलेख**देखि नेपाली भाषाको मौखिक र श्रुतिपरम्परासँगै उन्नाइसौं

[ञञ] ठाकुर पराजुली, **नेपाली साहित्यको परिक्रमा**, (काठमाडौं: साझा प्रकाशन २०५६) पृ. ३९ ।

[ञद] देवकान्त पन्त, **डोटेली लोकसाहित्य** (कीर्तिपुर: नेपाल र एशियाली अध्ययन संस्थान २०३०) पृ ७ ।

[ञघ] ठाकुर पराजुली पूर्ववत्, पृ. ४० ।

शताब्दीको प्रारम्भमा आइपुग्दा नेपाली भाषा लिखित एवम् शिष्ट काव्यात्मक परम्परामा आइपुगेको पाइन्छ ।

नेपाली भाषासाहित्यको यसै पृष्ठभूमिको समयावधिभित्र धवलागिरिलाई हेर्दा धवलागिरि अञ्चलको लोकसाहित्य र संस्कृतिको सुव्यवस्थित परम्परा रहेको र अञ्चलको रचनात्मक वा लेख्य साहित्यको परम्परा पनि त्यत्तिकै सवल र सम्पन्न नभए पनि त्यति दुर्बल पनि रहेको छैन । यद्यपि यहाँको प्राकृतिक सौन्दर्य जति मनोरम र लोकअभिव्यक्ति जति आकर्षक रहेको छ । त्यस अनुपातमा साहित्यिक रूपको विकास बाञ्छित मात्रामा हुन सकेको छैन ।[ज्ञढ] धवलागिरिको साहित्यिक संरचना र भाषिक अभिव्यक्तिका रूपमा लोकसाहित्यिक संरचना र भाषिक अभिव्यक्तिका रूपमा लोकसाहित्य, लोकगीत र लोकसांस्कृतिका प्रारम्भिक रूपरेखा तय गर्ने काम यस क्षेत्रमा भएको पाइन्छ । यसकालको उत्तरार्द्धतिर राष्ट्रिय स्तरमै प्रभाव पार्न सफल विद्वान्हरू यहाँ देखापरेको पाइन्छ । वि.सं. १७०२ सालतिर कुमाउबाट लक्ष्मीनिधि पन्त म्याग्दी र मुस्ताङ्ग जिल्लाको सीमावर्ती क्षेत्र दानामा बस्दा **धर्मशास्त्र** र **तन्त्रशास्त्र** लेखको बुझिन्छ । त्यस्तै राजा मलयबम मल्लको राज्यकालमा कुमाउ गढवालबाट काजीरोशनमा आई स्थायी बसोबास गरेका कवि प्रेमनिधि पन्त राष्ट्रिय स्तरका प्रतिभा मानिन्छन् । प्रेमनिधि पन्त कृत **मलय महात्म्य** बाहेक संस्कृत भाषामा **शिवताण्डव तन्त्रको मल्लादर्शटीका, नृपश्लोकी** र **प्रायश्चित प्रदीप** (१७८९) जस्ता कृतिहरू लेखी उल्लेख्य योगदान गरेको पाइन्छ ।[ज्ञछ]

यसरी नेपाली साहित्यको पृष्ठभूमि कालमा धवलागिरि अञ्चलबाट पनि स्थानीय चिन्तन परम्पराको जग बसाल्नुका साथै धर्मशास्त्रमा आधारित ग्रन्थहरूको नेपाली रूपान्तरणद्वारा नेपाली भाषासाहित्यलाई टेवा पुर्‍याउने अभ्यासको प्रयास एवम् प्रयत्न भएको पाइन्छ ।

### २.२.२ प्राथमिक काल

जब नेपाली भाषाले काव्यात्मक स्वरूप प्राप्त गर्‍यो तब नेपाली साहित्यको प्राथमिक काल प्रारम्भ भयो । नेपाली साहित्यको प्राथमिक काल पृथ्वीनारायण शाहको एकीकरण र

[ज्ञढ] ठाकुर पराजुली, 'धवलागिरि अञ्चलको साहित्यिक रूपरेखा र स्थानीय कथा क्षीतिज' प्रेम छोटाः (सम्पा.) **धवलागिरिका कथाहरू** (काठमाडौं ने.रा.प्र. प्रतिष्ठान २०५२) पृ.१०-१५ ।

[ज्ञछ] प्रेम छोटा (सम्पा.) 'भूमिका' **धवलागिरिका कवि र कविता** पूर्ववत्, पृ. १० ।

राज्यविस्तारअभियानसँगै प्रारम्भ भएको मानिन्छ । नेपाली कविताको प्रारम्भ सुवानन्द दासको **पृथ्वीनारायण** (१८२६) कविताबाट भएको र यो कवितामा पृथ्वीनारायण शाहको वीरता र बहादुरीको प्रसंठशा गरिएको हुँदा कविताको प्रारम्भ वीरधाराबाट भएको देखिन्छ ।

साहित्यमा युगपरिवेश र समयको प्रतिबिम्ब प्रस्तुत हुने हुँदा तत्कालीन प्रभावअनुसार वीरताका कविताहरू रचना भएको देखिन्छ । वि.सं. १८२६ देखि प्रारम्भ भएको नेपाली कविताको यात्रामा १८७२ सम्म वीररसले प्रधानता पायो । वीररसका कविता रचना गर्ने कविहरू मध्ये प्रमुख रूपमा सुवानन्द दास, रघुनाथ भाट, शक्तिवल्लभ अर्याल, उदयानन्द अर्याल, सुन्दरानन्द वाँडा, यदुनाथ पोखरेल, राधा बल्लभ अर्ज्याल[ज्ञट] आदि रहेका छन् । वीर धाराले चरम उत्कर्ष प्राप्त गरेको बेला एक्कासी वि.सं. १८७२ मा सुगौली सन्धि हुन पुग्यो । नेपालको एकीकरण सँगसँगै उनीहरूको चिन्तन र विचार पनि बदलिएका छन् । राज्य निर्माण अभियान एक प्रकारले अवरुद्ध भएपछि वा अंग्रेजसँग सन्धि गरी आर्जित भू-भाग पनि गुमाउनु परेपछि कविहरू भक्तिभावनातर्फ मोडिन्छन । वीरकालीन अभिव्यक्तिहरूसँगै उठेको नेपाली काव्यले सुगौली सन्धिपछि भक्तिधाराको स्वरूप लिएको देखिन्छ । यस धाराका केन्द्रीय प्रतिभाका रूपमा आदिकवि भानुभक्त आचार्य रहे तापनि अन्य प्रमुख कविहरूमा इन्दिरस, हीनव्याकरणी विद्याप्रति, विद्यारण्य केशरी, वसन्त शर्मा, यदुनाथ पोखर्याल, पतञ्जलि गजुरेल, रामभद्र पाध्या रेग्मी, आदि रहेको पाइन्छ । [ज्ञठ]

पृथ्वीनारायण शाहको शासनकालमा देखा परेका शक्तिबल्लभ अर्याललाई नेपाली साहित्यका पहिला गद्याख्यानकारका रूपमा स्वीकार गर्न सकिन्छ । यिनीद्वारा संस्कृत मूलबाट अनूदित **महाभारत विराटपर्व** (१८२७) नेपाली गद्य साहित्यको प्रथम उपलब्धि हो । त्यस्तै भानुदत्त, शक्तिबल्लभ र भवानीदत्त पाण्डेका संस्कृत मूलबाटै अनुदित नेपाली नाटकहरू **हितोप्रदेश मित्रलाभ** (१८३३) **हास्यकदम्ब** (१८५५), मुद्राराक्षस (१८९०) पनि पूर्णतया आख्यानात्मक तत्त्व भएका कृति हुन् ।[ज्ञड] आख्यानात्मक वान्कीका प्राथमिककालीन अन्य कृतिहरूमा रामभद्र पाध्याको **लक्ष्मीधर्मसंवाद** (१५५१) वेनामी लेखकको **पिनासको बिनास** (१८७२), **दशकुमार चरित** (१८७५), **मुन्सिका तीन अहान** (१८७६), **स्वस्थानी**

---

[ज्ञट] घटराज भट्टराई, **नेपाली साहित्यको ऐतिहासिक रूपरेखा** (काठमाडौंः सृष्टि प्रकाशन २०५५) पृ. ३८ ।

[ज्ञठ] ऐजन पृ. ४२ ।

[ज्ञड] प्रतापसिंह प्रधान **नेपाली उपन्यास परम्परा र पृ.भूमि** (दार्जलिङः दीपा प्रकाशन २०४०) पृ. ११६ ।

**व्रतकथा** (१८७८) सुन्दरानन्द वाडाको **त्रिरत्न सौन्दर्य गाथा** (१८९०), **आध्यात्म रामायण** (१८९६) आदि पर्दछन् ।[ज्ञढ] यसरी यस प्राथमिक कालमा लामा छोटा दुवै खालका अख्यानको सृजना गरिए पनि लामा आख्यान नै बढी प्रभावकारी रहेको देखिन आउँछ । यस अविधिमा स्पष्ट रूपमा कथा, उपन्यास, र नाटक जस्ता विधागत स्वरूप प्राप्त हुन नसके पनि संस्कृत अनुदित गद्याख्यानात्मक कृतिहरू भने प्रशस्तै देखिन्छन् ।

प्राथमिककालीन सिर्जनात्मक साहित्यको इतिहासमा धवलागिरि अञ्चलको भूमिका पनि महत्त्वपूर्ण देखिन्छन् । धवलागिरिका आदिकवि वीरशाली पन्तको समय पनि यही रहेको पाइन्छ । यस अवधिका कविहरू विद्यारण्यकेशरी अर्ज्याल, वसन्त शर्मा आदि कविहरूका समकालीन ठहऱ्याइएको हुनाले यिनको जन्मसमय वि.सं. १८६० मानिएको छ । काजीरोशनमा जन्मेका र वैष्णवहरूको गढ मथुरा वृन्दावनमा पनि बसेका पन्त शशीधरका शिष्य बनेका थिए ।[दृण] उनको जन्म काजीरोशन जिल्लाको गैह्रागाउँ ढिकीचौरमा भएको थियो भन्ने कुराको प्रमाणका रूपमा काजीरोशन बलेवा स्थित लक्ष्मीनारायण मन्दिरको शीलालेख र घण्टामा कुँदिएको पन्तहरूको वंशावलीको सूत्र र काजीरोशन जिल्लामै कालीगण्डकीको तटमा अवस्थित शिलापत्रलाई लिन सकिन्छ ।[दृज्ञ] यसरी धवलागिरिको साहित्यलाई राष्ट्रिय स्तरमा जोड्ने कवि वीरशाली पन्तले धेरै नै काव्यरचना गरेको पाइन्छ । उनका हस्तलिखित **सरस प्रेमावली** वा **कृष्ण चरित्र, गोपिकास्तुति, द्रौपदीविलाप, राजेन्द्रशतक, ब्रहम्नृत्यनिमांश,** 'भक्तिसिद्धान्त मुक्तावली' जस्ता कृतिहरू भारतको काशी विश्वविद्यालयमा रहेको डा. स्वामी प्रपन्नाचार्यको भनाइ छ । त्यस्तै **विमलबोधानुभव** काव्य मदन पुरस्कार पुस्तकालयमा सुरक्षित छ ।[दृद] यस्तै महत्वपूर्ण कृति लेखेर धवलागिरिको गौरव बढाउने कवि वीरशाली पन्त वीरकालीन समयका अन्त्यतिरका कवि भएका कारण उनका कवितामा शुद्ध भक्तिभाव मात्र नभएर वीरभाव मिश्रित काव्यात्मक प्रवृत्ति देखिन्छ ।[दृघ] त्यस्तै बाग्लुङ गैह्रागाउँका पन्त खलककै अर्का उद्‌भव कवि सुकृतिदत्त पन्त पनि चर्चामै रहेका छन् । यिनले संवत १९१८ तिर लेखिसिध्याएको सत्र सर्गको **कार्तवीर्योदय** भन्ने

---

[ज्ञढ] राजेन्द्र सुवेदी, **नेपाली उपन्यास परम्परा र प्रवृत्ति** (वारणासी : भूमिका प्रकाशन, २०५३), पृ. २६ ।

[दृण] दयाराम श्रेष्ठ र मोहनराज शर्मा, पूर्ववत् पृ., ३६

[दृज्ञ] गङ्गाधर अधिकारी 'चिन्तन', पूर्ववत्, पृ. ७० ।

[दृद] प्रमे छोटा, **धवलागिरिको वाङ्मय सूची**, (बागलुङः विद्यामन्दिर पुस्तकालय, २०६०) पृ. ४ र ५ ।

[दृघ] **गङगाधर अधिकारी** 'चिन्तन' पूर्ववत् पृ. ७३ ।

महाकाव्य चर्चित नै रहेको पाइन्छ । उक्त कृतिलाई स्वामी प्रपन्नाचार्यको सम्पादनमा वि.सं. २०५१ मा नेपाल प्रज्ञाप्रतिष्ठानबाट प्रकाशन गरिएको थियो । कुनै बेला बालकृष्ण समले चर्चा गरेअनुसार यो महाकाव्यले श्रीहर्षको **नैषधीयचरित** महाकाव्यसँग प्रतिस्पर्धा गर्न सक्दछ । पाण्डित्य र कवित्वको संगम भएको यस काव्यले मात्रै धवलागिरि अञ्चलको शिर ठाडो गराएको छ ।[द्ध]

यसरी वि.सं १८२६ देखि १९३९ सम्मको यो प्राथमिककालीन नेपाली साहित्यको इतिहासको कालखण्डभित्र धवलागिरि अञ्चलको योगदानलाई हेर्दा यस अञ्चलका प्राथमिक कवि, लेखक तथा विद्वान्हरूले नेपाली साहित्यको श्रीवृद्धिमा महत्त्वपूर्ण योगदान पुऱ्याएको देखिन्छ ।

### २.२.३ माध्यमिक काल

माध्यमिक काल मोतीराम भट्टको आगमन र मुद्रणको सुरुवातसँगै भएको पाइन्छ । प्राथमिक काल र आधुनिक कालबीचको संक्रमणकालीन यस अवधिमा मूलतः शृङ्गारिक भावधारा केन्द्रीय प्रवृत्तिको रूपमा रहेको पाइन्छ । मोतीराम भट्ट यस धाराका केन्द्रीय प्रतिभाका रूपमा रहेका छन् । यस परिवेशको मोतीमण्डली नेपाली साहित्यको क्षेत्रमा संस्थागत प्रयासको रूपमा रहेको छ । मुद्रणयुगको प्रस्थान कालमा नै वि.सं १९४२ सम्ममा भानुभक्तको रामायणको सम्पूर्ण भाग प्रकाशित भएको र रघुनाथ भट्टको सुन्दरकाण्ड **रामायण** डमरुबल्लभद्वारा छपाइएको थियो ।[द्छ] त्यस्तै **गोरखापत्र** (१९५८), **सुन्दरी** (१९६३), **माधवी** (१९६५), जस्ता पत्रिकाको प्रकाशन हुनुले माध्यमिककालीन नेपाली साहित्यमा महत्त्वपूर्ण योगदान पुऱ्याएको पाइन्छ ।

यस कालको सीमाविस्तार वि.सं.१९४० देखि १९७४ सम्म हो । वि. सं. १९४० मोतीराम भट्टको युगप्रवर्तक कविका रूपमा उदयकाल हो भने वि. सं. १९७४ चाहिँ यिनीद्वारा प्रबर्द्धन काव्यधारा शृङ्गारको चरमोत्कर्षको अवधि हो । विशेषतः माध्यमिककालीन शृङ्गारिक भावधाराको चरमोत्कर्ष विन्दु **सूक्तिसिन्धु**को प्रकाशनसँगै यो युगको पनि समाप्ति भएको पाइन्छ ।

---

[द्ध] ठाकुर पराजुली, **धवलागिरि अञ्चलको साहित्यिक रूपरेखा र स्थानीय कथा क्षितिज,** पूर्ववत्, पृ. ७ ।

[द्छ] वासुदेव त्रिपाठी र अन्य (सम्पा.) **नेपाली कविता भाग ४** ते.सं (काठमाडौं साभ्रा प्रकाशन २०५४) पृ. १०९ ।

यस शृङ्गारिक धाराका केन्द्रीय प्रतिभाका रूपमा मोतीराम भट्ट रहेका थिए भने यस कालका अन्य कविहरूमा राजीवलोचन जोशी, लक्ष्मीदत्त पन्त, गोपीनाथ लोहनी, शिखरनाथ सुवेदी, तीर्थराज पाण्डे, देवराज लामिछाने, दुर्गाप्रसाद घिमिरे, शम्भुप्रसाद ढुङ्ग्याल, पहलमानसिंह स्वाँर[द्दट] रहेको पाइन्छ । वीरताको स्तुति र भक्ति काव्यको पनि प्रभाव रहेको यस अवधिमा विशेषतः ‘शृङ्गारिकता, भक्तिभावना’ सामाजिकता जस्ता मूल प्रवृत्तिहरू रहेको पाइन्छ ।[द्दठ]

प्राथमिककालका संस्कृतप्रभावित धार्मिक तथा पौराणिक आख्यानसाहित्यको प्रतिक्रियास्वरूप उर्दू, फारसी तथा अरवी साहित्यबाट प्रेरित र प्रभावित भई नेपाली भाषामा रोमाञ्चकारी साहित्यको सिर्जना हुनु माध्यमिक कालको थालनीको लक्षण हो ।[द्दड] प्राथमिककालीन संस्कृतबाट अनुदित कृतिहरूले प्रायः नैतिक, धार्मिक, औप्रदेशक विषयको सम्पादन गरेको प्रवृत्तिभन्दा पृथक रहेर माध्यमिककालमा प्रेमाख्यान, जादूगरी, तिलस्मी, ऐयारी प्रवृत्तिका औपन्यासिक कृतिहरूको लेखन सुरु भएको र यो प्रवृत्ति वि.सं. १९४६ को **वीर सिक्का** देखि १९९१ को **सुमती** सम्मको अवधिमा व्याप्त भएको पाइन्छ ।[द्दढ] माध्यमिककालीन उपन्यासहरू गद्याख्यानकै रूपमा चिनिन्छन् । वि.सं. १९४६ मा हरिकृष्ण रचित र शिवशर्माद्वारा अनुवाद गरिएको **वीर सिक्का** प्रकाशित भएपछि मात्र आख्यानले उपन्यासको स्वरूप धारण गरेको भए तापनि यस कालका गद्याख्यान लोकप्रिय रूपमा देखापरेको पाइन्छ । मुख्यतया संस्कृत, अरवी, फारसी, वंगाली, हिन्दी, आदि भाषामा प्रचलित गद्याख्यानका आधारमा नेपालीमा गद्यआख्यान सृजित, प्रकाशित र विकसित भएको पाइन्छ । हरिहर शर्मा, शिवदत्त, दामोदरराज, शम्भुप्रसाद ढुङ्गेल, सदाशिव शर्मा, तीर्थराज आचार्य नरेन्ददेव पाण्डे, भोजराज पाण्डे, कृष्णलाल अधिकारी, पहलमानसिँह स्वाँर, विष्णुचरण श्रेष्ठ जस्ता उपन्यासकारहरूले कलम चलाएको देखिन्छ । यस अवधिका धार्मिक, पौराणिक, नैतिक, औपदेशिक, मनोरञ्जनात्मक उपन्यासहरूमा र सामजिक सुधारात्मक विषयलाई समाहित गरिएको पाइन्छ ।

---

[द्दट] ऐजन, पृ. ११२ ।

[द्दठ] घटराज भट्टराई, पूर्ववत् पृ ७१ ।

[द्दड] प्रतावचन्द्रसिंह प्रधान पूर्वव पृ. ११८ ।

[द्दढ] कृष्णचन्द्रसिंह प्रधान **नेपाली उपन्यास र उपन्यासकार** (काठमाडौंः साझा प्रकाशन २०३७) पृ. ४१ ।

नेपाली नाटकको क्षेत्रमा मोतीराम भट्टको उदयसँगसँगै नेपाली नाटक रचना, प्रकाशन र रङ्गमञ्चको पनि उदय तथा व्यवस्थापन भएको हो । नाटककार बालकृष्ण समको **मुटुको व्यथा** प्रकाशन नभएसम्मको समयावधि अर्थात १९४० देखि १९८६ नेपाली नाटकको माध्यमिक काल हो ।[घण] विशेषतः भवानीदत्त पाण्डेपछि माध्यमिक कालमा मोतीराम भट्टले संस्कृत नाटकको अनुवाद गरेको पाइन्छ । उनले अनुवाद गरेका नाटक **शाकुन्तला** (१९४४-४८), **पद्मावती** (१९४६) र **प्रियदर्शिका** (१९४८) हुन् । त्यस्तै केदार थापा, लेखनाथ पौड्याल, शम्भूप्रसाद ढुङ्ग्याल, मोदिनीप्रसाद शर्मा, पहलमान सिंह स्वाँर जस्ता नाटककारहरू नेपाली साहित्यको माध्यमिक कालमा देखा पर्दछन् ।

माध्यमिक कथाको चर्चा गर्नुपर्दा वि.सं. १९५८ ले गोरखापत्र प्रकाशन भएपछि माध्यमिकालीन कथाको विकास भएको पाइन्छ । प्रकाशनको क्रमसँगै **सुन्दरी** (१९६३), **माधवी** (१९६५) जस्ता पत्रिकामा कथाहरूले निकै स्थान पाएको र लोकप्रिय बन्दै गएको पाइन्छ । त्यस्तै **गोरखाली** (१९७२), **गोरखासंसार** (१९८३) ले पनि माध्यमिककालीन कथाको विकासमा टेवा पुऱ्याएको पाइन्छ । यो अवधि गोखापत्रको प्रकाशन १९५८ देखि गुरूप्रसाद मैनालीको 'नासो' (१९९२) सम्म कायम रहेको पाइन्छ ।

माध्यमिक नेपाली साहित्यको इतिहासमा धवलागिरि अञ्चलको भूमिका खोज्दै जाने हो भने यो काल पनि महत्त्वपूर्ण नै रहेको पाइन्छ । धवलागिरि अञ्चलमा वीरशाली पन्तपछिका उनका सन्तानहरू काजीरोशन मूलपानी, गैह्रागाउँ, ढीकीचौर, लगायत अन्य ठाउँमा बसोबास गरेको देखिन्छ । ज्वालादत्त पन्त काजीरोशनबाट काठमाडौं बसाई सरेपछि वि.सं. १९२२ मा लक्ष्मीदत्त पन्त 'इन्दु' त्यहीँ जन्मेको कुरा भरतराज पन्तको लेखमा उल्लेख छ ।[घज्ञ] यसका अलावा काजीरोशनको परिसरमा हालसम्म फेला परेका पण्डित, कवि, साहित्यकारहरूमा प. पदमपाणि धरासुर ज्योतिर्विद पं. लक्ष्मीनारायण, पं. देवीदत्त पन्त, कवि देवनारायण पौडेल (म्याग्दी), (कवि लेखनाथका सहपाठी) नरहरी सुवेदी (पर्वत) लगायत रहेका छन् ।[घद्द]

---

[घण] घटराज भटराज भट्टराई, पूर्ववत्, पृ. ७२ ।

[घज्ञ] प्रेम छोटा (सम्पा.) पूर्ववत्, पृ. ११ ।

[घद्द] ठाकुर पराजुली, पूर्ववत, पृ. ७ ।

समग्रमा प्राथमिक काव्य रचनाको हिसाबले माध्यमिक काव्य सिर्जनालाई नियाल्दा केही कमजोर देखिए तापनि पण्डितहरूको पण्डित्याइँ र ज्योतिषीहरूको ज्योतिषशास्त्रका माध्यमले प्रचार प्रसार भएको पाइन्छ । यसरी हेर्दा नेपाली साहित्यको माध्यमिक कालमा पनि धवलागिरि अञ्चलको योगदान कम छ भन्न मिल्दैन ।

## २.२.४ आधुनिककाल

नेपाली साहित्यिक इतिहासको कालविभाजनको सबैभन्दा बढी विवादमा रहेको आधुनिक काल नै हो । आधुनिकताको प्रवेशको कहिलेदेखि प्रारम्भ भयो भन्ने विषयमा नै खास विवाद केन्द्रित रहेको पाइन्छ । आधुनिकता सम्बन्धि विधागत आधारमा फरक-फरक रहेको पाइन्छ नेपाली साहित्यको आधुनिक काल मूलतः **शारदा** पत्रिकाको प्रकाशन १९९१ बाट प्रारम्भ भएको मानिए तापनि कवितामा १९७५, नाटकमा १९८६ बाट नै आधुनिकता प्रारम्भ भएको पाइन्छ । तसर्थ नेपाली कविताले आधुनिकता प्रारम्भ गरेको समयविन्दु १९७५ नै नेपाली साहित्यको आधुनिक कालको प्रारम्भ विन्दु मान्नु युक्तिसङ्गत देखिन्छ । पुरानाविचार, भावना र चिन्तनबाट मानिस नयाँविचार, सोचाइ र विज्ञान प्रविधिको युगमा प्रवेश गर्नथालेपछि नेपाली साहित्यमा आधुनिक कालको प्रारम्भ नैतिक चेतना, सामाजिक सुधारको चेत, भाषागत परिष्कार र परिमार्जन, पूर्वीय एवम् पाश्चात्य दर्शनका आधारमा कलात्मक अभिव्यक्ति साथ नवयुगको परिष्कारवादी धारामा प्रवेश गरेको पाइन्छ । विशेषतः १९७४ मा **सूक्तिसिन्धु**को प्रकाशन भएपछि पुरानो युगको अन्त्य भएको देखिन्छ । परिष्कारवादी प्रवृत्तिको प्रबलता रहेको अनुमान गरिएको पहिलो चरण (वि.सं. १९७५-१९९०) का प्रतिभा लेखनाथ हुन् यस युगलाई लेखनाथ युग पनि भनिन्छ । यस युगका केन्द्रीय प्रतिभा लेखनाथ पौड्याल भए पनि अन्य प्रतिभाहरूको पनि योगदान रहेको पाइन्छ । लेखनाथ पौड्यालको **ऋतुविचार** (१९७३) प्रस्थान विन्दु मानिए पनि सोमनाथ सिग्देलको **आदर्शराघव** (२००५), लेखनाथ पौडयालको **तरुणतपसी** (२०१०) बालकृष्ण समको **आगो र पानी** (२०११) र **चिसो चुल्हो** (२०१५) परिष्कारवादी प्रवृत्तिका महत्त्वपूर्ण कृतिका रूपमा रहेका छन् ।

नेपाली साहित्यको इतिहासमा लक्ष्मीप्रसाद देवकोटाको आगमन र शारदा (१९९१) को प्रकाशनले नयाँ हलचल पैदा भएको देखिन्छ । वि.सं. १९९१ देखि नेपाली साहित्यको कविता विधामा स्वच्छन्दतावादी धारा प्रारम्भ भई केन्द्रीय धाराको रूपमा रहेको देखिन्छ ।

'नेपाली साहित्यमा' स्वच्छन्दतावादी काव्यधाराको प्रर्वर्तन युग कवि सिद्धिचरण श्रेष्ठ र महाकवि लक्ष्मीप्रसाद दवेकोटाले गरेका हुन् ।[घघ] स्वच्छन्दवादी धाराका प्रर्वतक लक्ष्मीप्रसाद देवकोटा र सहप्रवर्तक सिद्धिचरण श्रेष्ठ रहे पनि अन्य कविहरूको सहभागिता र सहयोगका कारण यो धाराले सफलता प्राप्त गर्न सकेको देखिन्छ । यस धाराका केन्द्रीय प्रतिभा लक्ष्मीप्रसाद देवकोटा नै हुन् । देशमा चलेको राणा विरोधी अभियानसँगै नेपाली साहत्यिमा पनि प्रगतिवादी चेत र चिन्तनले ठाउँ लिन थालेपछि २००३ सालपछि स्वच्छन्दतावादी प्रगतिवादी धारा अगाडि आएको पाइन्छ । वि.सं. १९९७ को सहिद काण्ड एवम् २००४ देखि २००७ सालसम्मको प्रजातान्त्रिक अभियानमा कविहरूले साथ दिएका थिए । यो स्वच्छन्दतावादी प्रगतिवादी धारा लक्ष्मीप्रसाद देवकोटाको देहावसान (२०१६) सम्म कायम रह्यो । यस युगलाई आधुनिक कालको पूर्वाद्ध युग भन्ने गरिन्छ ।

२०१७ सालपछि परम्पराका ठाउँमा नयाँ प्रयोगका रूपमा नयाँ शैली र चिन्तनको प्रयोग हुन थालेपछि नेपाली साहित्यमा आधुनिक कालको उत्तरार्द्धतर्फको यात्रा प्रारम्भ भएको देखिन्छ । विश्ववोध, अस्तित्ववोध, जीवनबोध, विसङ्गतिवोध, आदिको समष्टिगत प्रयोगको रूपमा देखा परेको प्रयोगवादले अमूर्तलेखन एवम् स्वचालित लेखनलाई आत्मसात गऱ्यो । यसको नेतृत्वकर्ता मोहन कोइराला हुन् । उनले जगदीशशमशेर राणा, द्वारिका श्रेष्ठ, पारिजात, तुलसी दिवस लगायतका धेरै कविहरूको साथ पाएका थिए । तेस्रो आयमका पर्वतक इन्द्रबहादुर राई, ईश्वर बल्लभ, वैरागी काइँला साथै मोहन कोइराला आदिका जटिल र दुरुह अमूर्त कविताका सट्टा वि.सं. २०२९ सालपछि प्रयोगवादमा पनि सम्प्रेष्य र सरल कविताहरू देखा पर्न थाले । समय सापेक्ष युग, जनचाहना र पाठक एवम् श्रोतालाई ध्यानमा राखेर कविता लेख्न थालियो । जुन समसामयिक धाराका रूपमा परिचित हुन थाल्यो । वि. सं.२०३० देखि समयका उतारचढावहरूसँगै भएका राजनीतिक परिवर्तन उत्साह, निराशा विद्रोह आवेग आदिलाई कविताका रूपदिंदै कविहरूले समसामयिक धारालाई अगाडि बढाएको पाइन्छ ।

यसरी नेपाली कविताको आधुनिक कालले राजनैतिक उतार चढावका साथ अगाडि बढेको पाइन्छ । २००७ सालको प्रजातन्त्र प्राप्ति, २०१७ को निर्दलीय पञ्चायती व्यवस्था, २०३६-०३७ को राष्ट्रिय जनमत सङ्ग्रह, २०४६ सालको जनआन्दोलन र परिवर्तन, २०५२

---

[घघ] मोहन कोइराला, **'भूमिका' आजका नेपाली कविता** (काठमाडौं: नेपाली राजकीय प्रज्ञा प्रतिष्ठान, २०५०) पृ. त ।

सालदेखि प्रारम्भ हिंसात्मक राजनीतिक द्वन्द्व, २०५८ को तत्कालीन राजा वीरेन्द्रको वंशनाश वा दरवार हत्याकाण्ड, २०५९ को शाही घोषणा, २०६१ घाघ १९ को तत्कालीन राजा ज्ञानेन्द्र शाहको निरङ्कुश कदम, ऐतिहासिक जनआन्दोलन २०६२/०६३ र परिवर्तन, ऐतिहासिक संविधान सभा निवार्चन २०६४ र संविधानसभाको पहिलो बैठक २०६५ जेष्ठ १५ को निर्णयअनुसार नेपालमा गणतन्त्र कार्यान्वयन गरी २४० वर्षभन्दा पुरानो राजतन्त्रात्मक शासन व्यवस्थाको अन्त्य जस्ता घटनाको प्रत्यक्ष प्रभावमा रही कविहरूले कलम चलाएको देखिन्छ । यस समयको कविताहरूमा सामाजिक चेतना, विद्रोह, आवेश, विकृति, विसङ्गतिप्रति, नैराश्यता, हीनताबोध, आधुनिक जीवन र जगत्का समस्याहरू प्रतिबिम्बित भएको पाइन्छ । लोकतन्त्र प्राप्तिपछि उठेको समावेशी र सहभागितामूलक सङ्घीयता जस्ता विषयको प्रभाव पनि आजका कवितामा पाइन्छ ।

नेपाली उपन्यासको क्षेत्रमा आधुनिकता वि.सं. १९९० को समयावधिबाट प्रारम्भ भएको देखिन्छ । नेपाली उपन्यासको सम्पूर्ण इतिहासको अवलोकन गर्दा के देखिन्छ भने नेपाली कथामा झैं नेपाली उपन्यासमा पनि आधुनिक कालको प्रारम्भ सं १९९० को दशकमा भयो । सं १९९१ मा प्रकाशित भएको रुद्रराज पाण्डेको **रूपमती** मा सर्वप्रथम सामाजिक यथार्थवाद पाइनु नै आधुनिकताको लक्षण थियो ।[घद्ध] नेपाली उपन्यासको आधुनिक काललाई अध्ययन गर्दा यो विभिन्न विषय शैली, वाद र विचारधारा प्रवृत्तिबाट प्रभावित देखिन्छ । आधुनिक कालको चरण विभाजन उपन्यासको सन्दर्भमा जटिल अवैज्ञानिक देखिन्छ । एकातिर समयको परिवर्तनसँगै नयाँ चेतना, वाद र प्रवृत्तिको प्रारम्भ भएको पाइन्छ भने अर्कातिर पुरानैवाद स्वरूप र प्रकृतिका उपन्यासहरूको पनि सिर्जना भइरहेको पाइन्छ । यसर्थ उपन्यासको अध्ययन यथार्थवादी धारा, प्रगतिवादी धारा, मनोवैज्ञानिक धाराका रूपमा क्रमशः गर्दै जानु उपयुक्त देखिन्छ ।

ऐतिहासिक उपन्यासमा डायमनशमशेर, प्रगतिवादी धारा एवम् समाजवादी यथार्थावादी धारामा डी.पी. अधिकारी, पारिजात, रमेश विकल आदिलाई प्रमुख रूपमा लिइन्छ । मनोवैज्ञानिक यथार्थवादी धाराका उपन्यासकारहरूमा प्रमुख रूपमा गोविन्दबहादुर मल्ल गोठाले, विजय मल्ल, विश्वेश्वरप्रसाद कोइराला, भवानी भिक्षु आदि रहेको देखिन्छ । अस्तित्ववादी चिन्तनमा पारिजात र विश्वेश्वरप्रसाद कोइराला प्रयोगात्मक उपन्यासमा

[घद्ध] दयाराम श्रेष्ठ र मोहनराज शर्मा, पूर्ववत्, पृ. १०५।

इन्द्रबहादुर राई **आज रमिता छ,** ध्रुवचन्द्र गौतम र कविता राय जस्ता लेखकहरू उल्लेख्य छन् । आज भोलि थप नयाँ प्रवृत्ति र प्रक्रियालाई आत्मसात् गरी लेखिएका नयाँ उपन्यासहरूको पनि सिर्जना, र प्रकाशनलो चर्चा पाइरहेको देखिन्छ ।

यसरी पुरानो संस्कार परम्परागत संस्कृति तथा लोकआख्यानबाट सुरु भएको नेपाली गद्याख्यानले जासुसी, ऐयारी, तिलस्मी अनुवादमूलक प्राचीन औपन्यासिक प्रवृतिबाट समयसँगै हुँर्कदै बढ्दै विविध मोड, धारा र प्रवृत्तिसँगै आजको नयाँ युगसम्म आइपुगेको पाइन्छ ।

साहित्यिक आधुनिकवाद एक सापेक्षिक चेतनामा अवलम्बित हुन्छ । नेपाली कथाको इतिहासमा त्यो सापेक्षिक चेतना के थियो भनेर खोतल्दा मूल केन्द्रमा यथार्थवादलाई लिएको पाइन्छ । नेपाली कथाले आधुनिकताअन्तर्गत स्वायत्तीकरण गरेको यथार्थवाद पाश्चात्य प्रभावको परिणाम थियो ।[घछ] तसर्थ नेपाली कथाको आधुनिककाललाई उद्घाटन गर्ने युगबन्धीका कथाकार भएर गुरूप्रसाद मैनाली आएका छन् ।

प्रथम चरणमा समको **मुटुको व्यथा (वि.सं. १९८६)** नाटकद्वारा आदर्शोन्मुख यथार्थवादी नाट्यधारको प्रारम्भ हुन्छ । समका नाटकमा नै दुःखान्त नाट्यशैली, यथार्थता, मौलिकता र सामाजिकतामा आधारित अदर्शोन्मुख यथार्थवादी प्रवृत्ति पाइन्छ । भीमनिधि तिवारीका नाटकमा सामाजिक ऐतिहासिक पौराणिक विषयवस्तुभित्र सरल आदर्श पाइन्छ ।

सम र तिवारीका नाट्य वैशिष्ट्य हेर्ने हो भने समको गद्य शैलीमा प्रौढता छ, तिवारीको गद्य शैलीमा सरलता छ । तर यी दुवै नाटककार सामाजिक अध्ययनलाई अगाडि बढाउँछन् । ऐतिहासिक पौराणिक विषय अँगाले पनि समाजको नै भलाईका लागि आधुनिक शैलीमा अभिव्यक्ति दिन्छन् ।[घट]

दोस्रो चरण गोपालप्रसाद रिमालको **मसान** (२००३) बाट यथार्थवादी धारा प्रारम्भ भएको हो । यो चरणमा यथार्थवादी, प्रगतिवादी चिन्तनलाई नाटककारहरूले अगाडि बढाएको पाइन्छ । रिमालका **मसान**, **यो प्रेम** !, जस्ता नाटकले यथार्थवादी चिन्तनलाई

---

[घछ] ऐजन, पृ. ८० ।

[घट] घटराज भट्टराई, पूर्ववत् पृ. १३५ ।

अगाडि बढाएका छन् भने हृदयचन्द्र प्रधानका एकाङ्कीहरूले प्रगतिवादी धारणालाई अगाडि बढाएको पाइन्छ ।

तेस्रो चरणका रूपमा देखा परेको मनोवैज्ञानिक धाराका अगुवा नाटककारका रूपमा गोविन्द गोठाले र विजय मल्ल देखा पर्दछन् । वि.सं. २०१३ सालमा प्रारम्भ भएको यो चरणका नाटककारले समाजका अनेक पक्षका पात्रहरूका मानसिक धरातल छामी विश्लेषण गरेको पाइन्छ ।

वि.सं. १९९० को दशक नेपाली गद्यको महत्त्वपूर्ण समयको रूपमा स्थापित हुन पुगेको छ । त्यसै समयमा **शारदा** पत्रिकाको १९९१ मा प्रकाशन हुनु झनै महत्त्वपूर्ण छ । नेपाली निबन्ध लेखनको आधुनिककाल पनि शारदाको प्रकाशन १९९१ देखि नै सुरु भएको हो । लक्ष्मीप्रसाद देवकोटा प्रथम आधुनिक नेपाली निबन्धकार हुन् । **शारदा** (१९९१) मा प्रकाशित उनको पहिलो निबन्ध 'अषाढको पन्ध्र' (१९९२) नै पहिलो आधुनिक निबन्ध हो ।[घठ]

यसरी आधुनिक निबन्धकारका रूपमा लक्ष्मीप्रसाद दवेकोटा देखा परेपछि अरू पनि थुप्रै प्रतिभाहरू यस विधातर्फ देखा परे । ती थिए बालकृष्ण सम, रामकृष्ण शर्मा, हृदयचन्द्रसिंह प्रधान, भीमनिधि तिवारी, केशवराज पिँडाली, सागरमणि आदी, भवानी भिक्षु, बाबुराम आचार्य ।[घड] समय सापेक्ष विकास हुँदै जाने क्रममा निबन्धमा पनि प्रवृत्तिगत हिसाबले निजात्मक अनुभूति प्रधान, हास्तयव्यङ्ग्य प्रधान, यात्रावर्णन वा संस्मरणप्रधान वर्णन वा विवरण प्रधान, विकीर्ण चिन्तन वा अनुभूति प्रधान, समसामयिक चिन्तनप्रधानजस्ता स्वरूपमा पृथकपृथक निबन्धहरूको लेखन विभिन्न निबन्धकारहरूबाट भएको पाइन्छ । सङ्ख्याका हिसाबले नेपाली निबन्ध सङ्ग्रह निकै कम प्रकाशित भए तापनि नेपाली साहित्यमा यसलाई साझा विधाका रूपमा लिन सकिन्छ । कवि, कथाकार, उपन्यासकार, नाटककार एवम् समालोचकहरू मध्ये सबैले यसतर्फ कलम चलाएको पाइन्छ । यस विधासँग नेपाली मानसिकता तथा बौद्धिकता निरन्तर रूपले संलग्न हुँदै गएकोले खास गरीकन सं. २००७ को क्रान्तिपश्चात् बृहत् वाङ्मयकको परिक्रमामा यो विधा विस्तारित

---

[घठ] दयाराम श्रेष्ठ, मोहनराज शर्मा, पूर्ववत् पृ. १२६ ।

[घड] ऐजन, पृ. १२७ ।

भयो । समग्र इतिहासको अवलोकन गर्दा लेखकको आत्मपरक भावक्रियाका साथै आर्जित ज्ञानको अभिव्यञ्जना आधुनिक नेपाली निबन्धमा भएको पाइन्छ ।[घढ]

नेपाली साहित्यको आधुनिक कालको सापेक्षतामा धवलागिरि अञ्चललाई हेर्दा यस अञ्चलबाट विशिष्ट प्रतिभाहरूको जन्म भई नेपाली साहित्यको विकासमा योगदान पुगेको देखिन्छ । आधुनिक कविताको स्वच्छन्दतावादी काव्यधारामा सहभागि बन्दै पर्वतमा जन्मी काठमाडौं पुगेकी गोमा उपाध्यायले सिद्धिचरण श्रेष्ठको प्रेरणाबाट थुप्रै कविता, खण्डकाव्य एवम् समीक्षात्मक लेखहरूका सङ्ग्रहहरू प्रकाशित गरेकी छन् । त्यस्तै आधुनिक नेपाली गद्यको व्यवस्थित सुरुवात कृष्णबम मल्ल र मोहनबहादुर मल्लका आख्यानात्मक कृतिहरूबाट भएको पाइन्छ । राष्ट्रिय स्तरमा सिङ्गो युगको प्रतिनिधित्व गर्दै समकालीनका माझमा आफूलाई उच्च राख्न सफलीभूत कवि भूपि शेरचनको जन्म स्थान पनि धवलागिरि अञ्चल नै हो । त्यस्तै प्रा. ठाकुरप्रसाद पराजुलीले नेपाली साहित्य समालोचनाको क्षेत्रमा पुऱ्याएको योगदान महत्त्वपूर्ण छ । अन्य प्रतिभाहरू टीकाबहादुर मल्ल, नरसिंहभक्त तुलाचन, गोविन्दलाल श्रेष्ठ, ओमकारप्रसाद गौचन, भवानी पाण्डे लगायतको पनि महत्त्वपूर्ण योगदान रहेको छ । त्यस्तै सिर्जनात्मक साहित्यको क्षेत्रमा यात्रानिबन्ध र कविताका क्षेत्रमा काजीरोशन र अनुसन्धानको क्षेत्रमा प्रेम छोटाले वर्तमानमा पुऱ्याएको योगदानले नेपाली साहित्यमा थप टेवा पुगिरहेको पाइन्छ ।

त्यस्तै, शिवकुमार प्रधान, डा. शास्त्रदत्त पन्त, हरिवन्दी, होमनाथ सुवेदी, नवराज कार्की, हिरामणि शर्मा, बालकृष्ण नेभा, प्रेमसिंह उपाध्याय, शान्तिनाराय श्रेष्ठ, जगन्नाथप्रसाद लम्साल, कालीभक्त पन्त, इन्द्रकुमार 'विकल्प', विष्णुप्रसाद मैत्रेय, सन्तु श्रेष्ठ, कृष्णप्रसाद दुःखी, भव भिन्न, साधना प्रतीक्षा, ओमप्रसाद घायल, गङ्गाधर अधिकारी 'चिन्तन', गणेशकुमार, भूपिन व्याकुल, दामोदर घताने, योगेन्द्र पन्त, तुल्सी दीप, एकलाल गिरी, विनोद धौलागिरि, सरस्वती शर्मा, मुकेशचन्द्र राजभण्डारी, प्रकट कुमार शिशिर, भरत 'विवश' पौडेल, विक्रम 'विवश', कृष्ण पौडेल 'बी', गोविन्द नेपाली, बाबुराम शील, भक्त कार्की, धनराज सापकोटा, नविन भावुकलगायतका थुप्रै धवलागिरि अञ्चलमा जन्मी विभिन्न क्षेत्रमा छरिएका प्रतिभाहरूले विभिन्न विधामा आफ्ना सिर्जना मार्फत नेपाली साहित्यको श्रीवृद्धिमा टेवा पुऱ्याइरहेको छन ।

---

[घढ] ऐजन, पृ. १३० ।

### २.२.५ निष्कर्ष

यसरी समग्र रूपमा हेर्दा नेपाली साहित्यको पृष्ठभूमिकालदेखि आधुनिक कालसम्मका प्रत्येक काल खण्डमा धवलागिरि अञ्चलबाट पद्य र गद्य दुवै विधामा क्रियाशीलता रहेको पाइन्छ । विभिन्न प्रतिभाहरूको जन्म हुनु र केही प्रतिभाहरूले राष्ट्रिय स्तरमा समेत उच्च स्थान प्राप्त गर्न सक्नु धवलागिरिको महत्त्वपूर्ण भूमिका छ भन्ने कुराको प्रमाणका रूपमा लिन सकिन्छ । तसर्थ धवलागिरि अञ्चलबाट विभिन्न प्रतिभाहरूले नेपाली भाषामा गरेका साहित्यिक अभ्यास, योजना र अभियानले नेपाली साहित्यमा योगदान पुगेको र नेपाली साहित्यको श्रीवृद्धिमा धवलागिरिको योगदान पनि उच्च रहेको छ ।

**परिच्छेद-तीन**

# नेपालमा पुरस्कारको ऐतिहासिक परम्परा र परिवेशमा 'धवलागिरि साहित्य प्रतिष्ठान'

## ३.१ नेपालमा पुरस्कारको ऐतिहासिक पृष्ठभूमि

मानवसभ्यताको विकाससँगै मानिसका व्यवहारका आधारमा नियन्त्रण र प्रोत्साहन हेतु दण्ड र पुरस्कारको व्यवस्था भएको पाइन्छ । जसले समाजलाई सन्तुलित र व्यवस्थित गर्न सजिलो बनायो । विकाससँगै दण्डको लागि राज्यले कानुनद्वारा जिम्मा लियो । पुरस्कारको परम्परा राज्यका अलवा जनस्तरबाट पनि थालनी हुँदै गयो । विभिन्न क्षेत्रबाट पुऱ्याएको योगदानको कदर स्वरूप राज्य र जनस्तरबाट पुरस्कार र सम्मान गर्ने परम्परा धेरै पहिले देखि चल्दै आएको पाइन्छ । 'विश्वमा संस्थागत रूपमा पुरस्कारको स्थापना सन् १९०१ को नोवेल पुरस्कारबाट प्रारम्भ भएको देखिए तापनि वर्तमानसम्म अनगिन्ती पुरस्कार स्थापित भइसकेका छन् ।[द्धण] संस्थागत विकासक्रमको ऐतिहासिक सिंहावलोकन गर्दा नेपालमा प्रतिभा, साधक सेवीहरूलाई पुरस्कृत एवम् सम्मानित गर्ने परम्पराको ऐतिहासिक पक्षको थालनी भने त्यति लामो रहेको देखिँदैन । नेपालका विद्वान् विदुषी, कवि, कलाकार एवम् राष्ट्रसेवकहरूलाई सम्मान, कदर र पुरस्कारद्वारा सम्मानित गर्ने परम्परा लिच्छविकाल, मल्लकाल र शाहकालमा समेत गरिँदै आएको भए तापनि संस्थागत रूपमा पुरस्कार साधना तत्वको प्रभावकारिताको सङ्गठनात्मक जमघट भने नेपालमा प्रजातन्त्रको आगमन पश्चात् नै भएको देखिन्छ ।[द्धज्ञ]

नेपालमा वि.सं. २००७ सालमा भएको ऐतिहासिक परिवर्तनबाट प्राप्त स्वतन्त्रताको उपयोग गर्दै राज्यस्तरका साथै जनस्तरबाट पनि विभिन्न सङ्घ संस्था खोल्न थालियो । भाषा, साहित्य, कला, संस्कृति एवम् सङ्गीतको संरक्षण र संवर्द्धन गर्न विभिन्न स्तरबाट खोलिएका पुरस्कार र सम्मानको उल्लेख्य भूमिका रहेको पाइन्छ । सरकारी, गैरसरकारी र निजी स्तरबाट देशको भाषा, साहित्य, कला, सँस्कृति, इतिहास, शिक्षा, खेलकुद, समाजसेवा, चलचित्र, विज्ञानप्रविधि, चिकित्सा क्षेत्रमा सानादेखि ठूला राशि भएका संस्थागत पुरस्कारहरू

---

[द्धण] डिल्लीराम मिश्र, **नेपाली प्रतिभा र पुरस्कार** (काठमाडौँ : श्रीमती सर्मिला मिश्र २०५०), पृ. ५ ।

[द्धज्ञ] ऐजन, पृ. ४ ।

प्रशस्तै स्थापना भइसकेका छन् । विशेषतः संस्थागत पुरस्कार स्थापनाको यो अवधि उल्लेख्य र प्रभावकारी रहेको देखिन्छ ।

सर्वप्रथम संस्थागत रूपमा पुरस्कारको स्थापना गरेर नेवारी भाषाका साहित्यकारहरूलाई प्रोत्साहित गर्ने उद्देश्यले नेपालमा वि.सं. २०१० सालमा पाटनका उद्योगप्रति एवम् समाजसेवी स्वयम्भूलाल श्रेष्ठद्वारा स्थापित 'श्रेष्ठ सिरपा पुरस्कार' नै पहिलो पुरस्कार हो । भाषासाहित्यप्रति छात्रछात्राबीच अभिरुचि गराउने उद्देश्यले ललितपुर निवासी श्रीमती विद्यादेवी आचार्य दीक्षितले २०१२ सालमा एउटा स्थायी गुठीको स्थापना गरी मदन मेमोरियल स्मारक माध्यमिक विद्यालयमा 'विद्या पुरस्कार'को स्थापना गरेकी हुन् ।[द्दद] उपत्यकाका माध्यमिक विद्यालयबीच निबन्ध प्रत्योगिता गरी पुरस्कार प्रदान गरिँदै आएको उक्त पुरस्कार हालसम्म पनि निरन्तर र नियमित रूपमा प्रदान गरिँदै आएको छ । प्रारम्भमा एकसय बीस रहेको विद्या पुरस्कारको राशि अहिले पाँच हजार पुगेको छ ।[द्दघ] त्यसरी नै भाषा, साहित्य, कला, संस्कृति, इतिहास र ज्ञान विज्ञानका क्षेत्रका प्रतिभा साधकहरूलाई सम्मान गर्ने उद्देश्यले २०१२ सालमा 'मदन पुरस्कार गुठी'को स्थापना गरियो । नेपाली पुरस्कारको इतिहासमा यसले प्रभावकारी भूमिका निर्वाह गर्दै आएको छ ।[द्दद्ध] "आफ्ना स्वर्गीय स्वामी मदनशमशेर जङ्गबहादुर राणाको पुण्यस्मृतिमा रानी जगदम्बाकुमारीबाट स्थापना भएको सो पुरस्कार वि.सं. २०१३ सालदेखि 'मदनपुरस्कार' नामबाट प्रत्येक वर्ष प्रदान गरिँदै आएको छ । यो पुरस्कार निजीस्तरबाट साहित्यकारहरूको सम्मानको लागि स्थापना गरिएको नेपालकै पहिलो ख्यातिप्राप्त सम्मान हो ।[द्दछ]

वि.सं. २०१४ सालमा नेपाल ऐकेडेमीको जन्म भएपछि सरकारी स्तरबाट २०१६ सालमा स्थापित त्रिभुवन पुरस्कार र इन्द्रराज्यलक्ष्मी पुरस्कारले प्राज्ञिक एवम् वाङ्मय क्षेत्रलाई बढी प्रभावकारी र उत्साहित बनायो । त्यस्तै २०१८ सालदेखि रेडियो नेपालले आधुनिक गीत प्रत्योगिताको सम्मेलन गरी कलाकारलाई पुरस्कार प्रदान गर्ने राम्रो कार्यको थालनी गरेको थियो भने २०२० सालमा 'रत्नश्री पदक' र २०२२ मा कविता उत्सव प्रत्योगिता

---

[द्दद] ऐजन पृ.९ ।

[द्दघ] ऐजन ।

[द्दद्ध] ऐजन ।

[द्दछ] प्रेम छोटा, 'नेपालमा स्थापित पुरस्कारहरूको संस्थागत विकास' **समकालीन साहित्य**, (वर्ष ४ पूर्णाङ्क १, कार्तिक, पुस २०५१) पृ. ८ ।

पुरस्कारका स्थापना गरियो । २०२६ मा साझा प्रकाशनबाट साझा पुरस्कार स्थापना पनि भयो ।[द्धट]त्यस्तै काठमाडौं उपत्यकामा विद्यार्थीहरूबीच सर्वाङ्गीण विकास होस् भन्नाका खातिर राणा प्रधानमन्त्री श्री ३ पद्मशम्शेरकी रानी कमलादेवीबाट २०२६ सालमा कमला पुरस्कारको स्थापना गरिएको हो ।[द्धठ]

त्यसैगरी गैरसरकारी स्तरमा २०३१ सालमा 'गुणराज पुरस्कार' र गुणराज व्याख्यान पुरस्कार सहित सोही साल नेपाल प्रज्ञा प्रतिष्ठानअन्तर्गत पृथ्वीप्रज्ञा पुरस्कार, महेन्द्र प्रज्ञा पुरस्कार, वीरेन्द अलङ्कार स्थापना भए भने २०६१ सालको त्रिभुवन पुरस्कार र इन्द्रराज्यलक्ष्मी पुरस्कारलाई पनि प्रज्ञा पुरस्कारअन्तर्गत समावेश गरियो । नेपाली लोकसाहित्यको प्रबर्द्धनमा योगदान पुगोस् भन्नाको खातिर २०३२ सालमा साझा प्रकाशनमा 'लोकसाहित्य पुरस्कार' स्थापना गरियो भने २०३३ मा नाटक महोत्सव पुरस्कार र २०३४ मा रत्नश्रेष्ठ पुरस्कार र सोही वर्षदेखि प्रज्ञा भवनमा गाईजात्रा महोत्सव राष्ट्रिय एवम् क्षेत्रीय शील्ड एवम् नगद पुरस्कारको व्यवस्था गरियो । वि.सं. २०३८ मा मैनाली कथा पुरस्कार, झपट पुरस्कार श्रीपुरस्कार, तथा २०३९ मा लाकौल पुरस्कार, सैनध्वज नन्दकुमारी पुरस्कार, प्रतिभा पुरस्कार, सर्वनाम पुरस्कार व्यथित काव्य पुरस्कार, छिन्नलता गीत पुरस्कार, गुणराज संगीत पुरस्कार, मानवअधिकार पुरस्कार, मुस्याचु पुरस्कार, रत्न रेकर्ड पुरस्कार र २०४० मा पत्रकारिता जगत्को पहिलो पुरस्कार 'प्रेस काउन्सिल पुरस्कार'को स्थापना भयो ।[द्धड]

पुरस्कार स्थापनाको क्रमको लहर राजधानीबाट मोफसलतिर पनि फाट्टफुट्ट प्रारम्भ हुने सङ्केतहरू देखिन थालेको पाइन्छ । पुरस्कार स्थापनाकै क्रममा २०४१ मा भवानी साहित्यिक पत्रकारिता पुरस्कार, हर्ष पुरस्कार, 'धवलागिरि साहित्य पुरस्कार'हरू स्थापना भए ।[द्धढ]

नेपाली साहित्यमा उच्चकोटीका ग्रन्थको सृजनाद्वारा साहित्य भण्डार बढाउने उद्देश्यले राजधानीबाहिर काजीरोशनमा वि.सं. २०४१ साल असोज १० गते घटस्थापनाको दिन हालको 'धवलागिरि साहित्य प्रतिष्ठान' 'धवलागिरि साहित्य पुरस्कार'को नाममा स्थापना

[द्धट] डिल्लीराम मिश्र, पूर्ववत् पृ. १० ।

[द्धठ] ऐजन ।

[द्धड] ऐजन ।

[द्धढ] ऐजन ।

भएको थियो । स्थापना वि.सं. २०४१ सालदेखि २०५३ सम्म धवलागिरि अञ्चल स्तरीय र २०५४ सालदेखि आफ्नो योजना र उद्देश्यको विस्तार गरी प्रतिष्ठानले राष्ट्रिय स्तरमै पुरस्कार प्रदान गर्दै आएको छ । त्यस्तै रचनात्मक साहित्यिक क्रियाकलाप एवम् अभियानमार्फत प्रतिष्ठानले पुऱ्याएको योगदान महत्त्वपूर्ण देखिन्छ । राज्य एवम् जनस्तरबाट स्थापित पुरस्कारहरू राजधानीमा केन्द्रित तत्कालीन अवस्थामा काठमाडौंबाहिर स्थानीयस्तरमा स्थापित भएर पनि 'धवलागिरि साहित्य प्रतिष्ठान' समयको गतिसँगै अगाडि बढी नेपाली साहित्यको श्रीवृद्धिमा थप टेवा पुऱ्याउन क्रियाशील देखिन्छ ।

## ३.२ तत्कालीन परिवेश, धवलागिरिको संस्थागत परम्परा र प्रतिष्ठान

### ३.२.१ तत्कालीन परिवेश र धवलागिरिको संस्थागत परम्परा

तत्कालीन समयावधिमा राजधानी काठमाडौंमा साहित्यिक पुरस्कारहरू स्थापनाको लहर चलिरहेको थियो । साहित्यिक पत्रकार सङ्घले पनि साहित्यिक क्षेत्रमा राम्रो सक्रियता अपनाएको थियो । नेपाली साहित्यका स्तम्भहरू सिद्धिचरण श्रेष्ठ, गोपालप्रंसाद रिमाल, भवानी भिक्षु, भीमनिधि तिवारी, बालकृष्ण सम, केदारमान व्यथित, कमल दीक्षित कृष्णचन्द्रसिंह प्रधान, माधव घिमिरे लगायतका धेरै साहित्यकारहरू जुर्मुराएको अवस्थामा थियो । राजधानीबाहिर साहित्यिक सङ्घ संस्था फाट्टफुट्ट खोलिन थालिएको अवस्था थियो । यही परिवेशमा नेपाली साहित्यमा धवलागिरि क्षेत्रबाट पनि टेवा पुऱ्याउने उद्देश्य र उत्प्रेरणा स्वरूप 'धवलागिरि साहित्य प्रतिष्ठान' (तत्कालीन 'धवलागिरि साहित्य पुरस्कार प्रतिष्ठान') को स्थापना गरिएको थियो ।[छण]

धवलागिरि अञ्चल भौगोलिक बनावटले विकट र दुर्गम भए तापनि यस क्षेत्रमा शिक्षा र ज्ञानको परम्परा पौराणिक युगदेखि नै सुरु भएको पाइन्छ । धवलागिरि अञ्चललाई लोकगीत र लोकसंस्कृतिको केन्द्र मानिन्छ । यस कुराको प्रमाण वि.सं. १८७४ सालतिर गोर्खा अङ्ग्रेज युद्धपछि यस अञ्चलको काजीरोशन जिल्लाको राङ्खानी गाउँ विकास र बलेवा नेपालनेलाई लिन सकिन्छ । यी दुई ठाउँहरूलाई झ्याउरे गीतको लय र बोलको उद्गम स्थल मानिन्छ ।[छज्ञ]

---

[छण] प्रतिष्ठानका संस्थापक काजीरोशनबाट प्राप्त जानाकारीअनुसार ।

[छज्ञ] कालिभक्त पन्त, **गीत सुधारको राष्ट्रिय बाटो** (पर्वत, २०३३), पृ. ४१ ।

बाग्लुङ राङ्खानी निवासी लोकसाहित्य 'झ्याउरे गीत' का पहिला प्रेरक 'गोऱ्या सिरस' (१८५३-१९५०) र 'मानवीर खत्री' वि.सं. १८७१ मध्ये गोऱ्या सिरसका भदा नरजीत श्रीस र उनकी दिदीले सर्वप्रथम 'हाइ गोरी र सालाजु' झ्याउरे लोकगीत गाएका थिए ।[छद्द] लोक सभ्यताको क्षेत्रमा मात्र होइन शिक्षा र ज्ञानको परम्परा पनि धवलागिरि अञ्चलमा पौराणिक युगदेखि नै सुरु भएको देखिन्छ । प्राचीन कालदेखि नै धवलागिरिको पर्वत पाङ् ज्योतिष शास्त्रमा प्रसिद्धि प्राप्त गरेको थलोको रूपमा चिनिन्छ । तद्अनुरूप पाङमा ज्योतिष विद्या पढ्ने र पढाउने परम्परा अद्यावधि निरन्तर रूपमा कायम रहिआएको छ । यस सन्दर्भमा मूलपानीका श्रीदत्त पन्त र उनका समकालीन नेपालमा आधिकारिक रूपमा पात्रो तयार पार्ने पहिलो व्यक्ति पं. ज्योतिषि छायादत्त पन्तको नाउँ उल्लेख्य छ ।[छघ]

धवलागिरि शैक्षिक इतिहास हेर्ने हो भने पनि संवत् १९७६ पुस ९ गते काजीरोशनमा भाषा पाठशालाको स्थापना, वि.सं १९९७ सालमा विद्यामन्दिर घरेलु प्राथमिक विद्यालयको स्थापना भएको पाइन्छ भने २००८ सालमा विद्यामन्दिर मिडिया स्कुलमा परिणत हुँदै विकसित भएको थियो र संभवत यो जनस्तरबाट स्थापित नेपालको प्रथम माध्यमिक विद्यालय थियो । उक्त विद्यालय वि.सं. २०११ सालमा विद्यामन्दिर हाइस्कुलमा परिणत भएको थियो । सोही हाताभित्र विद्यालयको कक्षाभित्र वि.सं. २००३ सालमा विद्यामन्दिर पुस्तकालयको स्थापना भएको पाइन्छ ।

वि.सं २००७ सालको राजनैतिक परिवर्तन पश्चात् भने देशका अन्य स्थानका साथै यस क्षेत्रमा पनि कैयौं विद्याध्ययन संस्थाहरू स्थापित हुन पुगे ।[छद्ध] साहित्यिक रचना र जागरुक हिसाबले धवलागिरिको लामो पृष्ठभूमि रहेको भए तापनि धवलागिरिको संस्थागत इतिहासलाई हेर्ने हो भने साहित्यिक संस्थाको स्थापनाको परम्परा केही ढिलो देखिन्छ । काजीरोशन बजारका तत्कालीन युवाहरूको सक्रियतामा वि.सं. २०१७ सालमा 'सरोज सुधा सङ्घ' नामक एउटा साहित्यक सङ्घको स्थापना भएको पाइन्छ । त्यस्तै नेपाल प्रज्ञा, प्रतिष्ठानद्वारा अनुदान प्राप्त भएको 'नेपाल साहित्यकार सम्पर्क' समिति नामक साहित्यिक संस्थाको स्थापना काजीरोशनमा ओमकारप्रसाद गौचनको सक्रियतामा वि.सं. २०२३ सालमा

---

[छद्द] दिनबहादुर थापा, **बागलुङ जिल्लामा प्रचलित झाम्रे लोकगीतको सर्वेक्षण र अध्ययन** २०५३ (अप्रकाशित)

[छघ] प्रेम छोटा, (सम्पा.) पूर्ववत्, पृ. ९ ।

[छद्ध] प्रेम छोटा (सम्पा.) **धवलागिरिका पुरस्कृत कृति र विहङ्गम दृष्टि** (बागलुङः दीप अमृत प्रकाशन २०५५) पृ. ५ ।

भएको थियो । त्यस्तै विसं २०२४/०२५ सालमा नेपाली साहित्य संस्थानको स्थापना भएको देखिन्छ ।

साहित्यिक जागरणका रूपमा देखिएका हस्तलिखित पत्रिकाहरू सही बाटो (२००२) **मञ्जरी** (२०१४), **ज्योति** (२०१५), **सरोज** (२०१७), **आँकुरो** (२०१८) **धवलागिरि** (२०१७), बाट विकसित हुँदै मुद्रणको युग सम्म आएको देखिन्छ । मुद्रणको प्रारम्भसँगै ज्योति (२०२०), **नव प्रकाश** (२०२०), **धवलागिरि** (२०२१), **सरोज** (२०२२), **मुनो** (२०२२) **कोसेली** (२०२३), **आजभोलि** (२०२४), **नयाँसीप** (२०२८), **करुण** (२०२८), **किरण** (२०२९), **निर्झर** (२०२९) **नवबालक** (२०३०) जस्ता पत्रिकाहरू प्रकाशित भएको पाइन्छन् । प्रकाशन वा संस्थागत हिसाबले भएका सम्पूर्ण प्रयासहरू उल्लेख्य रहे तापनि केही संस्था र पत्रिकाबाहेक धेरै जसोको लामो प्रयोग र प्रभाव हुन् सकेको देखिँदैन ।

दीर्घकालीन प्रक्रिया, प्रयोजन र प्रभावका दृष्टिले हेर्दा वि.सं.२०३४ सालमा रत्नश्रेष्ठ पुरस्कार गुठी र वि.सं. २०४१ सालमा **धवलागिरि साहित्य प्रतिष्ठान** (तत्कालीन **धवलागिरि साहित्य पुरस्कार प्रतिष्ठान**) स्थापना भएपछि धवलागिरिको साहित्यिक गतिविधिले राष्ट्रिय स्तरमै महत्त्वपूर्ण भूमिका खेल्न सकेको देखिन्छ । तसर्थ स्थापना र योगदानका हिसाबले यी संस्थाहरू राजधानी बाहिरका पहिला, उच्च र गरिमा युक्त हुन् भन्न सकिन्छ ।[छछ] विशेष गरी **धवलागिरि साहित्य प्रतिष्ठान**ले नेपालको पश्चिमी भेगका साहित्यिक सङ्घ/संस्थाहरूमा उल्लेखनीय भूमिका निर्वाह गर्दै आएको छ ।[छट] धवलागिरि अञ्चलका साहित्यकारहरूलाई समेट्ने उद्देश्यले २०४१ मा जन्मेको प्रतिष्ठानले विभिन्न रचनात्मक साहित्यिक क्रियाकलापहरूका माध्यमबाट दर्जनौं युवाकविहरू जन्माइ सकेको छ ।[छठ]

### ३.२.२ धवलागिरि साहित्य प्रतिष्ठान स्थापनाको प्रयास र जन्म

नेपाली साहित्यमा उच्चकोटीका ग्रन्थहरूको सृजनाद्वारा साहित्य भण्डार बढाउँदै नेपाली भाषा, साहित्य, कला र संस्कृतिको उत्थानमा सहयोग पुऱ्याउने हेतु **धवलागिरि साहित्य प्रतिष्ठान** (तत्कालीन **धवलागिरि साहित्य पुरस्कार प्रतिष्ठान**) को स्थापना त्यस्तै

---

[छछ] विभिन्न सन्दर्भमा प्रकाशित लेख- रचना र पुस्तकालयमा रहेका विभिन्न स्रोतहरूबाट ।

[छट] नेपाली शिक्षा परिषदका सदस्य सचिव रमा शर्माद्वारा **गोपाल पाण्डे 'असीम' पुरस्कार प्रतिष्ठान**लाई प्रदान गर्दा प्रस्तुत गरिएको उक्त संस्थाको परिचयबाट प्राप्त जानाकारी ।

[छठ] डिल्लीराम मिश्र, पूर्ववत् पृ., १९६ ।

उर्जाशील व्यक्तित्व काजीरोशनबाट भएको हो । काजीरोशनको आफ्नो निजी व्यक्तित्व, इच्छा र शक्तिलाई संस्थागत रूप दिने प्रयास स्वरूप प्रतिष्ठानको स्थापना भएको पाइन्छ ।

२०४१ साल साउन ६ गते विष्णु शेरचनको अध्यक्षतामा बसेको भेलाले बालकृष्ण नेभाको संयोजकत्वमा तीन सदस्यीय विधान निर्माण समिति गठन गरेको थियो । **धवलागिरि साहित्य पुरस्कार प्रतिष्ठान** नामकरण गरिएको उक्त संस्थाको तदर्थ समितिको गठन साउन २० गते गरिएको थियो । सो समितिमा काजीरोशन, श्यामश्रेष्ठ, बालकृष्ण नेभा, चन्द्रनरसिंह र प्रेमछोटा रहनु भएको थियो । ०४१ भदौ ७ गतेको साधारण सभाले विधान मस्यौदा समितिले प्रस्तुत गरेको विधान स्वीकृत गरेको थियो ।[छड]

जिल्ला प्रशासन कार्यालय काजीरोशनमा वि.सं. २०४१ असोज ८ गते दर्ता नं. ६ मा विधिवत् प्रतिष्ठानको पञ्जिकृत भएको पाइन्छ ।[छढ]यसलाई सञ्चालन गर्न २०४१ साल असोज ९ गते नेपाल बैंक लिमिटेड बाग्लुङको मुद्धति हिसाब खातामा संस्थापक द्वय काजीरोशन र श्याम श्रेष्ठबाट रु ११,०००।- (एघार हजार) मूलधनको रूपमा जम्मा भएको थियो ।[टण] प्रतिष्ठानको विधिवत उद्घाटन ०४१ साल असोज १० गते घटस्थापनाको दिन तत्कालीन काजीरोशनका प्र.जि.अ. युवराज शर्मा गौतमबाट विद्यामन्दिर पुस्तकालयको हलमा भएको थियो र संस्थापक द्वय काजीरोशन र श्याम श्रेष्ठबाट प्रदान गरिएको रु ११,०००।- (एघार हजार) रूपैयाँको बैंक डिपोजिट रसिद प्र.जि.अ. गौतमलाई संस्थाका संस्थापक अध्यक्ष काजीरोशनबाट प्रदान गरिएको थियो ।[टञ]

यसरी नेपाली भाषा र साहित्यको संरक्षण र संबर्द्धनका लागि वि.सं. २०४१ साल असोज १० गते घटस्थापनाका दिन प्रतिष्ठानको विधिवत् जन्म भएको थियो ।

### ३.२.३ उद्देश्य

कुनै पनि यात्रा उद्देश्य विनाको छ भने सफल हुन सक्दैन । उद्देश्य लिएर प्रारम्भ भएको गति नै गन्तव्यमा पुग्न सक्दछ । नेपाली भाषा, साहित्य र संस्कृतिको संरक्षण एवम्

[छड] 'धवलागिरि साहित्य प्रतिष्ठान'को कार्यालयमा सुरक्षित निर्णय पुस्तिकाकाअनुसार ।

[छढ] प्रतिष्ठानको दर्ता प्रमाण पत्रअनुसार ।

[टण] बैंक डिपोजिट रसिदअनुसार ।

[टञ] **नवजागरण समाचार पत्रिका** भाद्र प्रकाशित समाचारको कुटङअनुसार ।

संवर्द्धन हेतु स्थापना भएको प्रतिष्ठानले आफ्नो उद्देश्य विधानमार्फत व्यवस्थित र नियमित गर्दै लगेको देखिन्छ । विशेषतः नेपाली साहित्यमा उच्चकोटीका ग्रन्थको सिर्जनाद्वारा साहित्य भण्डार बढाई योगदान पुऱ्याउने मुख्य उद्देश्य रहेको पाइन्छ ।[टद्द] प्रस्तुत उद्देश्य पूर्तिका लागि यो प्रतिष्ठानले नेपाली भाषामा लेखिएका तर प्रकाशित हुन नसकेका पुरस्कार योग्य साहित्यिक मौलिक कृतिहरूमध्ये सर्वश्रेष्ठ ठहरिएको पाण्डु लिपिलाई रु ५०००। (पाँच हजार) को एउटै पुरस्कार प्रदान गर्दछ ।[टघ] त्यस्तै विधानको दफा ४ मा पुरस्कृत पुस्तकको प्रकाशनसम्बन्धी व्यवस्था गरिएको छ । पुरस्कृत भएको कृतिलाई प्रतिष्ठान आफैले प्रकाशन गर्छ भने पुरस्कारका निम्ति आह्वान गरिने पुस्तकको परिणाम (पृष्ठ सङ्ख्या) प्रतिष्ठान आफैले तोकेअनुसार हुन्छ ।

सञ्चित मूलधनबाट प्राप्त हुने व्याज रकम मध्येबाट तोकिएअनुसारको पुरस्कार राशि र अन्य मसलन्द खर्च एवम् पुस्तक प्रकाशन खर्चसमेत गरिन्छ । प्रकाशित कृतिको विक्रीबाट प्राप्त हुन आउने रकममध्ये लेखकलाई दिइने रकम छुट्याई बाँकी प्रतिष्ठानको नाममा सञ्चित गरिन्छ । प्रतिष्ठानबाट पुरस्कृत कृतिको मूल्यको १५% रकम विक्रीको अनुपातमा लेखकले पाउने व्यवस्था भएको देखिन्छ । साथै दोस्रो संस्करणका सम्बन्धमा प्रतिष्ठान र लेखक बीचको सम्झौतालाई आधार मानेको छ । [टढ] यसरी आफ्नै विधानमा महत्त्वपूर्ण उद्देश्य बोकेर अगाडि बढेको प्रतिष्ठानले स्थापनादेखि २०५३ सम्म धवलागिरि अञ्चलका कवि र लेखकहरूमध्येका उत्कृष्ट पाण्डुलिपिलाई पुरस्कृत एवम् प्रकाशित गर्ने उद्देश्य बोकेको देखिन्छ भने २०५४ सालदेखि आफ्नो योजना र उद्देश्यको विस्तार गरी राष्ट्रिय स्तरमा पुऱ्याएको पाइन्छ । सुरुमा प्रत्येक ३/३ वर्षमा प्रदान गरिँदै आएको पुरस्कार २०५७ सालदेखि प्रत्येक २/२ वर्षमा प्रदान गरिदै आएको पाइन्छ ।

### ३.२.४ अक्षयकोष (पुँजी)

धवलागिरि अञ्चलबाट समर्पण गरिने पुरस्कारहरूमध्ये प्रतिष्ठानले प्रदान गर्ने पुरस्कार पनि एक हो । वि.सं. २००६ साल श्रावण महिनामा काजीरोशन बजारमा जन्मेका

---

[टद्द] धवलागिरि साहित्य प्रष्ठिनान विधानको दफा ३ मा व्यवस्था भएअनुसार ।

[टघ] ऐजन ।

[टढ] प्रतिष्ठानको विधानको दफा ४ को उपदफा १,२,३,४ र ५ को व्यवस्था अनुसार ।

साहित्यकर्मी काजीरोशनबाट स्थापित प्रतिष्ठानले विभिन्न रचनात्मक साहित्यिक क्रियाकलाप र पुरस्कार प्रदान गरी नेपाली भाषा र साहित्यमा योगदान दिँदै आएको छ । प्रतिष्ठानले आफ्नो उद्देश्य पूर्तिको सिलसिलामा यस प्रतिष्ठानका संस्थापक द्वय काजीरोशन र श्याम श्रेष्ठद्वारा प्रारम्भमा संयुक्त रूपमा राखिएको रु. ११०००।- (एघार हजार) नै यसको सुरु मूलधन हो ।[टछ] प्रारम्भिक उक्त मूलधन र त्यसैमा वृद्धि हुँदै आएको धन समेत मूलधनको रूपमा रहने र त्यो मूलधन कहिल्यै नमासी त्यसबाट प्राप्त आयस्रोतबाट पुरस्कारको व्यवस्था गरिएको पाइन्छ ।[टट] सुरुमा आञ्चलिक पुरस्कारबाट प्रारम्भ भएको 'धवलागिरि साहित्य प्रष्ठिान'को यात्रा २०५४ सालदेखि राष्ट्रिय स्तरमा पुगुन्जेल विधानअनुसार मूलधन पनि वृद्धि हुँदै गएको पाइन्छ । **धवलागिरि साहित्य प्रतिष्ठान**को अक्षयकोषको स्थापना र वृद्धि निम्नबमोजिम भएको पाइन्छ ।

प्रतिष्ठानका संस्थापक द्वय काजीरोशन र श्याम श्रेष्ठबाट राखिएको रू. ११,०००।- ( एघारहजार) प्रतिष्ठानको सुरु मूलधनका रूपमा रहेको छ । उक्त मूलधन कहिल्यै नमासी त्यसबाट प्राप्त आयस्रोतबाट पुरस्कारको व्यवस्था एवम् प्रतिष्ठान सञ्चालन गरिने व्यवस्था विधानमा उल्लेखित छ ।

सुरुका जटिल दिनहरूमा प्रतिष्ठानका संस्थापक अध्यक्ष काजीरोशनले दैनिक रूपमा रु २ (दुई) का दरले प्रतिष्ठानका नाममा चढाएको रूपैयाँ एवम् जागिरे जीवनमा मासिक रूपमा प्राप्त आफ्नो तलबबाट प्रतिष्ठानको नाममा जम्मा गर्दै आएको निश्चित रकम र आफ्नो सेवा निवृत्तिभरणबाट प्राप्त मासिक रकम रु ५००। ( पाँचसय) प्रतिमहिना प्रतिष्ठानको नाउँमा मोतीका दानहरू झै जम्मा गर्दै आएको रकमले पनि प्रतिष्ठानको अक्षयकोष बृद्धिमा महत्त्वपूर्ण भूमिका खेलेको देखिन्छ ।[टठ]

संस्थापक अध्यक्ष काजीरोशनले विभिन्न अवसरमा प्राप्त गरेको क्षेत्रीय एवम् राष्ट्रिय पुरस्कारबाट प्राप्त रकम प्रतिष्ठानलाई प्रदान गर्दै आएको देखिन्छ । काजीरोशनले २०४५ सालमा प्राप्त गर्नु भएको 'युवा वर्ष मोती पुरस्कार' यही संस्थामा समर्पण

---

[टछ] प्रतिष्ठानको विधानको दफा ५ मा उल्लेख भएअनुसार ।

[टट] प्रतिष्ठानको विधानको दफा ६.१ मा उल्लेख भएअनुसार ।

[टठ] संस्थापक अध्यक्ष काजीरोशनबाट प्राप्त जानाकारीअनुसार ।

गर्नु भएको थियो ।[टड]सो पुरस्कारको राशि रू. ७५, ०००। (पचहत्तर हजार) रहेको थियो ।[टढ]

नेपाल शिक्षा परिषद्को ४५ औं वार्षिकोत्सव एवम् भाषा सेवी स्व. गोपाल पाण्डे 'असीम' को ८३ औं जन्मजयन्तीको अवसरमा प्रतिष्ठानलाई पुरस्कृत गर्दै रू.१५ हजारको पुरस्कार राशिप्राप्त भएको थियो ।

प्रतिष्ठानबाट पुरस्कृत कृतिहरूको विक्रीबाट प्राप्त रकमले पनि प्रतिष्ठानको अक्षयकोष वृद्धिमा केही भूमिका लेखको पाइन्छ ।

प्रतिष्ठानको उच्चता र गरिमा अभिवृद्धि गर्दै नेपाली भाषा र साहित्यको सेवाभावले अभिप्रेरित भएर आफन्त, इष्टमित्र, शुभचिन्तकहरूबाट प्राप्त सहयोग र सद्भाव पनि प्रतिष्ठानको अक्षयकोष बृद्धिको एउटा आधार बन्न पुगेको देखिन्छ ।[ठण]

यसरी वि.सं २०४१ सालमा रुः ११०००। (एघार हजार) बाट सुरु भएको प्रतिष्ठानको अक्षयकोष विभिन्न समयमा विभिन्न स्रोतबाट प्राप्त भएको रकम प्रतिष्ठानको अक्षयकोषमा जम्मा हुँदै गएको र हालसम्म अक्षयकोषको रकम २ लाख ५० हजार पुगेको देखिन्छ । प्रतिष्ठानको उद्देश्य एवम् लक्ष्य प्राप्तिका दिशामा प्रतिष्ठानको नियम र निर्णयअनुसार प्रतिष्ठानका क्रियाकलाप सञ्चालनार्थ अक्षयकोषको परिचालन गरेको पाइन्छ ।[ठज्ञ]

### ३.२.५ प्रतिष्ठानको पुरस्कार, प्रावधान र विस्तार

पुरस्कार भनेको कुनै पनि कामको मूल्याङ्कन, सम्मान र उत्प्रेरणा हो । नेपाली वाङ्मयको इतिहास निर्माणमा सर्वाङ्गीण दृष्टिकोणले सम्पूर्ण राष्ट्रलाई समग्रताको कडीले हेर्ने भावनात्मक मर्मको सूत्रपात गर्ने कार्यको जिम्मा यहाँका लेखक प्रतिभा अन्वेषकहरूले लिएका हुन्छन् र देशको गौरव गाथाको रूपमा रहेको साहित्य, कला, संस्कृति इतिहास एवम् ज्ञान, विज्ञान र प्रविधिका कुरा आदिले राष्ट्रियता प्रवर्द्धन गर्नेमा पनि उल्लेखनीय भूमिका

[टड] रमा शर्मा, पूर्ववत् ।

[टढ] **देशान्तर साप्ताहिक** (वर्ष ५, अङ्क ४५, २०४५) ।

[ठण] संस्थापक अध्यक्ष काजीरोशनबाट प्राप्त जानाकारी र प्रतिष्ठानमा रहेका अभिलेखअनुसार ।

[ठज्ञ] प्रतिष्ठानमा रहेका अभिलेखअनुसार ।

खेल्दछन् । आफ्नो सीमित स्रोत र साधनले पुगेसम्म देशको साहित्य, कला र संस्कृतिको संरक्षण एवम् सम्बर्द्धन गर्न सरकारी पक्षले केही प्रयास त गरेकै हुन्छ तर पनि उचित सम्मान, प्रोत्साहन र पुरस्कारद्वारा प्रतिभा फस्टाउने अनुकूल वातावरणको अभावमा त्यस्ता साधकहरूबाट समाज र राष्ट्रले आशा गरेजस्तो उपलब्धि पाउने भने सम्भावना हुँदैन । त्यसकारण यिनै वाङ्मय साधक तत्वको संस्थागत विकास गर्दै यसमा साधनाबाट प्रतिभाहरूलाई सम्मान, प्रोत्साहन र पुस्कृत गर्ने उद्देश्यले नेपालमा विगत पाँच दशकदेखि यस क्षेत्रमा साना ठूला गरी प्रशस्तै पुरस्कारहरू स्थापना भइसकेका छन । यस युगमा पुरस्कारको प्रतिस्पर्धाले ठूलो महत्त्व राख्दछ ।[८६]

यसको महत्त्वलाई आत्मसात गर्दै काजीरोशनले नेपाली साहित्यमा उच्च कोटीका ग्रन्थको सृजनाद्वारा साहित्यभण्डार बढाउने दिशामा योगदान पुऱ्याउने मुख्य उद्देश्यले वि.सं. २०४१ सालमा प्रतिष्ठानको स्थापना गरेको पाइन्छ । प्रतिष्ठानको नियम र निर्णयअनुसार पाण्डुलिपिको आह्वान गरी विज्ञ/विद्वान्हरूको एक छनौट समितिद्वारा प्राप्त पाण्डुलिपि मध्येबाट उत्कृष्ट छानिएको कृतिलाई पुरस्कृत एवम् प्रकाशित गर्ने प्रावधान रहेको पाइन्छ । स्थापना कालदेखि २०५३ सालसम्म धवलागिरि अञ्चलभित्रबाट प्राप्त पाण्डुलिपिहरूमध्ये सर्वश्रेष्ठ ठहरिएको पाण्डुलिपिलाई पुरस्कृत र प्रकाशनका साथै नगद रु १००१ पुरस्कार प्रदान गर्ने लक्ष्यका साथ प्रतिष्ठानको स्थापना भएको थियो । समयसँगै विभिन्न स्रोतहरूबाट अक्षयकोषमा वृद्धि हुँदै गएपछि प्रतिष्ठानको पुरस्कार राशिको पनि विस्तार हुँदै गएको पाइन्छ । २०५४ सालबाट राष्ट्रिय स्तरमा पुरस्कार प्रदान गर्दै आएको प्रतिष्ठानले २०५३ सालमा एक वर्ष मात्र रु २५००।- नगद प्रदान गरेको र पाँचौ पुरस्कार २०५६ सालदेखि पुनः पुरस्कार राशिलाई बृद्धि गरी रु ५,०००। (पाँच हजार)प्रदान गर्दै आएको छ । पुरस्कार राशि जेजति भए तापनि प्रकाशित नै हुन नसकेका पाण्डुलिपिलाई पुरस्कृत र प्रकाशित गर्ने कार्य आफैमा उच्च मूल्यवान् र गरिमामय छ भन्न सकिन्छ ।

### ३.२.६ धवलागिरि साहित्य प्रतिष्ठान र काजीरोशन साहित्य पुरस्कार

वि.सं.२०४१ सालमा **धवलागिरि साहित्य पुरस्कार प्रतिष्ठान**को नाममा स्थापना भएकोमा २०५० साल बैशाख ११ गतेको प्रतिष्ठानको साधारण सभाले सहमतिका आधारमा

[८६] डिल्लीराम मिश्र, **नेपाली प्रतिभा पुरस्कार,** पूर्ववत् पृ. ६ र ७।

विधानको धारा (१) मा धवलागिरि साहित्य पुरस्कार भन्ने वाक्यांशलाई संशोधन गरी 'काजीरोशन साहित्य पुरस्कार' भन्ने शब्द राख्ने व्यवस्था गरिएको पाइन्छ । त्यस्तै २०५५ सालको विशेष साधारण सभाले यस प्रतिष्ठानको काम पुरस्कार प्रदान गर्नुका साथै साहित्यसम्बन्धी विविध क्रियाकलाप गर्नुसमेत रहदै आएकोले प्रतिष्ठानको दायरा फराकिलो पार्ने उद्देश्यले विधानको धारा (१) को प्रतिष्ठानको नामसम्बन्धी व्यवस्था संशोधन गरी पुरस्कार भन्ने शब्दलाई हटाई संस्थाको नाम 'धवलागिरि साहित्य प्रतिष्ठान' मात्र कायम गरेको पाइन्छ ।[ठघ]

साहित्यिक क्रियाकलापलाई चुस्त बनाउन एकातर्फ धवलागिरि साहित्य प्रतिष्ठान अर्कातर्फ काजीरोशन साहित्य पुरस्कार क्रियाशील छन् । साहित्य प्रतिष्ठान एउटा साहित्यिक संस्था हो भने काजीरोशन साहित्य पुरस्कार प्रतिष्ठानकै मातहतमा सञ्चालित एउटा साहित्यिक पुरस्कार हो । प्रतिष्ठानले नेपाली साहित्यको श्रीवृद्धिमा योगदान पुऱ्याउन विभिन्न रचनात्मक साहित्यिक क्रियाकलाप सञ्चालन गर्नुका साथै प्रत्येक २/२ वर्षमा राष्ट्रिय स्तरमा 'काजीरोशन साहित्य पुरस्कार' प्रदान गर्दै आएको पाइन्छ । तसर्थ **'धवलागिरि साहित्य प्रतिष्ठान**को अभिन्न अङ्गको रूपमा 'काजीरोशन साहित्य पुरस्कार' रहँदै आएको छ । यो नै यी दुई बीचको अन्तरसम्बन्ध हो ।

### ३.२.७ पुरस्कारको क्षेत्र विस्तार

नेपाली साहित्यमा उच्च कोटिका ग्रन्थको सृजनाद्वारा साहित्यभण्डार बढाउने दिशामा योगदान पुऱ्याउने उद्देश्यका खातिर स्थापित प्रतिष्ठानले प्रारम्भ २०४१ सालदेखि २०५३ सम्म धवलागिरि अञ्चललाई नै आफ्नो सीमाका रूपमा लिएको पाइन्छ । यस समयमा धवलागिरिका सर्वोत्कृष्ट पाण्डुलिपिहरूलाई पुरस्कृत एवम् प्रकाशित गर्दै आएको पाइन्छ । सुरुमा अञ्चलस्तरमा मात्र सीमित उक्त पुरस्कार वि.सं.२०५३ सालदेखि राष्ट्रिय पुरस्कारको रूपमा विस्तार भई सम्पूर्ण नेपालका कवि लेखक र तिनका पाण्डुलिपि कृतिहरूलाई समावेश गरिँदै आएको पाइन्छ ।[ठद्ध]

---

[ठघ] प्रतिष्ठानका निर्णय पुस्तिका लगायतका अभिलेखअनुसार ।

[ठद्ध] **कान्तिपुर**, 'साहित्य पुरस्कारको विस्तार', (२०५३ । ११। ८) ।

वि.सं. २०४१ देखि २०५३ सम्म अञ्चलका ४ ओटा पाण्डुलिपिहरूलाई पुरस्कृत एवम् प्रकाशित गरेको प्रतिष्ठानले आफ्नो क्षेत्र विस्तार गरेपछि राष्ट्रिय स्तरमा पनि वि.सं. २०६४ सम्म ५ ओटा कृतिलाई पुरस्कृत गरिसकेको छ । [ठछ]

यसरी प्रारम्भमा धवलागिरिलाई सीमा बनाएको प्रतिष्ठानले पछिल्ला वर्षहरूमा राष्ट्रिय स्तरमा समेत आफ्नो क्षेत्र विस्तार गरी नेपाली भाषासाहित्यको श्रीवृद्धिमा टेवा पुऱ्याएको देखिन्छ ।

### ३.२.८ पुरस्कारको समयावधि परिवर्तन

प्रतिष्ठानले प्रारम्भमा ३ वर्षको एक पटक नेपाली भाषामा लेखिएका तर प्रकाशित हुन नसकेका पुरस्कार योग्य मौलिक साहित्यिक कृति मध्येको सर्वश्रेष्ठ ठहरिएको ग्रन्थरूप पाण्डुलिपिलाई पुरस्कृत र प्रकाशन गर्ने लक्ष्य लिएको थियो । वि.सं. २०४१ देखि २०५६ सम्मको प्रतिष्ठानको यात्रा पछि वि.सं. २०५७ असोज १० गतेको निर्णयअनुसार प्रतिष्ठानले प्रदान गर्दै आएको 'काजीरोशन साहित्य पुरस्कार', प्रत्येक २/२ वर्षमा प्रदान गर्ने गरी समयावधिमा परिवर्तन भएको पाइन्छ ।[ठट]

### ३.२.९ प्रतिष्ठानका संस्थापक अध्यक्ष काजीरोशनको संक्षिप्त परिचय

काजीरोशन नेपाली साहित्यका क्षेत्रमा कवि, निबन्धकार जीवनीकार तथा सम्पादकका रूपमा सुपरिचित नाम हो । खासगरी धवलागिरि अञ्चलको साहित्यिक वातावरणको निर्माण गर्ने साहित्यकारका रूपमा उनी नेपाली समाजमा आदरणीय र स्थापित छन् । वि.सं. २०४१ मा **धवलागिरि साहित्य प्रतिष्ठान**को स्थापना गरी काजीरोशनले स्थानीय स्रष्टाहरूका निम्ति वातावरण बनाएर साहित्य सिर्जना गर्न धेरैलाई प्रेरित गरेका छन् । नेपाली साहित्यको क्षेत्रीय तथा राष्ट्रिय इतिहासको रेखाङ्कन गर्दा उनको महत्त्वपूर्ण भूमिका रहेको छ । रोशनको जन्मको सम्बन्धमा भीष्मराज पौड्यालले 'काजीरोशनको जीवनी, व्यक्तित्व र कृतित्व' नामक शोधमा उनको जन्ममिति वि.सं. २००६ श्रावण २३ गते उल्लेख गरे तापनि काजीरोशन स्वयम्बाट प्राप्त जानकारी र अन्य प्रमाणको

---

[ठछ] प्रतिष्ठानमा संरक्षित विभिन्न अभिलेखबाट प्राप्त जानकारीअनुसार ।

[ठट] प्रतिष्ठानको निर्णय पुस्तिकाअनुसार ।

आधारमा उनको जन्म वि.सं. २००६ कार्तिक २ गते काजीरोशन जिल्लाअन्तर्गत कालिका गा.वि.स. वडा नं. ४ (हाल काजीरोशन नगरपालिका वडा नं. ३) काजीरोशन बजारमा भएको हो ।[ठठ] रोशनको पिताको नाम भमरजङ राजभण्डारी र माताको नाम हरिलक्ष्मी राजभण्डारी हो ।[ठड]

वि.सं. २०२१ सालमा विद्यामन्दिर हाइस्कुल, काजीरोशनबाट सार्वजनिक भएको 'ज्योति' पत्रिकामा 'काजीरोशन छाडेपछि' नामक कवितामार्फत साहित्यको सार्वजनिक यात्रा प्रारम्भ गरेको भए तापनि २०१५/०१६ सालदेखि नै लेखन क्रियाकलापमा अभ्यास गर्दै आएको देखिन्छ । साहित्य र साहित्यत्तर दुवै लेखनमा क्रियाशील रोशनले स्नातक तहसम्मको अध्ययन पूरा गरेका छन् ।[ठढ]जन्म कुण्डली र नागरिताको प्रमाणपत्रमा काजीरोशन राजभण्डारी भए तापनि साहित्य लेखन प्रारम्भ गरेपछि सूर्यको कान्तिबाट प्रेरणा ग्रहण गरेर आफू पनि त्यस्तै प्रकाशवान् र उज्यालो पुञ्ज बन्ने अभिलाषा राखी सूर्यको कान्ति बुझाउने शब्द 'रोशन' काजी नामका पछाडि जोडेको देखिन्छ ।[डण]रोशनमा शिक्षक व्यक्तित्व, कर्मचारी व्यक्तित्व, भ्रमणशील व्यक्तित्व, सामाजिक व्यक्तित्व रहेको भए तापनि साहित्यिक व्यक्तित्वको स्थान उच्च रहेको देखिन्छ । साहित्यिक व्यक्तित्वभित्र पनि यात्रा निबन्धकार, व्यक्तित्व, कथाकार व्यक्तित्व, समालोचक व्यक्तित्व, जीवनीकार व्यक्तित्व, सम्पादक व्यक्तित्व, विशेष उल्लेख्य र महत्त्वपूर्ण देखिन्छन् भने संस्थापक व्यक्तित्वको उच्चतालाई पनि 'धवलागिरि साहित्य प्रतिष्ठान'को स्थापना, संरक्षण र संवर्द्धनको भूमिकाले प्रमाणित गरेको पाइन्छ ।[डञ]

साहित्यकार रोशनका **हिमश्रृङ्खलाबाट** (कविता यात्रा) २०३५, **मानसरोवरमा डुबुल्की मार्दा** (विविध) २०३५, **संझनाको गोरेटोमा मोहनबहादुर मल्ल** (संस्मरण) २०३६, **चारो टिप्न गएका वस्तीहरू** (नियात्रा) २०६०, **एम्बुस, देश र फूलदानीहरू** (कविता) २०६२, **कवि, रोगी र नर्स** नियात्रा) २०६३, **एक झुप्पा प्रकाश** (भूमिका) २०६३, **स्रष्टा भेटका**

---

[ठठ] काजीरोशन स्वयम् र अन्यसम्बन्धित प्रमाणहरूबाट प्राप्त जानकारीअनुसार ।

[ठड] ऐजन ।

[ठढ] ऐजन ।

[डण] भीष्मराज पौडेल, 'काजीरोशनको जीवनी, व्यक्तित्व र कृतित्व' अप्रकाशित शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रि.वि. २०५५ ।

[डञ] सम्बन्धित विभिन्न स्रोतको अध्ययनबाट प्राप्त जानाकारीअनुसार ।

**स्वर्णाक्षर** (हस्ताक्षरसङ्ग्रह) (२०६४), **किसान** (कविता) (२०६५) जस्ता कृतिहरू प्रकाशित भइसकेका छन् भने अन्य प्रकाशनको पालोमा रहेका छन् । त्यस्तै पण्डित जगन्नाथ स्मृति ग्रन्थ लगायत एक दर्जनभन्दा बढी अन्य कृतिहरूको सम्पादन गरेको पाइन्छ ।[ङ६] साहित्यमा उल्लेख्य योगदान गरेवापत 'युवावर्ष मोती पुरस्कार' (२०४५), रत्न श्रेष्ठ पुरस्कार (२०३७) लगायतका पुरस्कारले सम्मानित भएको पाइन्छ । करिव डेडदर्जन जति विभिन्न सङ्घ/संस्थाले अभिनन्दन, सम्मान एवम् कदरपत्रहरू प्रदान गरेको देखिन्छ ।[ङघ] २०४५ सालमा प्राप्त 'युवा वर्ष मोती पुरस्कार'को सम्पूर्ण नगद रकम धवलागिरि साहित्य प्रतिष्ठानलाई समर्पण गर्ने यिनी उदार चरित्रका धनी छन् ।

**धवलागिरि साहित्य प्रतिष्ठान**का संस्थापक अध्यक्ष एवम् प्रधान संरक्षक काजीरोशन स्मृति प्रकाशन काजीरोशन लगायतका एक दर्जनभन्दा बढी साहित्यिक एवम् सामाजिक संस्थाहरूसँग आवद्ध भएको पाइन्छ ।[ङढ] रोशन दुर्गममा रहेर पनि नेपाली भाषा र साहित्यको सेवामा सक्रिय रहँदै आएका छन् । **धवलागिरि साहित्य प्रतिष्ठान**का संस्थापक अध्यक्ष रोशन त्यस भेगमा साहित्यिक गतिविधि सञ्चलन गर्न राम्रो योगदान गर्दै आएका छन् । मोतीपुरस्कारबाट सम्मानित् भइसकेका रोशन साहित्यिक लेख रचनाका माध्यमले पनि त्यस भेगलाई उचाल्न प्रयत्नशील देखिन्छन् । रोशन जसरी झोला बोकेर आफ्नो भएको जेथा पनि राष्ट्रिय सेवामा अर्पेर दुर्गम स्थानमा रहेर पनि भाषासाहित्यको सेवागर्ने साहित्यकारहरूलाई उत्साहित गर्ने र दूर्गम स्थानमा साहित्य, कला, संस्कृति र रहनसहनलाई निबन्धका माध्यममा होस् कि यात्राका सिलसिलामा होस उतार्न प्रयत्नशील रहेको पाइन्छ । प्रत्येक जिल्लामा यस्तै सक्रिय साहित्यसेवी भएमा भाषा र साहित्यको सेवामा अझ बढी सक्रियता आउनेछ ।[ङछ]स्तरीय भाषा, गुणात्मक चिन्तन, स्पष्ट अभिव्यक्तिका धनी रोशनका प्राञ्जल भाषाले पाठकहरूको मनमा मोहकता र विचारमा पनि सहजता देखिन्छन् ।[ङट]

---

[ङ६] रोशनका प्रकाशित र सम्पादित कृतिहरूमा उल्लेखित विवरणबाट प्राप्त जानकारीअनुसार ।

[ङघ] प्रतिष्ठानमा संरक्षित अभिलेखबाट प्राप्त जानाकारीअनुसार ।

[ङढ] प्रतिष्ठानमा रहेका अभिलेखबाट प्राप्त जानाकारीअनुसार ।

[ङछ] घटराज भट्टराई, **नेपाली साहित्यकार परिचय** (२०५१) पृ. ५० ।

[ङट] दधिराम सुवेदी, 'भूमिका' काजीरोशन, **कवि रोमी र नर्स** (बागलुङः 'धवलागिरि साहित्य प्रतिष्ठान', २०६३) पृ.छ ।

समग्रमा भन्ने हो भने जिल्ला बालकल्याण समितिदेखि नेपाल भाषा मंका खलः सनातन धर्म सेवा समिति लगायत काजीरोशनका साहित्यिक, सामाजिक अनेकौं विषयका दसौँ/संस्था समितिका अध्यक्ष, सचिव, सदस्य, सल्लाहाकार रहेका काजीरोशन प्रतिष्ठित व्यक्ति हुन् । उनलाई समाजसेवी भन्न पनि सकिन्छ तर समग्रताभित्र चिनाउने उनको केन्द्रीय पहिचान साहित्य नै हो । यसभित्र अवस्थित सृजनशीलता दुर्गम मानिने काजीरोशनमा रहेर पनि वरपरका पहाडी जिल्लाका शिक्षित समुदाय र प्रवुद्धजनमा साहित्यको प्रचार प्रसार गरी उनीहरूमा सिर्जनात्मक चेत र लेखन प्रवर्द्धन गर्न उत्प्रेरित गर्नेहरूमा एक जना अग्रणी उनी हुन् । उनको साङ्गठनिक क्रियाकलापको भूमिका महत्त्वपूर्ण रहेको छ ।[डठ] यसरी **धवलागिरि साहित्य प्रतिष्ठान**का साथै स्थानीयदेखि राष्ट्रिय साहित्यिक एवम् सामाजिक सङ्घ/संस्थामा आवद्ध रहेका रोशनले आफ्नो जन्म थलो काजीरोशनलाई नै मुख्य कर्मथलो बनाई नेपाली भाषा, साहित्य, कला र संस्कृतिको क्षेत्रमा सिर्जनात्मक माध्यमबाट पुऱ्याएको योगदान महत्त्वपूर्ण र गरिमामय छ ।

### ३.२.१० प्रतिष्ठानका संस्थापक सदस्य श्याम श्रेष्ठको संक्षिप्त परिचय

धवलागिरि साहित्य प्रतिष्ठानको संस्थापक सदस्य श्याम श्रेष्ठ एउटा समाजसेवीका रूपमा सुपरिचित व्यक्ति हुन् । उनको न्वारनको नाम 'ओभान्याछे' भए पनि उनी श्याम श्रेष्ठ कै रूपमा परिचित छन् ।[डड] उनको जन्म वि.सं. २००६ मङ्सिर ६ गते विहिबार काजीरोशन नगरपालिका ३, नौबीसे टोलमा भएको हो ।[डढ] स्नातक उत्तीर्ण गरेका श्यामश्रेष्ठको साहित्यिक व्यक्तित्व सामाजिक व्यक्तित्वभन्दा कमजोर देखिए तापनि **धवलागिरि साहित्य प्रतिष्ठान**को स्थापना गर्न उनले आफ्नो तर्फबाट रु. ५५००।- प्रदान गर्नुले उनी साहित्य सेवामा समर्पित व्यक्ति हुन् भन्न सकिन्छ ।[ढण] विशेषतः व्यापारलाई आफ्नो लक्ष्य र गन्तव्य बनाएका श्रेष्ठले जेसिजको अन्तराष्ट्रिय सिनेटर देखि जिल्लाका विभिन्न पद, उद्योग वाणिज्य सङ्घको जिल्लादेखि केन्द्र सम्मका पदीय दायित्व बहन गरिसकेको देखिन्छ । श्याम श्रेष्ठ लायन्स क्लव, नेपाल रेडक्रस सोसाइटी, नेपाल परिवार

---

[डठ] कृष्णचन्द्र सिंह प्रधान, पूर्ववत्, पृ.ख ।

[डड] श्याम श्रेष्ठबाट प्राप्त जानकारीअनुसार ।

[डढ] ऐजन ।

[ढण] प्रतिष्ठानमा रहेका अभिलेखबाट प्राप्त जानाकारीअनुसार ।

नियोजन सङ्घ, नेपाल खेलकुद विकास समिति, सुस्त मनस्थिति कल्याण संस्था, शंखधर बहुमुखी सहकारी संस्था, प्रगति मेमोरियल ट्रस्ट, जिल्ला बालकल्याण समिति, सुरक्षित मातृत्वको लागि गुणस्तरीय स्वास्थ्य सेवा समिति, काजीरोशन अस्पताल सहयोग समितिका साथै स्थानीय धार्मिक संस्थाहरूका विभिन्न पदहरूमा आवद्ध रही काम गरी आफ्नो सामाजिक व्यक्तित्वलाई तिखारेका श्रेष्ठले वि.सं. २०२५ देखि २०२९ सालसम्म स्थानीय विद्यामन्दिर माध्यमिक विद्यालयमा विज्ञान तथा गणित विषयका शिक्षक समेत रहेर काम गरेको पाइन्छ ।[ढज्ञ] प्रतिष्ठानको विधानअनुसार आजीवन संरक्षक समेत रहेका श्याम श्रेष्ठको प्रतिष्ठान स्थापनामा उल्लेख्य भूमिका रहेको छ ।

आफ्नो क्षेत्र साहित्य नभए तापनि भाषासाहित्यको सेवा गर्ने नागरिकको कर्तव्य भएको हुँदा प्रतिष्ठान स्थापना, विकास र विस्तारमा सहयोग पुऱ्याएको बताउने श्रेष्ठ एक उदाहरणीय व्यक्तित्वका रूपमा रहेका छन् ।[ढद्द]

### ३.२.११ प्रतिष्ठानको सदस्यता, प्रबन्ध समितिको स्वरूप र संरक्षकहरू

कुनै पनि संस्थालाई गतिशील बनाउनका लागि सदस्यहरूको भूमिका महत्वपूर्ण हुन्छ, संस्थाहरू चाहे ती साहित्यिक हुन, चाहे ती सामाजिक किन नहुन् । ती संस्थाहरूमा विभिन्न प्रकारका सदस्यताहरूको व्यवस्था गरिएको हुन्छ । संस्थाको स्वरूप, प्रक्रिया र पद्धतिका आधारमा सदस्यताहरूको व्यवस्था गरिएको हुन्छ । धवलागिरि साहित्य प्रतिष्ठानको हकमा सदस्यताको स्वरूप यस प्रकार रहेको पाइन्छ ।

#### ३.२.११.१ साधारण सभा सदस्य

संस्थापक काजीरोशनको आह्वानमा २०४१ साल श्रावण ९ मा बाग्लुङ बजार महेन्द्र रोड स्थित श्याम श्रेष्ठको निवास स्थानमा विष्णु शेरचनको अध्यक्षतामा भएको साहित्य प्रेमीहरूको साधारणसभा भनी गठन गरिएको विभिन्न १७ जना व्यक्तिहरूको साधारण सभालाई यस प्रतिष्ठानको पहिलो साधारण सभा र ती सदस्यहरूलाई प्रथम

---

[ढज्ञ] श्याम श्रेष्ठ स्वयम्सँगको भेटघाटमा भएका कुराकानी र श्रेष्ठसँगैरहेका अन्य प्रमाणबाट प्राप्त जानकारीअनुसार ।

[ढद्द] श्याम श्रेष्ठसँगको कुराकानीबाट प्राप्त जानकारीअनुसार ।

साधारण सभा सदस्य भनेको छ ।[ढघ] प्रथम साधारणसभामा रहेका साधारण सभा सदस्यहरू यसप्रकार रहेका छन् :[ढद्ध]

- काजीरोशन
- श्याम श्रेष्ठ
- विष्णु शेरचन
- लालचन्द्र राजभण्डारी
- बालकृष्ण नेभा
- सन्तु श्रेष्ठ
- हितमान शाक्य
- विकास प्रधान
- टीकाराम भुसाल
- शिवकुमार प्रधान
- प्रेम छोटा
- स्वामी रमेशानन्द केशरी
- विदुर खड्का
- अशोक विनय
- कृष्णप्रसाद दुःखी
- चन्द्र नरसिं राजभण्डारी

त्यसैगरी अर्को पटकदेखि साविक साधारण सभाले नै तोकिएको नियमानुसार नेपाली भाषा र साहित्यमा रुचि राख्ने धवलागिरि अञ्चलका व्यक्तिहरू मध्ये कूल १७ जनालाई छानी साधारण सभाको पुर्नगठन गरिने र त्यसको कार्यकाल छ वर्षको हुने [ढछ] व्यवस्था भएअनुसार केही सदस्यहरूद्वारा पुनर्गठित भएको पाइन्छ । पुनर्गठित प्रक्रियामा आएका सदस्यहरू यस प्रकार रहेको छन् ।[ढट]

षडानन्द पौडेल
मुक्तराज ढकाल
गङगाधर अधिकारी 'चिन्तन'
साधना प्रतीक्षा
पद्मनाथ शर्मा

---

[ढघ] प्रतिष्ठानको विधानको दफा ८.१अनुसार ।

[ढद्ध] प्रतिष्ठानमा संरक्षित अभिलेखअनुसार ।

[ढछ] प्रतिष्ठानको विधानको दफा ८को उपदफा १ र २अनुसार ।

[ढट] निर्णय पुस्तिकामा भएका निर्णयबाट प्राप्त जानाकारीअनुसार ।

लक्ष्मीप्रसाद शर्मा
सीमा आँसु
राधिका कल्पित
तुलसी पौडेल
प्रकटकुमार शिशिर

यसरी विभिन्न समयमा साधारण सभा सदस्यहरूको थपघट हुँदै आएको देखिन्छ ।

### ३.२.११.२ प्रबन्धसमिति सदस्य

वि.सं. २०४१ साल असोज ८ मा ६/०४१/०४२ मा जिल्ला प्रशासन कार्यालय काजीरोशनबाट पञ्जीकृत भएपछि[ढठ] विधानअनुसार प्रतिष्ठानका क्रियाकलाप सञ्चालनार्थ ५ जनाको प्रबन्ध समिति ६ वर्षका लागि गठन गरिएको थियो । त्यो प्रथम प्रबन्ध समितिमा रहेका सदस्यहरू यस प्रकार छन् :[ढड]

| | |
|---|---|
| संस्थापक अध्यक्ष | - काजीरोशन |
| संस्थापक सदस्य | - श्याम श्रेष्ठ |
| सदस्य | - बालकृष्ण नेभा |
| सदस्य | - प्रेम छोटा |
| सदस्य-सचिव | - चन्द्रनरसिंह राजभण्डारी |

प्रथम पटक गठित प्रबन्ध समितिले विधानअनुरूप प्रबन्ध सहमतिको कार्यवधि छ वर्षको रहने व्यवस्था भएबमोजिम २०४७ फागुन १८ गतको प्रतिष्ठानको साधारण सभाले दोस्रो ६ वर्षे कार्यकालका लागि निम्न सदसयहरू रहेको प्रबन्ध समितिको गठन गरेको थियो ।[ढढ]

| | |
|---|---|
| संस्थापक अध्यक्ष | - काजीरोशन |
| संस्थापक सदस्य | - श्याम श्रेष्ठ |
| सदस्य | - प्रेम छोटा |
| सदस्य | - योगनाथ कँडेल |
| सदस्य-सचिव | - किस्मत राजभण्डारी |

दोस्रो प्रबन्ध समितिको कार्यावधि समाप्त भएपछि २०५४ चैत्र १ गतेको साधारण सभाले नयाँ प्रबन्धसमितिको गठन गरेको थियो । उक्त समितिका सदस्यहरू यस प्रकार छन् :[ज्ञण्ण]

---

[ढठ] प्रतिष्ठानमा संरक्षित जिल्ला प्रशासन कार्यालय बागलुङको **दर्ता प्रमाणपत्र**अनुसार ।

[ढड] प्रतिष्ठानको विधान र अभिलेखअनुसार ।

[ढढ] प्रतिष्ठानमा संरक्षित अभिलेखबाट प्राप्त जानकारी ।

[ज्ञण्ण] ऐजन ।

संस्थापक अध्यक्ष - काजीरोशन

संस्थापक सदस्य - श्याम श्रेष्ठ

सदस्य - पद्‌मनाथ शर्मा

सदस्य - प्रेम छोटा

सदस्य-सचिव - साधना प्रतीक्षा

यस कार्यकालको अन्तिमतिर साधारण सभा सदस्य र प्रबन्ध समिति सदस्य दुवै पदमा षडानन्द पौडेललाई चयन गरिएको थियो । सो अवधिमा प्रतिष्ठानको कार्यसञ्चालनालई सहज, सरल र व्यवस्थित गर्नका लागि साधारण सभा सदस्य गङ्गाधर अधिकारी 'चिन्तन' र राधिका कल्पितले प्रतिष्ठानको कार्यवहाक सदस्य सचिवको रूपमा काम गरेको देखिन्छ ।[ज्ञण्ज्ञ] प्रबन्ध समितिको कार्यदक्षता क्रियाशीलता योजना र अभियानको परिणति प्रतिष्ठान आफूलाई समय सापेक्षरूपमा सफल बनाउँदै अगाडि बढिरहेको छ । यसैको निरन्तरता र गतिशीलताका लागि २०६२/०१/३१ गतेको वैठकले विधानको संशोधन गरी प्रबन्ध सामिति ५ जना रहने व्यवस्थाको सट्टा प्रबन्ध समितिमा ७ जना रहने व्यवस्था गरी २०६३/३/२३ को साधारण सभाले नयाँ प्रबन्ध समितिको गठन गरेको देखिन्छ । उक्त प्रबन्ध समितिमा रहेका सदस्यहरू यस प्रकार छन् :[ज्ञण्द्द]

संस्थापक अध्यक्ष - काजीरोशन
संस्थापक सदस्य - श्याम श्रेष्ठ
सदस्य - पद्मनाथ शर्मा
सदस्य - लक्ष्मीप्रसाद शर्मा
सदस्य - षडानन्द पौडयाल
सदस्य - सचिव - साधना प्रतीक्षा

यस अवधिका प्रतिष्ठानका क्रियाकलापलाई व्यवस्थित रूपमा सञ्चालन गर्नका लागि साधारण सभा सदस्यहरू प्रकटकुमार शिशिर र तुलसी पौडेलले पनि सदस्य सचिवका रुपमा कार्य सञ्चालन गरेको देखिन्छ ।[ज्ञण्घ]

---

[ज्ञण्ज्ञ] ऐजन ।

[ज्ञण्द्द] ऐजन ।

[ज्ञण्घ] ऐजन ।

यसरी प्रतिष्ठानले उपर्युक्त प्रबन्ध समितिको योजना र अभियानमा समान उद्देश्य र विचारका व्यक्तिहरू र संस्थाहरूलाई समाहित गर्दै आफ्नो गतिलाई गन्तव्यतिर अगाडि बढाएको देखिन्छ ।

### ३.२.११.३ संस्थापक

प्रतिष्ठानको विधानअनुसार वि.सं.२०४११६।९ मा नेपाल वैंक लिमिटेड काजीरोशनको मुद्दति हिसाब खातामा प्रतिष्ठानका नाममा रु. ११,००० । (एघार हजार) जम्मा गर्ने काजीरोशन र श्याम श्रेष्ठ प्रतिष्ठानका संस्थापकका रूपमा रहेको पाइन्छ । तसर्थ काजीरोशन र श्याम श्रेष्ठ मात्र प्रतिष्ठानका संस्थापकका रूपमा रहेका छन् ।

### ३.२.११.४ संरक्षकहरू

प्रतिष्ठानको विधानअनुसार संस्थापक काजीरोशन प्रतिष्ठानको आजीवन प्रधान संरक्षक र श्याम श्रेष्ठ आजिवन संरक्षक रहने व्यवस्थाअनुसार हाल प्रतिष्ठानमा काजीरोशन आजीवन प्रधान संरक्षक र श्याम श्रेष्ठ आजीवन संरक्षकका रूपमा रहेका छन् ।[ज्ञण्द्ध] विधानमा निजहरूले आफ्नो स्वइच्छाले आ-आफ्नो उत्तराधिकारीलाई प्रधान संरक्षक र संरक्षक तोक्न सक्ने र यसरी तोकेका प्रधान संरक्षण र संरक्षक यस प्रतिष्ठानका प्रसंगमा निज संस्थापकहरूको मृत्यु वा अनुपस्थितिमा प्रधान संरक्षक र संरक्षक मान्ने व्यवस्था गरिएको छ ।[ज्ञण्छ]

## ३.२.१२ प्रतिष्ठानलाई प्राप्त पुरस्कार एवम् सम्मान

नेपाली भाषा र साहित्यको क्षेत्रमा योगदान पुऱ्याउने उद्देश्यले विभिन्न रचनात्मक क्रियाकलाप सञ्चालन गर्दै आएको 'धवलागिरि साहित्य प्रतिष्ठान'लाई सम्मान स्वरूप नेपाली शिक्षा परिषद्को ४५ औं वार्षिकोत्सव एवम् भाषा सेवी स्व.असीमको ८३ औं जयन्तीको अवसरमा प्रतिष्ठानका संस्थापक अध्यक्ष काजीरोशनलाई 'गोपाल पाण्डे असीम' पुरस्कार प्रदान गरिएको थियो ।[ज्ञण्ट] नेपालका शिक्षाविद् एवम् भाषा सेवी गोपाल पाण्डे

---

[ज्ञण्द्ध] प्रतिष्ठानको विधानको दफा (७) को उपदफा (१) को व्यवस्थाअनुसार ।

[ज्ञण्छ] ऐजन ।

[ज्ञण्ट] 'गोपाल पाण्डे, 'असीम' पुरस्कार वितरण' **गोरखापत्र** २ भदौ, २०५२ ।

असीमको नाममा वि.सं. २०४९ मा स्थापित यो पुरस्कार राष्ट्रभाषाको श्रीवृद्धिमा उल्लेखनीय योगदान पुऱ्याउने व्यक्ति, संस्था वा विद्यालयलाई प्रतिवर्ष नेपाली शिक्षा परिषद्को वार्षिकोत्सवको अवसरमा प्रदान गरिन्छ । गोपाल पाण्डे 'असीम'ले आजीवन आफूलाई भाषा र शिक्षाको क्षेत्रमा समर्पित गरेको पाइन्छ । नेपाली भाषा र साहित्यको सहज सेवागर्ने प्रवल कार्यलाई आफ्नो जन्मसिद्ध अधिकार सम्झने गोपाल पाण्डे 'असीम'ले नेपालमा शैक्षिक र साहित्यिक सङ्घ संस्थाहरूको स्थापना गर्ने क्रममा २००८ सालमा नेपाली शिक्षा परिषद् खडा गरेका थिए ।[ज्ञण्ठ]

वि.सं.२०५२ सालमा 'गोपाल पाण्डे 'असीम' पुरस्कार'बाट सम्मानित भएको यस प्रतिष्ठानले स्थानीय स्तरका सम्मानसमेत प्राप्त गरेको पाइन्छ । जनस्तरबाट पनि प्रतिष्ठान सम्मानित रहेको छ ।

[ज्ञण्ठ] डिल्लीराम मिश्र, पूर्ववत्, पृ. १९१-१९२ ।

## परिच्छेद -चार

# धवलागिरि साहित्य प्रतिष्ठानबाट सञ्चालित विविध रचनात्मक गतिविधको मूल्याङ्कन

### ४.१ धवलागिरि साहित्य प्रतिष्ठानबाट सञ्चलित विविध रचनात्मक साहित्यिक गतिविधि

कुनै पनि कार्यको उत्प्रेरणा र उच्चताका लागि सबैभन्दा महत्त्वपूर्ण भूमिका वातावरणको हुन्छ । त्यस्तै साहित्यको क्षेत्रमा विशेष वातावरणको सिर्जना गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्ने संस्थाहरूको नाममा 'धवलागिरि साहित्य प्रतिष्ठान' पनि अग्रपङ्क्तिमा नै रहेको पाइन्छ । नेपाली साहित्यको दरिलो विकास हुन पर्याप्त मात्रामा बलियो संस्थाको आवश्यता पर्दछ । सहज मानसिकता राख्ने काजीरोशन राजधानी बाहिरको आफ्नो गाउँठाउँलाई कसैले वास्ता नगरे पनि यसको विकासमा आफू निरन्तर लाग्ने सङकल्प गर्दै प्रतिष्ठानका सँस्थापक अध्यक्ष रोशनले पुरस्कार मात्र प्रदान नगरी विभिन्न रचनात्मक साहित्यिक गतिविधि सञ्चालन गर्दै आएको पाइन्छ ।[ज्ञण्ड] प्रतिष्ठानले पुरस्कारबाहेक विभिन्न साहित्यिक अभियानहरूका साथै कवि लेखकहरूको जयन्ती, कविगोष्ठी, साहित्य चर्चा-परिचर्चा, भेटघाट आदि कर्यक्रमहरू सम्पन्न गर्दै आएको छ । यस्ता कार्यक्रमहरूमा जनसाधारण तथा साहित्यानुरागीहरूलाई बढीभन्दा बढी सहभागी बनाउँदै आएको छ ।[ज्ञण्ढ]

साहित्यिक कोपिलाहरूलाई संरक्षण र संबर्द्धन गर्दै नेपाली भाषासाहित्यको जगेर्ना र विकास गर्न सक्रिय प्रतिष्ठान स्थानीय स्तरमा सहरी एवम् ग्रामीण क्षेत्रहरूका साथै देशका अन्य जिल्लाहरूमा आफ्ना योजना र अभियानलाई अगाडि बढाएको पाइन्छ । दुर्गम होस् वा सुगम सबै स्थानमा आफ्ना अभियानलाई अगाडि बढाउँदै आएको प्रतिष्ठानका विविध रचनात्मक साहित्यिक गतिविधिहरू निम्नबमोजिम छन् :

### ४.१.१ साहित्य प्रवाह

आफ्नो उद्देश्य प्राप्तिका लागि पुरस्कार र साहित्यिक गतिविधिलाई माध्यम बनाउँदै आएको प्रतिष्ठानले साहित्य प्रवाहमार्फत आफ्ना रचनात्मक क्रियाकलाप देशका विभिन्न

---

[ज्ञण्ड] डिल्लीराम मिश्र, पूर्ववत्, पृ. १९६ ।

[ज्ञण्ढ] रमा शर्मा, पूर्ववत् ।

भागमा पुऱ्याएको देखिन्छ । यसले २०४४ साल श्रावणदेखि २०४८ सालसम्म साहित्य प्रवाहअन्तर्गत विभिन्न मासिक साहित्य गोष्ठी सम्पन्न, गरेर प्रत्येक गोष्ठीमा एक जनाको उत्कृष्ठ रचनालाई पुरस्कृत गरेर साहित्यकारहरूलाई साहित्य सिर्जनामा प्रोत्साहन र प्रेरणा दिदै आएको थियो ।[ज्ञज्ञण] वि.सं. २०५२ देखि यही साहित्य प्रवाह पृथक परिवेश, प्रक्रिया र स्वरूपमा 'यात्रा आफ्नै परिवेश'का रूपमा सञ्चालन हुँदै अगाडि बढिरहेको पाइन्छ ।

### ४.१.१.१ मासिक साहित्यिक गोष्ठी

विभिन्न क्षेत्रबाट पलाएका साहित्यिक कोपिलाहरूको संरक्षण, संबर्द्धन र विकास गर्दै सिर्जनात्मक जागरणद्वारा नेपाली भाषा र साहित्यको क्षेत्रमा टेवा पुऱ्याउने उद्देश्ले मासिक साहित्य गोष्ठीको प्रारम्भ गरिएको थियो । प्रत्येक पटकमा उत्कृष्ट रचना लेख्ने प्रतिभालाई पुरस्कृत एवम् सम्मान गर्ने गरिएको मासिक साहित्य गोष्ठीका प्रतिभा, उसले प्रतिनिधित्व गरेको जिल्ला, विधा र गोष्ठी सम्पन्न गरिएको मितिसहितको सूची यसप्रकार रहेको पाइन्छ [ज्ञज्ञज्ञ]

| क.स | उत्कृष्ट प्रतिभा | जिल्ला | विधा | कार्यक्रम मिति |
|---|---|---|---|---|
| १. | हितमान शाक्य | बाग्लुङ | कथा | २०४४ श्रावण |
| २. | विष्णु मैत्रेय | बाग्लुङ | कविता | २०४४ भाद्र |
| ३. | ज्वाला पुरी | बाग्लुङ | कथा | २०४४ आश्विन |
| ४. | प्रेम पौडेल | बाग्लुङ | कविता | २०४४ कार्तिक |
| ५. | योगनाथ कंडेल | बाग्लुङ | कविता | २०४४ मङ्सिर |
| ६. | अग्नि श्रेष्ठ | बाग्लुङ | कविता | २०४४ पौष |
| ७. | किस्मत राजभण्डारी | बाग्लुङ | कविता | २०४४ माघ |
| ८. | शेखरचन्द्र श्रेष्ठ | बाग्लुङ | कविता | २०४४ फाल्गुण |
| ९. | देवेन्द्र खड्का | बाग्लुङ | कविता | २०४४ चैत्र |
| १०. | राजेशचन्द्र राजभण्डारी | बाग्लुङ | कविता | २०४५ बैशाख |
| ११. | संगम | बाग्लुङ | कविता | २०४५ जेष्ठ |

[ज्ञज्ञण] रमा शर्मा, पूर्ववत् ।

[ज्ञज्ञज्ञ] प्रतिष्ठनाको कार्यक्रम पुस्तिकाबाट ।

| | | | | |
|---|---|---|---|---|
| १२. | हितमान शाक्य | बाग्लुङ | कविता | २०४५ आषाढ |
| १३. | टीकाराम पाण्डे | स्याङ्जा | कविता | २०४५ श्रावण |
| १४. | राना जगदम्बा | बाग्लुङ | कविता | २०४५ भाद्र |
| १५. | कृष्णबहादुर के.सी. | बाग्लुङ | कविता | २०४५ आश्विन |
| १६. | राजन श्रेष्ठ | बाग्लुङ | कविता | २०४५ कार्तिक |
| १७. | इन्द्रकुमार 'विकल्प' | पर्वत | कविता | २०४५ मङ्सिर |
| १८. | गोकर्णराज घिमिरे | लम्जुङ | कविता | २०४५ पौष |
| १९. | गणेश खत्री 'संझना' | पर्वत | कविता | २०४५ माघ |
| २०. | नारायणकुमार शाक्य | बाग्लुङ | कविता | २०४५ फाल्गुण |
| २१. | दामोदर घताने | म्याग्दी | कविता | २०४५ चैत्र |
| २२. | रविमान लम्जेल | ताप्लेजुङ | कविता | २०४६ बैशाख |
| २३. | भोलानाथ रेग्मी | पर्वत | कविता | २०४६ जेष्ठ |
| २४. | जीवन श्रेष्ठ | बाग्लुङ | कविता | २०४६ आषाढ |
| २५. | विजयश्याम राजभण्डारी | बाग्लुङ | कविता | २०४६ श्रावण |
| २६. | मनोहर उपेक्षित | पर्वत | कविता | २०४६ भाद्र |
| २७. | मेघराज पाण्डे | बाग्लुङ | कविता | २०४६ आश्विन |
| २८. | विजयश्याम राजभण्डारी | बाग्लुङ | कविता | २०४६ कार्तिक |
| २९. | निर्मल श्रेष्ठ | बाग्लुङ | कविता | २०४६ मंसिर |
| ३०. | विष्णु मैत्रेय | बाग्लुङ | कविता | २०४६ पौष |
| ३१. | कमला रायमाझी | बाग्लुङ | कविता | २०४६ माघ |
| ३२. | उत्तम श्रेष्ठ | बाग्लुङ | कविता | २०४६ फाल्गुण |
| ३३. | किस्मत राजभण्डारी | काजीरोशन | कविता | २०४७ बैशाख |
| ३४. | भूमिराज विष्ट | झापा | कविता | २०४७ जेष्ठ |
| ३५. | कमला रायमाझी | बाग्लुङ | कविता | २०४७ आषाढ |
| ३६. | सच्युतराज उप्रेती | काठमाडौं | कविता | २०४७ श्रावण |
| ३७. | तिलक न्यौपाने | बाग्लुङ | कविता | २०४७ भाद्र |
| ३८. | सच्युतराज उप्रेती | काठमाडौं | कविता | २०४७ आश्विन |

| | | | | |
|---|---|---|---|---|
| ३९. | हिरामणी खरेल | बाग्लुङ | कविता | २०४७ माघ |
| ४०. | शिवबहादुर अर्याल | बाग्लुङ | कविता | २०४७ फाल्गुण |
| ४१. | गगन शाक्य | बाग्लुङ | कविता | २०४७ चैत्र |
| ४२. | जीवन पौडेल | तनहु | कविता | २०४८ बैशाख |
| ४३. | ध्रुवलाल शर्मा | म्याग्दी | कविता | २०४८ जेष्ठ |

यसरी आफ्नो स्थापनासँगै नेपाली साहित्यको श्रीवृद्धिमा लागेको प्रतिष्ठानले मासिक साहित्य गोष्ठीका माध्यमले प्रतिभा प्रष्फुटनका साथै प्रतिभालाई प्रेरणा, पुरस्कार र सम्मानसमेत प्रदान गरेको पाइन्छ । २०४४ सालको श्रावणदेखि २०४९ को बैशाख सम्म आइपुग्दा विभिन्न विधाका ५४ औं मासिक साहित्यक गोष्ठीहरूको सम्पन्न गरेको देखिन्छ भने ४३ ओटा उत्कृष्ट प्रतिभालाई पुरस्कृत गरेको पाइन्छ । विशेषतः धेरै जसो कार्यक्रम प्रत्येक महिनाको १ गते नै गर्दै आएको पाइन्छ भने प्रायः कार्यक्रमहरू विद्यामन्दिर पुस्तकालय र ज्ञानमन्दिर पुस्तकालयका साथै स्थानीय विद्यालयहरूका सभाकक्षहरूमा सम्पन्न भएको देखिन्छ ।

### ४.१.१.२ यात्रा आफ्नै परिवेश

'यात्रा आफ्नै परिवेश' प्रतिष्ठानको साहित्य प्रवाहअन्तर्गत दोस्रो चरणको साहित्यिक अभियान हो । अन्य साहित्यिक कार्यक्रमभन्दा केही पृथक प्रक्रिया र स्वरूपमा सञ्चालन गरिने यो कार्यक्रमको प्रभाव पनि भिन्न र महत्त्वपूर्ण देखिन्छ । २०५२ साल कार्तिकदेखि थालिएको यो अभियानले काजीरोशन, पर्वत, म्याग्दीका कविलेखकलाई छिचोल्दै देशका विभिन्न भागमा समेत पुगिसकेको देखिन्छ । आफ्नै नीति, बान्की र योजना अनुरूप सञ्चालन गरिने यो कार्यक्रम प्रत्येक कवि/ लेखकहरूको निवासमा पुगेर सम्पन्न गरिन्छ । नवप्रतिभाहरूलाई प्रेरणा प्रदान गर्दै सिर्जनात्मक कार्यतर्फ अभिप्रेरित गर्नुका साथै स्थापित स्रष्टाहरूको सम्मान एवम् कदर गर्ने यसको उद्देश्य रहेको पाइन्छ ।

यस कार्यक्रमका लागि सर्वप्रथम एउटा प्रतिभा छानिन्छ । प्रतिभाहरूको निवास नै कार्यक्रम स्थलका रूपमा रहन्छ भने त्यो प्रतिभा भन्दा ठीक अगाडिको सम्मानित प्रतिभा कार्यक्रमको सभापति हुने गर्दछ । यदि प्रतिभा उपस्थित भएन भने उक्त प्रतिभाको अनुपस्थितिमा उसको प्रतीकका रूपमा कुर्ची खाली राखेर वा कृति राखेर भए पनि

सभापतिको सम्मान गरिने व्यवस्था रहेको पाइन्छ । कार्यक्रममा कुनै एक व्यक्तिबाट प्रतिभाको योगदानको बारेमा चर्चा गर्ने काम गरिन्छ भने परिवेशमा परेको प्रतिभाले आफ्ना रचनाहरू वाचन गर्ने गर्दछन् । कार्यक्रमको अन्त्यमा प्रतिभाको तर्फबाट सामान्य जलपानको व्यवस्था गरिने परम्परा समेत रहेको पाइन्छ । यात्रा आफ्नै परिवेश वि.सं. २०५२ कार्तिक २५ गतेबाट प्रारम्भ भई समयको आरोह र अवरोह भित्रको उतारचढावहरूसँगै अगाडि बढिरहेको देखन्छ । प्रारम्भ विन्दुदेखि हालसम्म सम्पन्न भएको यात्रा आफ्नै परिवेशका चरण प्रतिभा, प्रतिभाको प्रतिनिधि जिल्ला र मितिको विवरण निम्न बमोजिम रहेको पाइन्छ ।[ज्ञज्ञद्द]

| **चरण** | **प्रतिभाको नाम** | **जिल्ला** | **मिति** |
|---|---|---|---|
| पहिलो | साधना प्रतीक्षा | पर्वत | २०५२।७।२५ |
| दोस्रो | नरबहादुर वि.सी | म्याग्दी | २०५२।८।२५ |
| तेस्रो | गगन शाक्य | बाग्लुङ | २०५२।९।२७ |
| चौथो | मुकुन्द शाक्य | बाग्लुङ | २०५२।१२।२ |
| पाँचौ | रमाकान्त सापकोटा | गुल्मी | २०५३।१।२३ |
| छैटौं | सञ्जयश्याम राजभण्डारी | बाग्लुङ | २०५३।२।२२ |
| सातौ | इन्द्रकुमार 'विकल्प' | पर्वत | २०५३।३।२२ |
| आठौँ | राधिका कल्पित | बाग्लुङ | २०५३।४।२७ |
| नवौँ | विनोद धवलागिरि | म्याग्दी | २०५३।५।२१ |
| दसौँ | सीमा आँशु | म्याग्दी | २०५४।८।२० |
| एघारौँ | रमेश पोखरेल | मोरङ | २०५४।९।२९ |
| बाह्रौँ | डा. रामु शर्मा | चितवन | २०५४।१०।२६ |
| तेह्रौँ | दिनेश पन्थी | गुल्मी | २०५४।१२।८ |
| चौधौँ | ज्ञानुवाकर पौडेल | काठमाडौं | ०५५।१।१७ |
| पन्ध्रौँ | जगत्बहादुर जोशी | पाल्पा | २०५५।३।२५ |
| सोह्रौ | कृष्णदेव शर्मा | पाल्पा | २०५५।१०।६ |
| सत्रौँ | चन्द्रप्रसाद न्यौपाने | सिन्धुपाल्चोक | २०५५।१०।२५ |
| अठारौँ | वाङ्मय साहित्य प्रतिष्ठान | पाल्पा | २०५६।९।१२ |

[ज्ञज्ञद्द] प्रतिष्ठानमा संरक्षित अभिलेख र कार्यक्रम पुस्तिकाबाट प्राप्त जानकारीअनुसार ।

| | | | |
|---|---|---|---|
| उन्नाइसौँ | जनमत प्रकाशन | काभ्रे | २०५६।११।२० |
| बीसौँ | निर्मोही व्यास | बारा | २०५७।३।१० |
| एक्काइसौँ | डिल्लीराम आचार्य | - | २०५७।८।२९ |
| बाइसौँ | भवभिन्न | म्याग्दी | २०५८।३।९ |
| तेइसौँ | तारा शर्मा 'एस' | बाग्लुङ | २०५९।२।१० |
| चौबीसौँ | मोहन चापागाई | दोलखा | २०५९।९।४ |
| पच्चीसौँ | गोविन्द नेपाली | पर्वत | २०६०।७।६ |
| छब्बीसौँ | कपिल लामिछाने | रूपन्देही | २०६२।३।१६ |
| सत्ताइसौँ | तुलसी पौडेल | बाग्लुङ | २०६३।५।५ |
| अठ्ठाइसौँ | षडानन्द पौडेल | पर्वत | २०६३।५।१६ |
| उनन्तीसौँ | नारायाणप्रसाद आचार्य | पर्वत | २०६३।९।८ |
| तीसौँ | विजय सागर | भैरहवा | २०६४।२।२९ |

वास्तवमा निवासको घर वा डेरा जहाँ सम्भव हुन्छ त्यही पुगेर सम्पन्न हुने यो अभियानले धेरै प्रतिभाहरूलाई प्रेरणा प्रदान गर्नुका साथै कैयौं स्रष्टाहरूलाई प्रोत्साहन र सम्मान गरेको पाइन्छ । यसरी साहित्य प्रवाह वि.सं २०४४ सालदेखि हालसम्म सिर्जनात्मक अभियानमार्फत देशका विभिन्न भागमा विभिन्न स्वरूपले पुगेको देखिन्छ ।

### ४.१.२ कविगोष्ठी

कविता नेपाली साहित्यको जेठो विधा हो । नेपाली साहित्यका विविध विद्याहरूमध्ये कविता विधा अग्रणी स्थानमा रहनुका अतिरक्त यो विधा बढी विकसित रूपमा झाङ्गिन पुगेको छ । नेपाल एकीकरणपूर्व नै विकसित रूपमा देखापरेको नेपाली कविता विधा आदिकवि भानुभक्त आचार्य र युवाकवि मोतीराम भट्टको छत्रछायाँमा माध्यमिक काल हुँदै आधुनिक नेपाली कविताको फाँटमा प्रवेश गर्दा यहाँ प्रशस्तै कविवाणि र काव्य ग्रन्थावलीहरूको एउटा भव्य महल नै भइसकेको प्रतीत हुन्छ ।[ज्ञज्ञघ]समयका हिसाबल छोटो र छरितो, प्रस्तुतिका हिसाबले आकर्षक, भावका हिसाबले गम्भीर एवम् थोरैमा धेरै भन्न सकिने गुणका कारण पनि कविता गोष्ठी बढी सहज एवम् प्रभावकारी हुने गरेको पाइन्छ ।

---

[ज्ञज्ञघ] डिल्लीराम मिश्र, **नेपाली प्रतिभा र पुरस्कार** पूर्ववत् पृ. ५३ ।

नेपाली भाषा साहित्यको क्षेत्रमा टेवा पुऱ्याउने उद्देश्य बोकेको 'धवलागिरि साहित्य प्रतिष्ठान' ले पनि आफ्ना सिर्जनात्मक गतिविधि सञ्चालन गर्ने क्रममा केही प्रत्योगितात्मक र केही सहभागितात्मक जस्ता कविगोष्ठीहरू आयोजना गर्दै आएको देखिन्छ :[ज्ञज्ञद्ध]

| क.सं. | मिति | विवरण |
|---|---|---|
| ज्ञ। | २०४२ वैशाख १ गते | नववर्ष २०४२ को उपलक्ष्यमा स्थानीय साहित्यकार एवम् कविहरूको सहभागितामा कविगोष्ठी । |
| द्द। | २०४४ साउन १ गते | विशेष रचना वाचन गरी कवि गोष्ठी, यसमा स्थानीय कवि एवम् साहित्यकारहरूको सहभागिता । |
| घ। | २०५२ वैशाख १ गते | नववर्ष २०५२ को अवसरमा साहित्य प्रवाहको स्वरूप कवि गोष्ठी आयोजना गरिएको थियो । उक्त कवि गोष्ठी स्थानीय कविहरूको सहभागितामा सम्पन्न । |
| द्ध। | २०५३ माघ २३ गते | तत्कालीन राजा वीरेन्द्रको गद्दिआरोहण रजतमहोत्सवका अवसरमा बृहत कविगोष्ठी सम्पन्न । |
| छ। | २०५५ पौष २७ गते | तत्कालीन समयमा मनाइने गरिएको राष्ट्रिय एकता दिवस उपलक्ष्यमा प्रत्योगितात्मक कविगोष्ठी सम्पन्न । |
| ट। | २०५७ चैत्र १४ गते | विश्व खानेपानी दिवसका अवरमा ग्रामीण सरसफाई विषयक कविगोष्ठी सम्पन्न । |
| ठ। | २०५९ जेष्ठ ४ गते | राष्ट्रिय सरसफाइ सप्ताहका अवरसमा प्रत्योगितात्मक कवि गोष्ठी सम्पन्न स्थानीय कविहरूको सहभागितामा । |
| ड। | २०६० जेष्ठ २ गते | राष्ट्रिय सरसफाइ सप्ताहका अवसरमा स्थानीय कवि एवम् साहित्यकारहरूको सहभागितामा प्रत्योगितात्मक कवि गोष्ठी सम्पन्न । |
| ढ। | २०६४ वैशाख २७ गते | राष्ट्रिय सरसफाइ सप्ताहअन्तर्गत कविगोष्ठी । |

### ४.१.३ जन्मजयन्ती

आफ्नो व्यक्तिगत स्वार्थभन्दा राष्ट्र र नागरिकको स्वार्थलाई केन्द्रमा राखेर आफूलाई समाहित गर्ने व्यक्तिहरूमा जहिले पनि स्तुत्य र पुजनीय हुन्छन् । भाषा, साहित्य, कला र

[ज्ञज्ञद्ध] प्रतिष्ठानमा संरक्षित अभिलेखअनुसार ।

संस्कृति जस्ता राष्ट्रका बहुमूल्य सम्पत्तिको संरक्षण र संबर्द्धनका क्षेत्रमा आफूलाई समाहित गर्ने स्रष्टाहरूको सम्मान एवम् स्मरण गर्नु राज्य र नागरिक सबैको कर्तव्य हुन आउँछ । **धवलागिरि साहित्य प्रतिष्ठान**ले जीवित प्रतिभाहरूको प्रष्फुटन एवम् स्रष्टाहरूलाई पुरस्कृत एवम् सम्मान गर्ने कार्यहरू गर्नुका साथै दिवङ्गत स्रष्टाहरूको जन्मजयन्ती मनाउने जस्ता कार्यको परम्परालाई स्थापित गर्दै आएको पाइन्छ । जन्मजयन्ती मनाउने कार्यको परम्परा विशेषतः प्रजातन्त्रको प्रादुर्भावसँगै अगाडि बढेको पाइन्छ । यस्को शुभारम्भ सर्वप्रथम भाषा सेवी स्व. गोपाल पाँडेले गरेका थिए ।"[ज्ञज्ञछ] प्रतिष्ठानले पनि जन्मजयन्ती मनाउने कार्यहरू गर्दै आएको छ । दिवङ्गत स्रष्टाहरूले पुऱ्याएको योगदानको कदर एवम् सम्मान स्वरूप जन्मजयन्ती मनाउने क्रममा प्रतिष्ठानले विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आएको पाइन्छ । यस्ता साहित्यिक कार्यक्रमहरू यसप्रकार रहेका छन् :[ज्ञज्ञट]

| क.सं | मिति | सन्दर्भ | कार्यक्रम |
|---|---|---|---|
| १ | २०४१ कार्तिक ८ गते | ७५ औं महाकवि लक्ष्मी लयन्ती | स्थानीय कवि लेखकहरूको सहभागितामा, देवकोटाको योगदानको चर्चा र रचनावाचन कार्यक्रम । |
| २ | २०४२ आषाढ २९ गते | १७२ औ आदिकवि भानुजन्मजयन्ती | भानुको योगदान विषयक प्रवचन एवम् भानु रचना वाचन कार्यक्रम । |
| ३ | २०४४ बैशाख ३० गते | २५३१ औं बुद्धजयन्ती | बुद्ध सन्देशको चर्चा र रचनावाचन कार्यक्रम सम्पन्न । |
| ४ | २०४४ आषाढ २९ गते | १७३ औं भानुजयन्ती | भानुसम्बन्धी रचना वाचन तथा भानुको योगदानको चर्चा कार्यक्रम । |
| ५ | २०४५आषाढ २९ गते | १७४ औं भानुजयन्ती | नेपाली भाषामा पुऱ्याएको योगदानको चर्चा एवम् साहित्य गोष्ठी । |
| ६ | २०५१ भाद्र २० गते | १२९ औं मोतीजयन्ती | नेपाली साहित्यमा कवि मोतीरामको योगदानको चर्चा एवम् स्थानीय स्रष्टाहरूद्वारा रचना वाचन । |
| ७ | २०५१ पौष १० गते | कवि भूपि जयन्ती | भूपिको जीवनी र योगदानको चर्चा |
| ८ | २०५१ माघ ३ गते | १११ औं लेखनाथ जयन्ती | लेखनाथको योगदानको चर्चा र कविता पाठ । |
| ९ | २०५२ बैशाख २६ गते | २५३९ औं बुद्ध जयन्ती | स्थानीय स्रष्टाहरूको सहभागितामा कविता पाठ । |
| १० | २०५२ भाद्र १० गते | १३० औं मोती जयन्ती | गोपाल पाण्डे 'असिम' पुरस्कार अवलोकन एवम् मोतीराम भट्टको योगदान सम्बन्धी प्रवचन । |

[ज्ञज्ञछ] चत्तरञ्जन नेपाली, 'गोपाल पाँडे र नेपाली शिक्षा परिषद्: एक पर्याय एक पूरक' **राष्ट्रभाषा** (काठमाडौं : नेपाल शिक्षा परिषद् २०५७ वर्ष १०, साउन)

[ज्ञज्ञट] प्रतिष्ठानद्वारा सञ्चालित कार्यक्रम पुस्तिका र अन्य अभिलेखहरूबाट ।

| | | | |
|---|---|---|---|
| ११ | २०५३ आषाढ २९ गते | १८३ औं भानुजयन्ती | भानुसम्बन्धी रचना वाचन तथा भानुको योगदानको चर्चा कार्यक्रम |
| १२ | २०५४ आषाढ २९ गते | १८४ औं भानुजयन्ती | वृक्षारोपण एवम् कविता पाठ । |
| १३ | २०५५ आषाढ २९ गते | १८५ औं भानुजयन्ती | भानुप्रति श्रद्धान्जली साथ साहित्य गोष्ठी । |
| १४ | २०५५ भाद्र ६ गते | १३३ औ मोती जयन्ती | मोतीमण्डलीको चर्चा र साहित्यिक भेटघाट । |
| १५ | २०५६ आषाढ २९ गते | १८६ औं भानुजयन्ती | भानुसम्बन्धी रचना वाचन तथा भानुको योगदानको चर्चा कार्यक्रम। |
| १६ | २०५६ भाद्र २४ गते | १३४ औं मोती जयन्ती | नेपाली साहित्यमा कवि मोतीराम को योगदानको चर्चा एवम् स्थानीय स्रष्टाहरूद्वारा रचना वाचन । |
| १७ | २०५७ आषाढ २९ गते | १८७ औं भानुजयन्ती | १८४ औं भानुजयन्तीमा वृक्षरोपण गरिएको स्थानको स्थलगत अवलोकनका साथै स्थलगत कविता वाचन । |
| १८ | २०५७ भाद्र | १३५ औं मोती जयन्ती | मोतीरामको चर्चा र साहित्यिक भेटघाट |
| १९ | २०५८ आषाढ २९ गते | १८८ औं भानुजयन्ती | भानुकुञ्जको अवलोकन र चित्र लेखन एवम् रचना लेखन र वाचन |
| २० | २०५८ पौष १४ गते | ११८ औं लेखनाथ जयन्ती तथा ६७ औ भूपि जयन्ती | दुवै स्रष्टाको योगदानको चर्चा गर्दै रचना पाठ । |
| २१ | २०५९ आषाढ २९ गते | १८९ औं भानुजयन्ती | भानुकुञ्जको अवलोकन र चित्र लेखन एवम् रचना लेखन र वाचन |
| २२ | २०५९ भाद्र २२ गते | १३७ औं मोती जयन्ती | मोतीराम भट्टको विषयमा सहभागीहरूद्वारा चर्चा |
| २३ | २०६० आषाढ २९ गते | १९० औं भानुजयन्ती | प्रतिष्ठानद्वारा निर्माण भानुकुञ्जको अवलोकन र चित्र लेखन एवम् रचना लेखन र वाचन |
| २४ | २०६० भाद्र १० गते | १३८ औं मोतीजयन्ती | मोतीको योगदानको चर्चा र कविता पाठ । |
| २५ | २०६१ आषाढ २९ गते | १९१ औं भानुजयन्ती | विभिन्न संस्थाहरूको संयोजनमा भानुकुञ्ज अवलोकन एवम् रचना पाठ र चित्र लेखन । |
| २६ | २०६२ आषाढ २९ गते | १९२ औं भानुजयन्ती | भानुकुञ्जमा स्थलगत कवितावाचन |
| २७ | २०६२ भाद्र १८ गते | १४० औ मोती जयन्ती | स्थानीय स्रष्टाहरूको सहभागितामा प्रवचन । |
| २८ | २०६३ आषाढ २९ गते | १९३ औं भानुजयन्ती | नियमितरूपमा गरिँदै आएको कार्यक्रमलाई निरन्तरता । |
| २९ | २०६३ भाद्र ७ गते | १४१ औं मोती जयन्ती | मोतीराम भट्टको विषयमा सहभागीहरूद्वारा चर्चा र विश्लेषण । |
| ३० | २०६४ आषाढ २९ गते | १९४ औं भानुजयन्ती | विभिन्न संस्थाहरूको संयोजनमा भानुकुञ्ज अवलोकन एवम् रचना पाठ र चित्र लेखन । |

| | | | |
|---|---|---|---|
| ३१ | २०६४ भाद्र २५ गते | १४२ औं मोतीजयन्ती | मोतीको योगदानको चर्चा र कविता पाठ । |
| ३२ | २०६५ आषाढ २९ गते | १९५ औं भानुजयन्ती | विभिन्न क्षेत्रका व्यक्तिहरूको सहभागितामा काजीरोशन बजारदेखि भानुकुञ्जसम्म पदयात्रा, भानुकुञ्ज अवलोकन एवम् रचना पाठ र चित्र लेखन |
| ३३ | २०६५ भाद्र १४ | १४३ औं मोतीजयन्ती | मोतीको योगदानको चर्चा र कविता वाचन । |

यसरी हेर्दा प्रतिष्ठानले विभिन्न विङ्गत स्रष्टाहरूको कदर एवम् सम्मानमा उनीहरूको जन्मजयन्ती मनाउँदै आएको पाइन्छ । जन्मजयन्ती मनाउँदा विभिन्न प्रक्रियाहरू अपनाउँदै आएको देखिन्छ । स्रष्टहरूको योगदानको चर्चा, कवि गोष्ठी, साहित्यिक भेटघाट जस्ता स्वरूपमा स्रष्टाहरूको जन्मजयन्ती मनाउँदै आएको देखिए तापनि भानुजयन्तीका सन्दर्भमा विशेष प्रक्रिया अपनाएको देखिन्छ भगवान बुद्धको जन्मजयन्ती समेत मनाएको प्रतिष्ठानले सबैभन्दा बढी आदिकवि भानुभक्त जयन्ती मनाउनमा केन्द्रित रहेको पाइन्छ । भानुजन्मजयन्ती मनाउने प्रक्रिाका सन्दर्भमा वि.सं. २०५४ साल आषाढ २९ गते जन्मदिनका अवसरमा वृक्षारोपण गरी भानुकुञ्जको स्थापनापछि भानु जयन्ती मनाउने स्वरूपमा पृथकता आएको देखिन्छ । चित्रलेखन, स्थलगत रचना लेखन एवम् वाचन, भानुकुञ्ज अवलोकन जस्ता कर्याक्रम मार्फत आदिकवि भानुभक्तको जन्मजयन्ती विशेष प्रकारले सम्पन्न गर्दै आएको पाइन्छ । कायक्रममा विभिन्न सरकारी कार्यालयका साथै स्थानीय सङ्घ संस्थाहरूबाट विभिन्न समिति बनाएर कार्यक्रम गरिने परम्परा छ ।[ज्ञज्ञठ]

### ४.१.३.१ वृक्षरोपण र भानुकुञ्ज निर्माण

वि.सं. १८७१ असार २९ गते तनहुँको चुँदी रम्घामा जन्मेका आदिकवि भानुभक्तको १८४ औं जन्म जयन्तीका अवसरमा भानुकुञ्जको निर्माण गरिएको थियो विगत वर्षहरूदेखि भानुजयन्ती काजीरोशनमा मनाउने गरिएको भए तापनि २०५४ सालदेखि धवलागिरि साहित्य प्रतिष्ठाले गहकिलो दृष्टिकोण राखी वृक्षारोपण गरी भानुजयन्ती वर्षेनी मनाउने उपयुक्त जग्गाको खोजिको सिलसिलामा गुठी वन क्षेत्र उपयुक्त देखि प्र.जि.अ कर्मचारी र सहभागी साहित्यप्रेमीहरूले साल, सिसौं, सल्ला, पारिजात आदिका २०० विरुवा प्रतिष्ठानको अनुरोध र जिल्ला वन कार्यालयमा काजीरोशनको सिफारिसमा रामरेखा नर्सरीबाट ल्याई

---

[ज्ञज्ञठ] प्रतिष्ठानमा रहेका अभिलेख अवलोकबाट प्राप्त जानकारीअनुसार ।

वृक्षरोपण गरिएको थियो ।[ज्ञज्ञड] जसलाई भानुकुञ्ज नामाकरण गरिएको थियो । आज पनि उक्त स्थान भानुकुञ्जका रूपमा परिचित छ । वि.सं. २०५७ सालदेखि प्रतिष्ठानले विभिन्न प्रत्येक वर्ष आषाढ २९ गते भानुजयन्तीको अवसरमा स्थानीय सङ्घ संस्था एवम् व्यक्तिहरूको संयोजन र सहभागितामा भानुकुञ्ज अवलोकन कार्यक्रम सम्पन्न गर्दै आएको पाइन्छ ।[ज्ञज्ञढ]

## ४.१.३.२ स्थलगत चित्र एवम् कविता लेखन

साहित्यिक पदयात्रा र स्थलगतलेखन 'धवलागिरि साहित्य प्रतिष्ठान'ले २०५४ सालमा वृक्षरोपण गरी भानुकुञ्जको स्थापना गरेपछि विशेषतः २०५७ सालदेखि **धवलागिरि साहित्य प्रतिष्ठान**को कार्यकक्षादेखि गुठी (चिप्लेटी) मा स्थापित भानुकुञ्ज सम्म साहित्यिक पदयात्रा सम्पन्न गर्दै आएको पाइन्छ । स्थानीय साहित्यकार कविलेखक, पत्रकार समाजसेवी विभिन्न सङ्घ संस्थाका प्रमुख एवम् प्रतिनिधि विभिन्न कार्यालयका प्रमुख लगायतको सहभागिता, संयोजन र सामानजस्यतामा सम्पन्न गरिँदै आएको साहित्यिक पदयात्रा वि.सं. २०५७ देखि २०६५ सम्म प्रत्येक असार २९ गते भानुजयन्तीकै अवसरमा गरिँदै आएको पाइन्छ । साहित्यिक पदयात्रा भानुकुञ्जमा पुगिसकेपछि सहभागिहरूका बीच स्थलगत रूपमै भानुको चित्रलेखनका साथै स्थलगत कविता लेखन र वाचन समेत गरिन्छ । स्थलगत रूपमा १५ मिनेटमा लेखिएका कविता र १० मिनेटमा कोरिएका स्थलगत चित्रका बीच उत्कृष्टताका आधारमा प्रथम, द्वितीय, तृतीय र सान्त्वना स्थानको छनौट गरी पुरस्कृत समेत गर्ने व्यवस्था रहेको पाइन्छ । सो अवसरमा भानुप्रवचन गोष्ठीको समेत आयोजना गरिँदै आएको देखिन्छ ।[ज्ञद्दण] **धवलागिरि साहित्य प्रतिष्ठान**ले प्रकृतिको काखमा सर्जकहरूलाई जम्मा गरेर उनीहरूभित्र निहित प्रतिभाहरूको प्रस्फुटन गराउने जुन एउटा अभियान भानु जयन्तीको अवसरमा सञ्चालन गर्ने परम्परा गरेको छ । त्यो अरू भेकका स्रष्टाहरूको निमित्त पनि प्रेरणाको विषय हो ।[ज्ञद्दज्ञ] स्रष्टाहरू प्रकृतिकै काखमा प्रकृतिसँगै रमाउने स्वभाविक गुण भएको प्राणी भएकोले प्रकृतिबाट सिक्ने र प्रकृतिबाट रमाएर त्यसबाट

---

[ज्ञज्ञड] काजीरोशन (सम्पा.) **स्थलगत कविता** (बागलुङः धवलागिरि साहित्य प्रतिष्ठान २०६२),पृ. क ।

[ज्ञज्ञढ] प्रतिष्ठानबाट प्राप्त कार्यक्रम पुस्तिका र सूचनाअनुसार ।

[ज्ञद्दण] काजीरोशन (सम्पा.) **स्थलगत कविता,** (बागलुङः 'धवलागिरि साहित्य प्रतिष्ठान' २०६३), पृ.३०-३५।

[ज्ञद्दज्ञ] बालकृष्ण भट्टराई 'शुभकामना' ऐजन, पृष्ठ क ।

भावना र कल्पना टिपेर पाठकलाई पस्कने दायित्व भएको हुनाले हाल काजीरोशनमा काजीरोशनबाट भानु जयन्ती काव्य परिवेश स्वागत योग्य छ।[ज्ञद्द]

यसरी प्रतिष्ठानले दिवङ्गत स्रष्टाहरूको जन्म जयन्ती सम्पन्न गर्दै आएको पाइन्छ स्रष्टाको श्रद्धाञ्जली सिर्जनाका माध्यमबाट गर्ने जुन प्रयास भएको छ त्यो अत्यन्त सह्रानीय छ।

### ४.१.४ साहित्यिक भेटभाट

**धवलागिरि साहित्य प्रतिष्ठान**को स्थापना कालदेखि साहित्यिक स्रष्टाहरूसँगको भेटघाट र छलफल, गर्ने क्रममा विभन्न अतिथि एवम् प्रतिष्ठित कविलेखकहरू आगमनमा साहित्यिक कार्यक्रमहरूको आयोजना गरी स्थानीय साहित्यिक परिवेश र राष्ट्रिय अवस्थाबीचको सामञ्जस्यता कायम गर्ने प्रयास गर्दै आएको पाइन्छ । प्रतिष्ठानले साहित्यकार कृष्णचन्द्र सिंह प्रधान र मोहनराज शर्मालाई अभिनन्दन गर्नुका साथै कमल दीक्षितलाई सम्मानसमेत गरेको पाइन्छ । स्थानीय स्तरका विविध साहित्यिक गतिविधिको जानाकारी गराउने र राष्ट्रिय परिवेशको ज्ञान लिने उद्देश्यले विभिन्न विशिष्ट महानुभावहरूको आगमन एवम् उपस्थितिमा साहित्यिक भेटघाट एवम् विचार गोष्ठी कार्यक्रममा विभिन्न विषयमा छलफल भएको पाइन्छ। जसलाई यसरी प्रस्तुत गरिन्छ। [ज्ञद्घ]

| **क.सं.** | **मिति** | **सन्दर्भ** | **कार्यक्रम** |
|---|---|---|---|
| (१) | ०४२ कार्तिक ४ गते | प्रतिष्ठानको प्रथम वार्षिक उत्सवको सन्दर्भमा | प्रतिष्ठान स्थापनाको एक वर्ष पुगेको सन्दर्भमा प्रतिष्ठानले भावी दिनमा खेल्नुपर्ने भूमिकाको सन्दर्भमा भेटघाट कार्यक्रमको आयोजना गरेको थियो । सो अवसरमा स्थानीय बुद्धिजीवि एवम् कविलेखकहरूको उपस्थिति रहेको थियो। |
| (२) | ०४२ कार्तिक ८ गते | युवा वर्षको सन्दर्भ | अञ्चल स्तरीय कविगोष्ठि र निवन्ध प्रत्योगिताका सन्दर्भमा छलफल गर्न प्रतिष्ठानको कार्यकक्षमा भेटघाट कार्यक्रम सम्पन्न। |
| (३) | ०४३ आश्विन ३१ गते | प्रतिष्ठानको दोस्रो वार्षिकोत्सव | ‘धवलागिरि साहित्य प्रतिष्ठान’ स्थापनाको दोस्रो वर्ष पुगेको अवसरमा स्थानीय नारायण चोक चौतारीमा स्थानीय व्यक्तिहरूबीच खुल्ला भेटघाट कार्यक्रम। |
| (४) | ०४३ फल्गुण १८ गते | साहित्यकार कमल दीक्षितको काजीरोशन आगमनको सन्दर्भ | कमल दीक्षित स्थानीय साहित्यकारहरूबीच सामीप्यता एवम् आत्मीयता अभिवृद्धि गर्ने उद्देश्यले कार्यक्रम आयोजना भएको । राष्ट्रिय साहित्यमा धवलागिरिको पहिचानका सन्दर्भमा छलफल। |

[ज्ञद्द] बद्रि पालिखे, ऐजन।

[ज्ञद्घ] प्रतिष्ठानमा अवस्थित कार्यक्रम पुस्तिकाहरूबाट।

| | | | |
|---|---|---|---|
| (५) | ०५१ फल्गुण १७ गते | साहित्यकार भवानी घिमिरेको स्वागत | साहित्यकार भवानी घिमिरेको काजीरोशन प्रवेशलाई स्वागत गरी स्थानीय पहुँच र राष्ट्रिय साहित्यिक परिवेशका सन्दर्भमा छलफल र भेटघाट कार्यक्रम । |
| (६) | ०५३ मङ्सिर ४ गते | सुनसरी साहित्य प्रतिष्ठानका अध्यक्ष वद्रि पालिखेको काजीरोशन आगमन | बद्रि पालिखे काजीरोशन पुगेको अवस्था धवलागिरि र सुनसरी साहित्य, प्रतिष्ठानको सम्बन्ध, सामीप्यता र सौहार्दता अभिवृद्धि हेतु स्थानीय साहित्यकारहरू, प्रतिष्ठानका सदस्यहरू र कवि पालिखेबीच भेटघाट कार्यक्रम । |
| (७) | ०५३ मङ्सिर १९ गते | सुनसरी प्रतिष्ठानका प्रतिनिधिसँगको भेटको अवसर | सुनसरी साहित्य प्रतिष्ठान र 'धवलागिरि साहित्य प्रतिष्ठान'बीच भेटघाट कार्यक्रम भएको र सो अवसरमा साझा योजना र उद्देश्य सहितको प्रेस-विज्ञप्ति समेत संयुक्त रूपमा प्रस्तुत गरिएको । |
| (८) | ०६१ माघ ११ गते | सङ्घ-संस्था सङ्घको सम्बन्ध अभिवृद्धि गर्ने सन्दर्भ | यस सन्दर्भमा नेपाल पत्रकार महासँघ धवलागिरि शाखा, धवलागिरि एफ.एम. प्रा.लि., भावक अभियान नेपाल धवलागिरि लगायतका सङ्घ संस्थाका व्यक्तित्वहरूसँग प्रतिष्ठानले समसामयिक विषयमा छलफल गर्न भेटघाट कार्यक्रम राखेको र सो सन्दर्भमा धवलागिरि क्षेत्रको विकासमा खेल्न सकिने भूमिकाका बारेमा समेत छलफल भएको देखिन्छ । |
| (९) | ०६२ चैत्र ३ गते | कार्य समीक्षा | 'धवलागिरि साहित्य प्रतिष्ठान'ले गर्दै आएका कार्यहरूको समीक्षा र भावी भोजनाका बारेमा छलफल गर्न प्रतिष्ठानकै कार्यकक्षमा स्थानीय साहित्यकारहरूसँगको भेघाट कार्यक्रम सम्पन्न । |

### ४.१.५ स्मृतिसभा

कुनै पनि राष्ट्रलाई समृद्ध एवम् जीवन्त तुल्याउने सारथीहरूप्रतिको स्मरण पनि आफैमा महत्त्वपूर्ण र प्रेरणादायी हुन्छ । नेपाली भाषा, साहित्य, संगीत र कलाका क्षेत्रमा उल्लेख्य योगदान दिने व्यक्तिहरूको अभिनन्दन र सम्मान गर्ने एवम् त्यस्ता विशिष्ट व्यक्तित्वहरूको निधनमा शोकसभा र तिनीहरूको योगदानको कदर गर्ने परिपाटी भने प्रजातन्त्रको प्रादुर्भाव पश्चात् थालनी भएको पाइन्छ ।[ज्ञद्दद्ध] खास गरी कुनै स्रष्टा दिवङ्गत भएको दिनलाई संझने हिसाबले गरिने सभा स्मृतिसभा हो । प्रतिष्ठानले पनि यस्ता स्मरण र सम्मानलाई अगाडि बढाउने क्रममा स्मृतिसभा गरेको पाइन्छ ।[ज्ञद्दछ]

---

ज्ञद्दद्ध रमा शर्मा (सम्पा.) राष्ट्रभाषा पूर्ववत् पृष्ठ ।

ज्ञद्दछ प्रतिष्ठानको आफ्नै कार्यक्रम पुस्तिकाबाट ।

| क.सं | मिति | सन्दर्भ/ स्रष्ठा | कार्यक्रम |
|---|---|---|---|
| १ | ०५१ माघ २९ | कवि धरणीधर कोइरालाको स्मृतिमा | स्मृति सभा स्थानीय कविलेखकहरूको सहभागितामा भएको र सो अवसरमा धरणीधरको योगदानको स्मरण समेत गरिएको सहभागिताहरूले स्मृति कविता समेत पाठ गरी कार्यक्रम सम्पन्न । |
| २ | ०५२ फाल्गुण ९ गते | स्व. संगीतकार मास्टर मित्र सेनको शतवार्षिकी | यो कार्यक्रममा साहित्य, कला र संस्कृतिका क्षेत्रमा क्रियाशील स्थानीय व्यक्तिहरूको उपस्थिति रहेको र सो अवसरमा मास्टर मित्रसेनको स्मरण र योगदानको चर्चा गरी कार्यक्रम सम्पन्न । |

### ४.१.६ शोकसभा

जन्म र मृत्यु प्रकृतिका नियमित प्रक्रियाका प्रमुख विषय हुन्, या त राम्रा काम गर्ने होस्, या त नराम्रा काम । यी सबैको मृत्यु अवश्यम्भावी छ । फरक यही हो जसले योगदान गर्न सक्दैन उसको मृत्युले पनि राष्ट्रले क्षति बेहोर्नु पर्दैन । जसले राष्ट्र र जनताका लागि योगदान गर्दछ । उसको निधनले अपुरणीय क्षति बेहोर्नु पर्दछ । कविलेखनहरूको अथक परिश्रम र मेहनेतले राष्ट्रको भाषासाहित्यलाई समृद्ध बनाउँछ । ती कवि लेखकहरूको निधनले पनि राष्ट्रले ठूलो क्षति बेहोर्नु पर्दछ । त्यस्ता व्यक्तिहरूमा सम्मान, श्रद्धा अर्पण गर्नु कर्तव्य ठानेर **धवलागिरि साहित्य प्रतिष्ठान**ले पनि नेपाली साहित्यको श्रीवृद्धिमा योगदान पुऱ्याउने व्यक्तित्व र अन्य विशिष्ट महानुभावको निधनको अवसरमा शोकसभाहरू गर्दै आएको पाइन्छ । मूल्याङ्कन र कदर गर्ने नेपाली शिक्षा परिषद् (२००८) ले गरेको थालनीको परम्पराको निरन्तरता प्रतिष्ठानले दिन खोजेको पाइन्छ । जसलाई यसप्रकार सूचीकृत गरिन्छ :[ज्ञद्दट]

| क.सं. | मिति | सन्दर्भ/स्रष्टा | कार्यक्रम |
|---|---|---|---|
| १ | ०४५ श्रावण १ गते | जगदम्बा देवीको निधन | २०४५ श्रावण ३० गते जगदम्बा देवीको निधन भएकोमा शोकसभा सम्पन्न । सो अवसरमा |

[ज्ञद्दट] प्रतिष्ठानबाट सञ्चालित कार्यक्रम पुस्तिका र अन्य अभिलेखबाट ।

| | | | |
|---|---|---|---|
| | | | उनीप्रति श्रद्धाञ्जलि अर्पण गर्दै योगदानको चर्चा गरिएको । |
| २ | ०४७ पौष १ गते | नारायण गोपाल र हिरामणि शर्मा पौडेलको निधन | स्वरसम्राट नारायण गोपाल र भाषासेवी हिरामणि शर्मा पौडेलको निधनमा प्रतिष्ठाले शोक सभा आयोजना गरी उनीहरूप्रति हार्दिक श्रद्धाञ्जलि अर्पण गर्नुका साथै श्रद्धाञ्जलि रचना समेत पाठ गरिएको । |
| ३ | ०५२ आश्विन २० गते | बद्रिविक्रम थापाको निधन | भाषासेवी एवम् समाजसेवी बद्रिविक्रम थापाको निधनमा श्रद्धाञ्जली अर्पण गर्दै शोक सभा सम्पन्न । |
| ४. | ०५५ आश्विन २३ गते | कवि केदारमान व्यथितको निधनमा | कवि केदारमान व्यथितको निधनमा श्रद्धाञ्जलि अर्पण गर्दै उनको योगदानको चर्चा र स्मृति रचना वाचनसहित शोक सभा । |
| ५. | ०५६ श्रावण २७ गते | कवि विजय मल्लको निधन | ०५६।४।८ का दिन कवि विजय मल्लको निधन भएकोमा शोक कविता वाचन गर्दै दिवङ्गत आत्माको चीरशान्तिको कामना सहित श्रद्धाञ्जली अर्पण गरिएको । |
| ६ | ०५७ पौष ७ गते | गीतकार छिन्नलताको निधन | गीतकार रमोलादेवी शाह (छिन्नलता) को निधन भएकामा छिन्नलताप्रति श्रद्धाञ्जली अर्पण गर्दै शोक कविता वाचन । |
| ७. | ०५८ जेष्ठ ३२ गते | तत्कालीन राजा वीरेन्द्र र रानी ऐश्वर्यसहित सपरिवारको निधन | २०५८ साल जेष्ठ १९ गते तत्कालीन राजा वीरेन्द्र र रानी ऐश्वर्य सहित तत्कालीन राजपरिवारका सदस्यहरूको दरवारहत्याकाण्डमा भएको निधनमा उनीहरूप्रति श्रद्धाञ्जली अपर्ण गर्दै शोककविता वाचन गरी शोकसभा सम्पन्न । |
| ८ | ०५९ कार्तिक २२ गते | साहित्यकार लैनसिंह वाङदेलको निधन | ०५९ साल कार्तिक १० गते साहित्यकार लैनसिंह वाङ्देलको निधन भएकोमा शोक सभा सम्पन्न सो कार्यक्रममा वाङ्देलप्रति श्रद्धाञ्जली अर्पण गर्दै शोक रचना समेत वाचन गरिएको । कार्यक्रम १३ औं पुण्यतिथिको अवसरमा गरिएको थियो । |

### ४.१.७ पुस्तक विमोचन

साहित्यिक सङ्घ संस्थाहरूको प्रमुख भूमिका भनेको पनि कवि लेखकहरूलाई प्रोत्साहन र सम्मान दिँदै सहयोगीको रूपमा भाषासाहित्यको विकास संरक्षण र संबर्द्धन गर्ने हो । कवि लेखकहरूका कृतिहरूको लोकार्पण गरेर पनि स्रष्टाहरूालई थप हौसला र प्रोत्साहन वृद्धि गर्न सकिन्छ । लोकार्पण कार्यक्रममा हुने समीक्षा, टीका टिप्पणी र सुझावले लेखकलाई झनै परिस्कृत र परिमार्जित भएर अगाडि बढ्ने उत्प्रेरणा प्रदान गर्दछ । **धवलागिरि साहित्य प्रतिष्ठान**ले आफ्नो स्थापना देखिनै विभिन्न रचनात्मक साहित्यिक

अभियान सञ्चालन गर्दै अगाडि बढिरहेको पाइन्छ । यो अभियानले थुपै प्रतिभाहरू जन्माइसकेको देखिन्छ भने यसको प्रेरणा र मार्गले थुप्रै स्रष्टाहरूलाई उचाइ प्रदान गरिसकेको छ । प्रतिष्ठानका रचनात्मक साहित्यिक गतिविधिहरूमध्ये पुस्तक-विमोचन पनि महत्त्वपूर्ण रूपमा रहेको पाइन्छ ।

यस प्रतिष्ठानको आयोजनामा निम्नलिखित पुस्तकहरूको विमोचन कार्यक्रम सम्पन्न भएको पाइन्छ :[ज्ञद्दठ]

| क.स. | विमोचन मिति | पुस्तकको नाम | लेखक /सम्पादक | प्रकाशन वर्ष | विधा |
|---|---|---|---|---|---|
| १ | २०४४ घटस्थापना | अटेरी चल्लो | बानियाँ कान्छा | २०४४ | बालकथा |
| २ | २०४७ घटस्थापना | अनुभूति यात्रामा | अविनाश श्रेष्ठ | २०४७ | कविता |
| ३ | २०५० घटस्थापना | काजीरोशन्को ऐतिहासिक रूपरेखा | विष्णुप्रसाद मैत्रैय | २०५० | इतिहास |
| ४ | २०५३ घटस्थापना | रगतका दुई रङ्ग | साधना प्रतीक्षा | २०५३ | कथा |
| ५ | २०५३।३।२९ | मनका खुशीहरू | इन्द्रकुमार विकल्प | २०५३ | कविता |
| ६ | २०५६।६।२३ | जस्केलाबाट चियाउने सूर्य | इन्द्रकुमार श्रेष्ठ सरित | २०५६ | कथा |
| ७ | २०५८।४।२७ | बाटोभरिका बिसौनीहरू | मोहन चापागाईं | २०५८ | नियात्रा |
| ८ | २०५८।७।१ | अस्वीकृत कथाहरू | हरिप्रसाद भण्डारी | २०५८ | कथा |
| ९ | २०६०।२।९ | पैतीस गते | धनराज सापकोटा | २०६० | कथा |
| १० | २०६०।६।२५ | ‘डम्बरेको टालो’ | जगतबहादुर जोशी | २०६० | उपन्यास |
| ११ | २०६०।५।५ | बुद्ध बनेका सिद्धार्थ | तुलसी पौडेल | २०६० | कविता |
| १२ | २०६२।५।१८ | भाइटीका | बाबुराम शील | २०६२ | नाटक |
| १३ | २०६२।११।२६ | युद्धपिरामिड | कृष्ण उदासी | २०६२ | एकाङ्की |
| १४ | २०६२।११।२६ | एम्बुस, देश र फूलदानीहरू | काजीरोशन | २०६२ | कविता |
| १५ | २०६२।१२।११ | बाउको बिहे | षडानन्द पौडेल | २०६२ | निबन्ध |
| १६ | २०६३।९।८ | दूईथोपा आँशु | नारायणप्रसाद शर्मा | २०६३ | गीतिकविता |
| १७ | २०६३।९।८ | भ्रमर गीत | नारायणप्रसाद शर्मा | २०६३ | गीतिकविता |

[ज्ञद्दठ] ऐजन ।

| | | | | | |
|---|---|---|---|---|---|
| १८ | २०६३।१०।१४ | कवि, रोगी र नर्स | काजीरोशन | २०६३ | नियात्रा |
| १९ | २०६४।१।१ | एक झुप्पा प्रकाश | काजीरोशन | २०६३ | समीक्षा |
| २० | २०६४।१।१ | भैरहवाका शब्दगुच्छा | गायत्री परिरोशनी | २०६३ | विविध |
| २१ | २०६५।२।८ | अनुहार | मातृका पोखरेल | २०६४ | कविता |
| २२ | २०६५।२।८ | स्रष्टाभेटका स्वर्णाक्षर | काजीरोशन | २०६४ | सङ्ग्रह |
| २३ | २०६५।२।८ | किसान | काजीरोशन | २०६५ | कविता |

### ४.१.८ स्मृति प्रकाशन

**धवलागिरि साहित्य प्रतिष्ठान**को योजना र धवलागिरि क्षेत्रका युवा स्रष्टाहरूको सक्रियतामा २०५८ साल जेष्ठ ३० गते 'स्मृति प्रकाशन'को गठन गरिएको थियो । यसको उद्देश्यको योजनाका हिसाबले **धवलागिरि साहित्य प्रतिष्ठान** भन्दा केही पृथक भए तापनि गति र गन्तव्यमा समानता रहेको र कार्य सञ्चालनार्थ आफ्नै विधान समेत नभएका कारण यो प्रतिष्ठानकै संरक्षण र मातहतमा सञ्चालित रहेको पाइन्छ ।[ञद्दड] यसमा आबद्ध प्रमुख सदस्यहरूका कृतिहरू पालैपालो प्रकाशन गर्ने प्रत्येक पटक रु ५००। का दले उठाउने र प्रकाशनको निर्णयअनुसार कृति प्रकाशन गर्दै जाने उद्देश्यका साथ १५ जनाको प्रारम्भिक समूह प्रमुख सदस्यका रूपमा रहेको पाइन्छ । प्रवेश शुल्क रु १००।- मात्र कायम गरिएको भए तापनि सदस्यता विस्तार र समूह बृद्धिका लागि यसको पालोअनुसारको घुम्ती प्रकृयाले केही असहज देखिएका कारण सहयोगी सदस्यका रूपमा केही नयाँ सदस्यहरूको प्रवेश भएको देखिन्छ । यसमा प्रारम्भिक प्रमुख सदस्यका रूपमा रहेका सदस्यहरू यस प्रकार देखिन्छन् ।[ञद्दढ]

| **क्र.स.** | **नाम** | **क्र.स.** | **नाम** |
|---|---|---|---|
| १ | काजीरोशन | २ | गङगाधर अधिकारी 'चिन्तन' |
| ३ | भव भिन्न | ४ | ओमप्रसाद घायल |
| ५ | विष्णु ज्ञवाली | ६ | तिलाराम सापकोटा |
| ७ | गोविन्द नेपाली | ८ | भक्त कार्की |

[ञद्दड] प्रतिष्ठानको कार्यकक्षमा संरक्षित स्मृति प्रकाशनको निर्णय पुस्तिका र अन्य अभिलेखबाट पाप्त जानाकारीअनुसार ।

[ञद्दढ] ऐजन ।

| | | | |
|---|---|---|---|
| ९ | राजु वि.क. | १० | बाबुराम शील |
| ११ | तारा शर्मा 'एस' | १२ | तारा शर्मा |
| १३ | शान्ता राना | १४ | पाम ब. थापा |
| १५ | शिव शर्मा 'सजग' | | |

त्यसैगरी स्मृति प्रकाशनको २०६२ साल भाद्र ११ गतेको निर्णयअनुसार केही सहयोगी सदस्यहरू थप्ने व्यवस्था भएअनुसार स्मृति प्रकाशनमा यस प्रकारका सहयोगी सदस्यहरू रहेको पाइन्छ ।[ज्ञघण]

| **क.स.** | **नाम** | **क.स.** | **नाम** |
|---|---|---|---|
| १ | नारायणी खरेल | ५ | केशव लामिछाने |
| २ | उमा शर्मा | ६ | चन्द्र सूर्य |
| ३ | रामथापा अविरल | ७ | अरूण अनामी |
| ४ | कल्पना शर्मा अभिलाशी | | |

उपर्युक्त सदस्यहरू कायम रहेको स्मृति प्रकाशनको कार्य सञ्चालनका लागि एउटा कार्यसम्पादन समिति समेत रहेको देखिन्छ । स्मृति प्रकाशनको २०६५ मा चालु कार्य सम्पादन समिति यस प्रकार रहेको पाइन्छ ।[ज्ञघज्ञ]

अध्यक्ष : काजीरोशन

उपाध्यक्ष : गङ्गाधर अधिकारी 'चिन्तन'

सचिव : भव भिन्न

सह-सचिव : तारा शर्मा

कोषाध्यक्ष : गोविन्द नेपाली

सदस्यहरू :

ओमप्रसाद घायल, विष्णु ज्ञवाली

तिलाराम सापकोटा, भक्त कार्की

राजु वि.क., बाबुराम शील

[ज्ञघण] स्मृति प्रकाशनको निर्णय पुस्तिकाअनुसार ।

[ज्ञघज्ञ] ऐजन ।

तारा शर्मा 'एस', शान्ता राना

शिव शर्मा 'सजग', यामबहादुर थापा

**धवलागिरि साहित्य प्रतिष्ठान**का अध्यक्षसमेत रहेका काजीरोशनको अध्यक्षतामा गठित स्मृति प्रकाशनले प्रकाशन, साहित्य गोष्ठी, शोकसभा, पुस्तक विमोचन जन्मजयन्तीका अलवा स्मृति एकल रचना वाचन, प्रतिभाको खोजी गाउँगाउँ जस्ता रचनात्मक साहित्यक क्रियाकलापहरू सञ्चालन गर्दै आएको पाइन्छ । यसका रचनात्मक गतिविधिहरू यसप्रकार छन् ।[ज्ञघद्द]

### ४.१.८.१ प्रकाशन

स्मृति प्रकाशनको मुख्य उद्देश्य भनेको नै प्रमुख रूपमा १५ प्रमुख सदस्यहरूको रु ५००।- जम्मा गरी पालैपालो कृतिहरू प्रकाशन गर्दै जाने रहेको पाइन्छ । प्रत्येक पटकका लागि रु ५००।- का दरले जम्मा हुन जाने रु ७, ५००।- ले प्रकाशन खर्च नपुगेमा लेखक स्वयम्ले बाँकी व्ययभार गर्ने व्यवस्था रहेको पाइन्छ । उद्देश्य अनुरूप कवि ओमप्रसाद घायलको कवितासङ्ग्रह **कुरुक्षेत्रको पर्खालभित्र** (२०५८) प्रथम प्रकाशनका रूपमा आएको पाइन्छ । त्यसै गरी कवि तिलाराम सापकोटाको **कतै दुख्दैछन मनहरू** नामक कवितासङ्ग्रह दोस्रो कृतिका रूपमा २०५८ मै आएको देखिन्छ भने २०५८ चैत्र १६ गते स्मृति प्रकाशनको बैठकले कवि गङ्गाधर अधिकारी 'चिन्तन' को कवितासङ्ग्रह **चरा, जून र आकाश** प्रकाशन गर्ने निर्णय गरेको भए तापनि उक्त कृतिको प्रकाशन भने हुन नसकेको छैन ।[ज्ञघघ]तर छुट्टै प्रक्रियाका आधारमा थप अरू कृतिहरूको प्रकाशन भने भएको पाइन्छ । त्यस प्रक्रियाका रूपमा बाबुराम शीलको उपन्यास **भाइटीका**, प्रेमबहादुर सर्वुजा थापाको उपन्यास **प्रेम विछोड** र गोविन्द नेपालीको उपन्यास **साथी म मरेको छैन** जस्ता कृतिहरू प्रकाशनमा आएको देखिन्छ ।[ज्ञघद्ध]यी कृतिहरू विभिन्न मितिमा स्मृति प्रकाशनबाटै लोकार्पणसमेत भएको पाइन्छ ।

### ४.१.८.२ एकल रचनावाचन

---

[ज्ञघद्द] प्रतिष्ठानको कार्यकक्षमा संरक्षित स्मृति प्रकाशनका अभिलेखअनुसार ।

[ज्ञघघ] स्मृति प्रकाशनका निर्णय पुस्तिका र अभिलेखअनुसार ।

[ज्ञघद्ध] प्रकाशित कृति र अभिलेखअनुसार ।

स्मृति प्रकाशनद्वारा सञ्चालित साहित्य एवम् सूचनामूलक एकल रचना वाचन कार्यक्रम सञ्चालनमा आएको देखिन्छ । स्मृति प्रकाशनका विभिन रचनात्मक साहित्यिक गतिविधिहरू मध्ये एकल रचना वाचन प्रभावकारी र महत्त्वपूर्ण कार्यक्रमका रूपमा रहेको छ । प्रतिभाको खोजी र प्रस्फुटन गर्दै सिर्जनामा अभिप्रेरित गरी नेपाली भाषासाहित्यको क्षेत्रमा टेवा पुऱ्याउने उद्देश्यले सञ्चालित यो कार्यक्रम प्रकाशनको आफ्नै स्वरूपमा सञ्चालित रहेको पाइन्छ । छनोट भएको एक जना प्रतिभाले आफ्नो रचनाहरू वाचन गर्ने र एक जना स्मृति पाहुना समेत रहने व्यवस्था भएको यस कार्यक्रमको सूची यस प्रकार रहेको छ ।[ज्ञघछ]

| क.सं | मिति | वाचक | स्मृति पाहुना |
|---|---|---|---|
| १ | २०६२ भाद्र | नारायणी खरेल (गुल्मी) | ऋषिराम शर्मा |
| २ | २०६२ आश्विन | रेखाकौशल रेग्मी (म्याग्दी) | हेमराज शर्मा |
| ३ | २०६२ कार्तिक | सरस्वती शर्मा (पर्वत) | के.वि.राना मगर |
| ४ | २०६२ मङ्सिर | प्रकटकुमार शिशिर (काजीरोशन) | देवबहादुर श्रेष्ठ |
| ५ | २०६२ पौष | रामप्रसाद सुवेदी (म्याग्दी) | पद्मनाथ शर्मा |
| ६ | २०६२ माघ | भरत विवश पौडेल (पर्वत ) | सुवास पन्त |
| ७ | २०६२ फाल्गुण | गायत्री परिरोशनी (स्याङ्जा) | डा. भूपेन्द्र खड्का |
| ८ | २०६२ चैत्र | लालबहादुर ऋतम्भरा | कृष्णमैया अधिकारी |
| ९ | २०६३ बैशाख | भक्त कार्की (म्याग्दी) | लालचन्द्र राजभण्डारी |
| १० | २०६३ जेष्ठ | लिलानाथ असन्तोषी (पर्वत) | बद्रिप्रसाद शर्मा |
| ११ | २०६३ आषाढ | मोहराज शर्मा (जैदी, काजीरोशन) | सुदर्शन श्रेष्ठ |
| १२ | २०६३ आश्विन | यामबहादुर थापा (भकूण्डे, काजीरोशन्) | जगन्नाथ शर्मा |
| १३ | २०६३ कार्तिक | आमोद साहित्यकुञ्ज (विहुँ काजीरोशन) | टिकाराम सापकोटा |
| १४ | २०६३ मङ्सिर | दिल श्रीस निरिह (धम्जा, काजीरोशन) | गोविन्द भण्डारी |
| १५ | २०६३ पौष | टीका पाइजा (रणसिंहकिटेनी काजीरोशन) | - |
| १६ | २०६३ माघ | दिलबहादुर सेर्बुजा (ताराखोला, काजीरोशन) | - |
| १७ | २०६३ फाल्गुण | निशानी मगर (काजीरोशन) | - |
| १८ | २०६३ चैत्र | ताराप्रसाद शर्मा ‘स्टार’ (सुखौरा, काजीरोशन) | |
| १९ | २०६४ बैशाख | हरि शर्मा हरिश (अमलाचौर, काजीरोशन) | ईश्वरीप्रसाद शर्मा ढकाल |
| २० | २०६४ जेष्ठ | खड्ग थापा (पाला, काजीरोशन) | - |
| २१ | २०६४ आषाड | सुन्तली कुँवर (दुदिलाभाटी, काजीरोशन) | - |
| २२ | २०६४ श्रावण | सञ्जन कुमार सिंह (सिगाना, काजीरोशन) | - |
| २३ | २०६४ भाद्र | हस्त के.सी. ‘जलन’ (तित्याङ, काजीरोशन) | चूडामणि शर्मा आचार्य |

यसरी स्मृति प्रकाशनले एकल रचना वाचन कार्यक्रमका माध्यमले प्रतिभाको खोजी गाउँगाउँ भन्ने अभियान सञ्चालन गर्दै आएको पाइन्छ भने जिल्लाका प्रत्येक गा.वि.स.मा पुग्ने कार्यक्रम गरेको पाइन्छ । जैदीका मोहराज शर्माबाट प्रारम्भ भएको यो अभियान

[ज्ञघछ] स्मृति प्रकाशनको कार्यक्रम पुस्तिका र अन्य अभिलेखअनुसार ।

विभिन्न गाउँहरूमा पुगेको छ । साहित्यिक भेटघाट, पुस्तक विमोचन जस्ता कर्याक्रमहरू पनि विभिन्न सन्दर्भ र स्वरूपमा गर्दै आएको देखिन्छ । यस प्रकाशनले युवाहरूलाई जागृत गर्ने उद्देश्यले युवा सम्मान कार्यक्रमको समेत थालनी गरेको छ । यस कार्यक्रमअनुसार २०६५ भाद्र १४ गते निलमकुमार शर्मालाई सम्मान गरिएको थियो ।

### ४.१.९ धवलागिरि साहित्य प्रतिष्ठानबाट प्रकाशित कृतिहरूको सूची

नेपाली भाषासाहित्यमा उच्चकोटिका ग्रन्थहरूको सिर्जनाद्वारा साहित्य भण्डार बढाउने दिशामा योगदान पुऱ्याउने उद्देश्य बोकेको 'धवलागिरि साहित्य प्रतिष्ठान'ले प्रतिष्ठानद्वारा पुरस्कृत पाण्डुलिपिको प्रकाशनलाई कार्ययोजनाका रूपमा लिएको पाइन्छ ।[ज्ञघट] यसका साथै विभिन्न क्षेत्रका साधन र स्रोतको अभावमा प्रकाशमा आउन नसकेका कृतिहरूको प्रकाशनलाई पनि योजनाका रूपमा लिएको पाइन्छ । विशेषतः पुरस्कृत पाण्डुलिपिलाई प्रकाशनको प्रमुख कार्ययोजनाका रूपमा लिएको भए तापनि प्रतिष्ठानले अन्य धेरै कृतिहरूको समेत प्रकाशन गर्दै आएको पाइन्छ । वि.सं. २०४२ सालमा 'उपहार' नामक **धवलागिरि साहित्य प्रतिष्ठान**का दुई ओटा मुखपत्र प्रकाशित भएको पाइन्छ । यी मुखपत्रमा प्रतिष्ठानले गरेका क्रियाकलापहरूको बारेमा समीक्षात्मक एवम् विवरणात्मक जानाकारी दिइएको पाइन्छ । [ज्ञघठ]

त्यस्तै भानुजयन्तीलाई प्रमुख रूपमा मनाउँदै आएको प्रतिष्ठानले भानुकुञ्जमा स्थलगत रूपमा वाचन गरिएका कविताहरूलाई र प्रतिष्ठानका समाचारहरूलाई समाहित गरी '१९१ औं भानुजयन्ती **स्थलगत कवितासङ्ग्रह** र १९२ औं भानुजयन्तीमा वाचन गरिएका स्थलगत कविता र अन्य समाचार विवरणहरूलाई समाहित गरी **स्थलगत कविता २०६३** का साथै **स्थलगत कविता २०६५** समेत सम्पादन र प्रकाशन गरेको पाइन्छ । विशेषतः यी सङ्ग्रहहरूमा प्राकृतिक सौन्दर्यता र भानुप्रति समर्पित रहेका कविताहरू सङ्ग्रहित रहेको पाइन्छ । केही शुभकामना, प्रबन्ध समितिका पदाधिकारी र समाचार टिप्पणीसमेत समाहित यी सङ्ग्रह प्रतिष्ठानका सूचना स्रोतका रूपमा रहेको देखिन्छ ।[ज्ञघड]विभिन्न

---

[ज्ञघट] प्रतिष्ठानको विधानबाट प्राप्त जानाकारीअनुसार ।

[ज्ञघठ] प्रतिष्ठानको मुखपत्र, **उपहार** (वर्ष १ अङ्क १ र २ ,२०४२) ।

[ज्ञघड] काजीरोशन, (सम्पा.) **स्थलगत कविता** (२०६२ र २०६३) ।

प्रकाशनलाई अगाडि बढाइरहेको साहित्य प्रतिष्ठानद्वारा प्रकाशित विविध विधाका कृतिहरूको सूची यसप्रकार रहेको छ ।[ज्ञघढ]

| क्र.सं. | लेखक /सम्पादक | कृतिको नाम | विधा | प्रकाशन वर्ष |
|---|---|---|---|---|
| १ | काजीरोशन (सम्पा.) | उपहार | मुखपत्र-१ | २०४२ |
| २ | काजीरोशन (सम्पा.) | उपहार | मुखपत्र-२ | २०४२ |
| ३ | बानियाँ कान्छा | अटेरीचल्लो | बालकथा | २०४४ |
| ४ | अविनाश श्रेष्ठ | अनुभूति यात्रामा | कविता | २०४७ |
| ५ | विष्णुप्रसाद शर्मा मैत्रेय | काजीरोशनको ऐतिहासिक रूपरेखा | इतिहास | २०५० |
| ६ | काजीरोशन (सम्पा.) | जगन्नाथ स्मृतिग्रन्थ | जीवनी | २०४९ |
| ७ | साधना प्रतीक्षा | रगतका दुई रङ्ग | कथा | २०५३ |
| ८ | इन्द्रकुमार श्रेष्ठ सरित | जस्केलाबाट चियाउने सूर्य | कथा | २०५६ |
| ९ | हरिप्रप्रसाद भण्डारी | अस्वीकृत कथाहरू | कथा | २०५८ |
| १० | जगतबहादुर जोशी | डम्बरेको टालो | उपन्यास | २०६० |
| ११ | काजीरोशन | चारो टिप्न गएका बस्तीहरू | नियात्रा | २०६० |
| १२ | काजीरोशन (सम्पा.) | स्थलगत कविता | कविता | २०६२ |
| १३ | कृष्ण उदासी | युद्धपिरामिड | नाटक | २०६२ |
| १४ | काजीरोशन | एम्बुस, देश र फूलदानी | कविता | २०६२ |
| १५ | काजीरोशन | स्थलगत कविता | कविता | २०६३ |
| १६ | काजीरोशन | कवि, रोगी र नर्स | नियात्रा | २०६३ |
| १७ | काजीरोशन | एकझुप्पा प्रकाश | भूमिका | २०६३ |
| १८ | गायत्री परिरोशनी (सम्पा.) | भैरहवाका शब्दगुच्छा | विविध | २०६४ |
| १९ | मातृका पोखरेल | अनुहार | कविता | २०६४ |
| २० | काजीरोशन | स्रष्टाभेटका स्वर्णाक्षर | हस्तलिपि सङ्ग्रह | २०६४ |
| २१ | काजीरोशन | किसान | कविता | २०६५ |

लेखक जति महत्त्वपूर्ण छ, ती लेखिएका कृतिहरूको सङ्ग्रह, संरक्षण, प्रकाशन त्यतिनै महत्त्वपूर्ण हुन्छ । नेपाली भाषामा लेखिएका कृतिहरूको प्रकाशन गरी नेपाली साहित्यको श्रीवृद्धिमा महत्त्वपूर्ण योगदान पुऱ्याउने काम प्रतिष्ठानले गरेको पाइन्छ ।

[ज्ञघढ] प्रतिष्ठानमा सुरक्षित अभिलेखअनुसार ।

### ४.२ धवलागिरि साहित्य प्रष्ठिानद्वारा पुरस्कृत कृतिहरूको सर्वेक्षणात्मक अध्ययन

### ४.२.१ बानियाँ कान्छाको *अटेरी चल्लो*

#### ४.२.१.१ विषयप्रवेश

**धवलागिरि साहित्य पुरस्कार प्रतिष्ठान**द्वारा प्रथम पुरस्कृत यो बालकथासङ्ग्रहका लेखक बानियाँ कान्छा हुन् । २०४४ सालको धवलागिरि साहित्य पुरस्कार प्राप्त यो कृति उनको पनि प्रथम कृति हो । बालक मनका रोचक अनुभूतिभित्रका आकर्षक विषयवस्तुलाई टपक्क टिपेर लेखिएका कथाहरूको यो सङ्ग्रह महत्त्वपूर्ण कृतिको रूपमा रहेको पाइन्छ । **धवलागिरि साहित्य प्रतिष्ठान**को नियमअनुसार पुरस्कृत यो पाण्डुलिपि प्रतिष्ठानले २०४४ सालमा नै प्रकाशनमा ल्याएको थियो । मूल विषयका दृष्टिले ४८ पृष्ठमा रहेको यो कृतिमा आमुखका पृष्ठ सहित जम्मा ५६ पृष्ठ रहेका छन् । मिलन शाक्यको आवरणचित्र र 'धवलागिरि साहित्य प्रतिष्ठान'का संस्थापकद्वय काजीरोशन र श्याम श्रेष्ठको आफ्ना विचारमा समाहित यस कृतिमा बानियाँ कान्छाको मन्तव्य र प्रतिष्ठानको प्रकाशकीय रहेको छ ।

यो कृति विषयवस्तुका हिसाबले सरल, सरस र ग्रामीण लोकजीवनमा भिजेका, भोगेका र भविष्यमा भोग्नुपर्ने विषयलाई जीवन्तता दिने काम भएको पाइन्छ । भाषाशैलीगत आधारमा हेर्दा बालबालिका जन्य, सरल सहज र रोचक भाषाशैलीको प्रयोगले कथाहरूलाई बालबालिकाले रुचिसाथ पढ्न कुनै अप्ठ्यारो देखिँदैन । आञ्चलिकताको केही प्रभाव रहेको यस कृतिको भाषिक रोचकता उच्च नै छ भन्न सकिन्छ ।

#### ४.२.१.२ निष्कर्ष

बोधगम्य ग्रामीण जनजीवनका नैतिक र प्रभावकारी उपदेशात्मक विषयवसतुको संयोजन रहेका कथाहरूको सङ्ग्रह **अटेरी चल्ला** उत्कृष्ट बालकथा सङ्ग्रहको रूपमा रहेको छ । बालकथाकार कान्छाले मध्यमस्तरीय बोलीचालीको भाषा प्रयोग गर्नुका साथै यस कृतिमा छोटा वाक्यांशको प्रयोगले बालबालिकालागि बोधगम्य बन्न पुगेको छ । प्रत्येक कथाहरूको सुरुमा भाइ बैनी हो ! भनी सम्बोधन गर्नुले कथा पढनका लागि बालबालिकाको

ध्यानाकर्षण गरेको छ । प्रत्येक कथा पढ्दा पाठकलाई कथाकारले आफूलाई भनेको जस्तो भाव जागृत बनाउन सक्नु यस कृतिको मूल विशेषता रहेको पाइन्छ ।

### ४.२.२ अविनाश श्रेष्ठको *अनुभूति यात्रामा*

#### ४.२.२.१ विषयप्रवेश

सन् १९५५ मई १४ (वि.सं २०१२, बैशाख ३१) गते भारतको आसम राज्यको राजधानी गुवाहाटीमा अविनाश श्रेष्ठको जन्म भएको हो । पर्वत जिल्ला कुश्माका उनका बाबु एम्. नारायण श्रेष्ठ व्यापारको सिलसिलामा आसम रहेको बेला उनको जन्म भएको हो । अविनाश श्रेष्ठले १२ वर्षे किशोर यसमा क्यान्सर रोगले पीडित आफ्ना पिताको देहावसानको पितृशोक खप्नुपर्‍यो । यस पीडाले अर्को प्रभावकारी कारक रूपमा अविनाश श्रेष्ठका अवचेतनलाई अन्तर्मुखी पीडाका अवस्थामा स्रोतका रूपमा भित्रभित्रै संवेदित तुल्याई भावी कवि व्यक्तित्वलाई उत्प्रेरित गरेको हुन सक्छ । अविनाश श्रेष्ठले बाल्यकालका ३-४ वर्षजति (वि.सं. २०१७-२०२२) पर्वत र काजीरोशनमा रही ३-४ कक्षासम्म अध्ययन गरे पनि उनको स्नातक तहसम्मको शिक्षा र कवि व्यक्तित्वको अभ्युदय र प्रतिष्ठा आसमकै नेपाली समुदायका सामाजिक-सांस्कृतिक परिवेशमा भएको हो ।[ज्ञद्धण] अन्य थुप्रै कृतिहरू प्रकाशित भइसेका कवि श्रेष्ठको **अनुभूति यात्रामा** कवितासङ्ग्रह **परेवा सेता-काला** (सन् १९८४, वि.सं. २०४१) र **समवेदना ओ समवेदना** (सन् १९८१, वि.सं. २०३८) पछिको तेस्रो कृतिको रूपमा पाइन्छ ।[ज्ञद्धज्ञ]' यही कवितासङ्ग्रह अनुभूति यात्रामा नै 'धवलागिरि साहित्य प्रतिष्ठान'को साहित्य पुरस्कार २०४७ प्राप्त गर्न सफल भएको थियो । **अनुभूति यात्रामा** कवितासङ्ग्रहका धेरै जसो कविताहरू सन् १९७८ देखि १९८३ सम्म लेखिएका हुन् । त्रिभुवन विश्वविद्यालयको नेपाली स्नातकोत्तर सिजर्नात्मक लेखनका लागि कविता विधा रोजी लेखन परिस्कार एवम् परिमार्जन गर्ने क्रममा यो सङ्ग्रहको तयारी भएको पाइन्छ ।[ज्ञद्धद्द] पूर्व खण्डको पृष्ठ ७८ सम्म ४३ ओटा कविताहरू रहेको यस कृतिको उत्तर खण्डमा पृष्ठ ७९ देखि ९८ सम्म 'आसमबाट उदाएका नेपाली नवकवि अविनाश श्रेष्ठको तेस्रो

---

[ज्ञद्धण] वासुदेव त्रिपाठी, 'भूमिका' अविनाश श्रेष्ठ **अनुभूति यात्रामा** (बागलुङ, 'धवलागिरि साहित्य प्रतिष्ठान', २०४७), पृ. ८० ।

[ज्ञद्धज्ञ] ऐजन पृ. ७९ ।

[ज्ञद्धद्द] अविनाश श्रेष्ठ 'नेपथ्य' ऐजन पृ. ख ।

कवितासङ्ग्रह प्रकाशनका सन्दर्भमा' भन्ने शीर्षकमा डा. बासुदेव त्रिपाठीको (मन्तव्य) भूमिका रहेको छ ।

कवि श्रेष्ठले रूमानी र प्रगतिवादी भाव-सम्वेदनाहरूलाई प्रयोगवादी कवित्वका रूपमा प्रस्तुत गरेको देखिन्छ । उनले प्रकृतिका इन्द्रियगत संवेदना प्रेम र संभोगलाई सामाजिक, आर्थिक वैषम्यका रूपमा प्रस्तुत गरेको देखिन्छ भने क्रान्ति चेतलाई जीवन र जगत्का आद्यावेग र रहस्य ज्वारका अन्तहीन चक्रका रूपमा उभ्याउने प्रयास गरिएको पाइन्छ ।

### ४.२.२.२ **निष्कर्ष**

यसरी **अनुभूति यात्रामा** कवितासङ्ग्रह समग्रतामा उत्कृष्ट नै रहे तापनि कतिपय कवितामा अझै पनि केन्द्रीय अन्तर्कथ्य र कथनपद्धति एवम् संरचनाको शिथिलताका साथै अन्तर्पात्र विधान, स्थिति र सन्दर्भ तथा प्रतीकको उपस्थितिको न्यूनता आन्तरिक अन्विति क्षमता अपेक्षाकृत कम रहेको छरिएको अवस्था केही मात्रामा शेष रहेको पाइन्छ । यस्ता परिमार्जनशेष तथा कलात्मक संश्लेषण शक्ति न्युन रहेका कवितामै पनि शीर्षक र कतिपय बिम्बसन्दर्भलाई जोडेर केही कलात्मक तृप्ति लिन सकिन्छ । यस सङ्ग्रहका अनेक कवितामा आन्तरिक अन्वितिवादी केन्द्रीय तत्वको कलात्मक रूपायन र संश्लेषणकारी शक्तिमा वृद्धि भएको र अन्तर्वर्ती बिम्ब सन्दर्भहरू पनि सघन रूपमा फैलिई सौन्दर्यवेग समृद्ध हुन पुगेको पाइन्छ ।[ज्ञद्धघ]कविले आफ्नो मानसका इन्द्रधनुषी रङ्गहरूलाई यदाकदा अनेकौं र अनगिन्ती अनुभूतिहरूका माध्यमले अनुभव गरी अभिव्यक्त गर्दछ । कवि अविनाश पनि आफै एक जना सक्षम कवि भएकाले त्यसै गर्दछन् । शोषणको प्रतिरोधमा कालो फूलको सौगातको बिम्बले पनि नायिकाको स्वरूप बखान गर्न उद्दत हुन सक्ने अविनाशको काव्य मानसले क्रमशः शिखरदेखि शिखासम्म विस्तारै-विस्तारै पाइला टेक्दै गइरहेको देखिन्छ । एउटा सफल कवि बन्नका निम्ति कसरी उत्तरोत्तर अघि जानु पर्छ र सफलताका खुड्किलाहरू आरोहण गर्नुपर्छ भन्ने अब त अरूले पनि उनीबाट सिक्नुपर्छ ।[ज्ञद्धद्ध]

### ४.२.३ **विष्णुप्रसाद शर्मा मैत्रेयको *काजीरोशनको ऐतिहासिक रूपरेखा***

---

[ज्ञद्धघ] वासुदेव त्रिपाठी, मन्तव्य पूर्ववत पृ. ९६-९७ ।

[ज्ञद्धद्ध] ईश्वरबल्लभ, 'भूमिका' अविनाश श्रेष्ठ **अनुभूति यात्रामा** (बागलुङ : धवलागिरि साहित्य पुरस्कार प्रतिष्ठान २०४७), आवरण पृ. ।

### ४.२.३.१ विषयप्रवेश

**धवलागिरि साहित्य प्रतिष्ठान**द्वारा वि.सं. २०५० मा पुरस्कृत **काजीरोशनको ऐतिहासिक रूपरेखा** नामक यो कृति मूलत इतिहाससँग सम्बन्धित अनुसन्धानात्मक कृति हो । विशेषतः यो कृति एम.ए. इतिहासको आठौं पत्रअन्तर्गत शोधपत्रको प्रयोजनार्थ तयार पारिएको थियो ।[ज्ञद्धछ] प्रतिष्ठानको 'काजीरोशन साहित्य पुरस्कार' प्राप्त गर्न सफल यो कृति वि.सं. २०५० मै प्रतिष्ठानबाट प्रकाशन भएको थियो । विशेषतः सुदूर अतीतदेखि वि.सं. २००७ सम्मको **काजीरोशनको ऐतिहासिक रूपरेखा** प्रस्तुत गर्न खोजिएको यो कृति महत्त्वपूर्ण कृतिका रूपमा रहेको पाइन्छ । विशेषतः प्रारम्भदेखि वि.सं. २००७ सालसम्मको काजीरोशनको ऐतिहासिक विषयवस्तुको स्वरूप प्रस्तुत गरिएको यस कृतिको भाषा र शैली हेर्दा इतिहास सम्बद्ध भाषिक प्रयोगको प्राचुर्य देखिन्छ । खोज एवम् अनुसन्धनात्मक कृति भएको कारण पनि होला यस कृतिको भाषिकसंगठनात्मक स्वरूप कमजोर रहेको पाइन्छ ।

### ४.२.३.२ निष्कर्ष

इतिहासका कुनै पनि कुरालाई निष्कर्षको रूपमा भने लिन सकिँदैन । नयाँ तथ्य र प्रमाण अगाडि आउनासाथ पुराना तथ्य र प्रमाणहरू स्वतः निष्कर्ष बन्न पुग्दछन् । यस कृतिमा विष्णुप्रसाद 'मैत्रेय' ले कतिपय तथ्य र प्रमाणका आधारमा ऐतिहासिक विषयवस्तुको आधिकारिकता र निष्कर्ष प्रस्तुत गर्न खोजेको पाइन्छ । कतिपय कुराहरू यस्ता तथ्य र प्रमाणले पूर्ण देखिए तापनि कतिपय तथ्य र प्रमाणहरू कमजोर रहेका कारण आधिकारिकता र निष्कर्षलाई समेत अपूर्ण बनाएको पाइन्छ । विशेषतः इतिहाससँग सम्बद्ध अनुसन्धनात्मक यो कृति मध्यमस्तरीय विद्वानरुमा प्रचलित बोलीचालीको भाषा एवम् भनाइको तौर तरिका प्रयोग गरिएको मौलिक शैली र शिल्पमा संरचित रहेको पाइन्छ । समग्रमा भन्ने हो भने यो कृति इतिहासको अध्ययन र अन्वेषणका दृष्टिले उच्च नै रहेको पाइन्छ ।

---

[ज्ञद्धछ] विष्णुप्रसाद शर्मा मैत्रेय 'उद्घार' (आफ्नै भनाई) **बागलुङको ऐतिहासिक रूपरेखा** (बागलुङ : धवलागिरि साहित्य पुरस्कार प्रतिष्ठान २०५०) । पृ. ज ।

### ४.२.४ साधना प्रतीक्षाको *रगतका दुई रङ्ग*

#### ४.२.४.१ विषयप्रवेश

साहित्यिक क्षेत्रमा साधना प्रतीक्षाको नामबाट परिचित साधना पन्तको जन्म वि.सं. २०२९ सालमा पर्वत जिल्लाको लिमिठानामा भएको हो । विशेषतः कथाका क्षेत्रमा आफूलाई सिद्धहस्त रूपमा प्रस्तुत गर्न सफल प्रतीक्षाको 'रगतका दुई रङ्ग' कथा सङ्ग्रहले २०५३ सालमा **धवलागिरि साहित्य प्रतिष्ठान**द्वारा प्रदान गरिने 'काजीरोशन साहित्य पुरस्कार' प्राप्त गर्न सफल भएको थियो । प्रतिष्ठानको नियमअनुसार उक्त पुरस्कृत पाण्डुलिपिलाई प्रतिष्ठानले २०५३ सालमा नै प्रकाशनमा ल्याएको थियो भने २०६१ सालमा साझा प्रकाशनबाट उनको कथासङ्ग्रह **अतृप्त आकाश** प्रकाशनमा आएको पाइन्छ । प्रतिष्ठानबाट पुरस्कृत एवम् प्रकाशित **रगतका दुई रङ्ग** नामक उक्त कथासङ्ग्रह पनि आफैमा महत्त्वपूर्ण रहेको छ । विभिन्न शीर्षकहरू स्मृतिका पानाहरू, पूर्णिमा, अव्यक्त पीडा, आधा आकाश, आँसुले पखालिएको आत्मनिर्णय, सिन्दुर मेटाइदिन्छु, रगतका दुई रङ्ग, प्यासो नदी, विधवा, जिन्दगी दुःखिरहेछ जस्ता कथाहरू यस सङ्ग्रहमा सङ्ग्रहित छन् ।

#### ४.२.४.२ निष्कर्ष

यसरी **रगतका दुई रङ्ग** कथा सङ्ग्रह नेपाली नारीका कथा, व्यथा, पीडा, आक्रोश, विङ्गति र विद्रोह समाविष्ट कथाहरूको सङ्ग्रह हो । यी कथाहरूले एकातिर सवा करोडभन्दा बढी नारीहरूले भोग्नु परेका पीडाहरूका जिन्दगीहरू बोलिरहेछन् भने अर्कातिर सीमित नारीहरूको छिटफुट विद्रोही स्वरहरू प्रस्तुत गरिएका छन् । कथामा नयाँ विषयवस्तु र चरित्रको खोजी गर्दै मानसिक विश्लेषणहरूलाई मिठो रूप र शैलीका माध्यमबाट प्रस्तुत गर्न खोजिएको पाइन्छ । सौन्दर्यमूलक भाषा, चेतना र प्रस्तुति रहेका यस कृतिका केही कथाहरूमा केही आञ्चलिकता पाइन्छ । समग्रमा भन्ने हो भने यो कथा सङ्ग्रह 'आधा आकाश' ओगटेका नारीहरूको पीडा, व्यथा, विद्रोह र चेतनाको संयोजन भएको एउटा महत्त्वपूर्ण कृति हो ।

### ४.२.५ इन्द्रकुमार श्रेष्ठ 'सरित' को *जस्केलाबाट चियाउने सूर्य*

#### ४.२.५.१ विषयप्रवेश

इन्द्रकुमार श्रेष्ठ 'सरित'द्वारा लिखित **जस्केलाबाट चियाउने सूर्य धवलागिरि साहित्य प्रतिष्ठान**बाट राष्ट्रिय स्तरमा वि.सं. २०५६ सालमा पुरस्कृत कृति हो । वि.सं २०१९ पुस १० गते म्यानमारमा जन्मी तरहरा सुनसुरीमा हुर्की काठमाडौंमा साहित्यिक रूपमा झाङ्गिएका[ञढट] 'सरित'का तेस्रो कृतिका रूपमा यो कथा सङ्ग्रह रहेको पाइन्छ । यस सङ्ग्रहमा विविध विषयका १६ ओटा कथाहरूको सङ्ग्रह रहेको पाइन्छ । विविध विषयका १६ ओटा कथाहरूको सङ्ग्रह यस कृतिमा ६८+(क-ट)=७९ पृष्ठ रहेका छन् । आमुखमा मोहन कोइरालाको शुभकामना लेखक स्वयम्को मन्तव्य, डा.तारानाथ शर्माको प्राक्कथन र प्रतिष्ठानको प्रकाशकीय रहेको यस सङ्ग्रहमा लामा छोटा १६ ओटा कथाले ६८ पृष्ठ ओगटेका छन् ।

यसरी यौनमनोवृत्तिको मनोवैज्ञानिक विश्लेषणबाहेक केही कथाहरूमा राजनैतिक विकृति र त्यसको प्रभावलाई पनि प्रस्ट्याउने प्रयास गरिएको पाइन्छ । हाम्रो सामज अझै पनि धनीगरिव, ठूलासाना, उचनिचमा विभाजित छ, प्रजातन्त्रका अनेकौं नारा लागे, क्रान्तिका अनगिन्ती स्वरहरू उर्लेर मुक्तिका प्रशस्त आवाजहरू घन्के तापनि जस्केलाबाट चियाउने सूर्यको धिमालहरू अझै पनि घेरिएको र ज्वाला जस्तो क्रान्तिकारी रक्सीमा डुवेको यथार्थता प्रस्तुत गरिएको पाइन्छ । कथाहरूमा हाम्रो समाजको स्वरूप प्रस्तुत गर्दै यो समाज न त आमा चिन्दछन् न लोग्ने, प्रेमी नै चिन्दछन् सम्बन्ध, स्नेह र सहानुभूतिका सूत्रहरू चुडिँदै र मेटिँदै गएका विसङ्गतिका यथार्थताहरू प्रस्तुत गरिएको पाइन्छ ।

#### ४.२.५.२ निष्कर्ष

**जस्केलाबाट चियाउने सूर्य** कथा सङ्ग्रहमा सङग्रहित कथाहरूमा धेरै कथाहरू यौनमनोवृत्तिको मनोवैज्ञानिक विश्लेषणको माध्यमले यथार्थलाई प्रस्तुत गरिएका कथाहरू छन् । केही कथाहरूमा राजनैतिक चिन्तन र मनोवृत्तिभित्र विकृति र विसङ्गतिलाई चित्रण गरिएको पाइन्छ । समग्रमा कथाहरू सामाजिक, सांस्कृति, राजनैतिक, विकृति र विसङ्गतिहरूलाई यथार्थ रूपमा प्रस्तुत गर्नुका साथै यौनेच्छा, यौनकुण्ठा एवम् यौनावेगलाई

---

[ञढट] इन्द्रकुमार श्रेष्ठ सरित आफ्नै मन्तव्य **जस्केलाबाट चियाउने सूर्य** (बागलुङ 'धवलागिरि साहित्य प्रतिष्ठान' २०५६) पृ. ग ।

केलाउँदै मनोवैज्ञानिक यौन वृत्तिलाई देखाउन खोजिएको पाइन्छ । केही कथाहरूमा लेखकको अतिशयोक्ति भावावेग र आफ्नो वैयक्तिक धारणा पात्राहरूमा जवरजस्ती समाहित गर्न खोजिएको पाइए तापनि कथाहरूमा पाइने सरलता, सहजता, शैलीजन्य मनोहारिता र कुतूहलता जस्ता गुणहरूले कथाहरूलाई महत्त्वपूर्ण बनाएको देखिन्छ । भाषिक र अभिव्यक्तिगत आकर्षण पनि कथाको विशेषताका रूपमा रहेको पाइन्छ ।

### ४.२.६ हरिप्रसाद भण्डारीको *अस्वीकृत कथाहरू !*

#### ४.२.६.१ विषयप्रवेश

हरिप्रसाद भण्डारीका महत्त्वपूर्ण कथाहरूको सङ्ग्रह **अस्वीकुत कथाहरू!** उनको दोस्रो सङ्ग्रह हो । **धवलागिरि साहित्य प्रतिष्ठान**ले प्रदान गर्दे आएको 'काजीरोशन साहित्य पुरस्कार' २०५८ प्राप्त गर्न सफल यस सङ्ग्रहको प्रकाशन पनि प्रतिष्ठानद्वारा संस्थाकै नियमानुसार २०५८ सालमा भएको थियो । **अस्वीकृत कथाहरू**मा सामाजिक, राजनीतिक एवम् सांस्कृतिक विषयसँग सम्बन्धित विभिन्न शीर्षकका २० ओटा कथाहरूको सङ्ग्रह हो । प्रस्तुत सङ्ग्रह १०४+(क-ठ) गरी ११६ पृष्ठमा संरचित छ । यस कृतिको नाम यस सङ्ग्रहमा सङ्ग्रहित कथाहरूबाट नभई छुट्टै राखिएको पाइन्छ । सुरुमा मोहन कोइरालाको शुभकामना त्यसपछि लेखक स्वयम हरिप्रसाद भण्डारीको मन्तव्य अनि घटराज भट्टराईको भनाइ र प्रतिष्ठानको प्रकाशकीय रहेको यस सङ्ग्रहको प्रथम कथाका रूपमा स्वदेशको माया रहेको छ । यस कथामा राष्ट्रप्रेमलाई मूल विषय बनाएर देशप्रेम सबैको केन्द्रमा रहनु पर्ने कुरा देखाउन खोजेका छन् ।

नेपालका **मधुपर्क** र **गरिमा** जस्ता राष्ट्रिय पत्रिकाहरूमा कथाहरू पठाउँदा अस्वीकृत भई प्रकाशन नभएका कथाहरूको सङ्ग्रह भएका कारण यो सङ्ग्रहको नाम '**अस्वीकृत कथाहरू!**' रहन गएको भन्ने लेखकको आफ्नै भनाइ रहेको पाइन्छ ।[ज्ञद्धठ] भाषा शैलीका हिसाबले पनि कथामा उपयुक्त हुने सरल र बोधगम्य भाषाको प्रयोग भएको पाइन्छ भने कतिपय आफ्नै शब्दको प्रयोगको प्रयाससमेत देखिन्छ । कथाहरूको प्रमुख वर्णनात्मक शैली र आकर्षण अभिव्यक्तिले सङ्ग्रहलाई थप महत्त्वपूर्ण बनाएको देखिन्छ ।

[ज्ञद्धठ] हरिप्रसाद भण्डारी 'मन्तव्य' **अस्वीकृत कथाहरू** : (बागलुङः धवलागिरि साहित्य प्रतिष्ठान, २०५८) पृ. ङ ।

### ४.२.६.२ निष्कर्ष

समग्रमा भन्ने हो भने यो कृति सामाजिक विषय प्रधान राजनीतिक विषय मिश्रित मौलिक कृति हो । सीमित शक्ति र सम्पत्ति, शिक्षा र सबलता प्राप्त व्यक्तिहरूका लागि भन्दा आम नागरिकलाई प्रभाव र प्रेरणादायी कथाहरूलाई सङ्ग्रहको रूपमा देखिएको यस कृतिको भाषाको सरलता सहजताका साथै अभिव्यक्ति निपूर्णताका कारण कृतिलाई थप औचित्यपूर्ण बनाएको पाइन्छ । विविध विषय, सामाजिक स्वरूप र राजनीतिक पृष्ठभूमिगत विकृति र विसङ्गतिको चित्रण कथामा पाइनुले **अस्वीकृत कथाहरू** महत्त्वपूर्ण कृतिका रूपमा रहेको पाइन्छ ।

### ४.२.७ जगत्बहादुर जोशीको *डम्बरेको टालो*

### ४.२.७.१ विषयप्रवेश

**डम्बरेको टालो** जगत्बहादुर जोशीद्वारा लिखित औपन्यासिक कृति हो । २०६० सालको **धवलागिरि साहित्य प्रतिष्ठान**बाट प्रदान गरिने 'काजीरोशन साहित्य पुरस्कार' प्राप्त गर्न सफल यो कृति पाल्पाको सेरोफेरोलाई समाएर राष्ट्रिय परिवेश र परिस्थितिको प्रयोग र प्रतिनिधित्व गर्न सफल कृतिको रूपमा रहेको पाइन्छ । विषय वस्तुका हिसाबले ६४ पृष्ठको यस उपन्यासमा रहेको 'कत' पृष्ठ सम्मको आमुखले ८० पृष्ठ बन्न पुगेको देखिन्छ । शिक्षक, समालोचक, विद्वान र एउटा प्रतिष्ठित शिक्षकका रूपमा परिचित जोशीको यो कृति महत्त्वपूर्ण सिर्जनात्मक उपन्यासको रूपमा रहेको पाइन्छ ।

प्रस्तुत उपन्यासको मुख्य पात्रको रूपमा डम्बरे सार्की रहेको छ । जो पाल्पाको शीतलपाटीको मसलाको रुखमुनि एउटा सानो जुत्ता पसल राखेर बस्छ । उसैको सेरोफेरो र अनुभूतिको धरातलमा निर्मित यस उपन्यास विभिन्न युगको राजनीतिक इतिहास विश्लेषणात्मक स्वरूपलाई अँगालेको उपन्यासका रूपमा रहेको पाइन्छ ।

पाल्पाको शीतलपाटीको मसलाको रुखको छहारीमा ग्राहकहरूको जुत्ता मर्मत गर्ने प्रतीक्षामा बसेको डम्बरे सार्कीलाई एक पटक एउटा बटुवाले आफ्नो थोत्रो जुत्ता र एउटा थैलो दिन्छ । थैलोभित्र रहेका विभिन्न थरिका बोतलका मदिराहरूले विभिन्न समय वा युगका राजनीतिक सिद्धान्त र वादको प्रतिनिधित्व गरेको पाइन्छ । यिनै बोतलहरूका पेय र

जुत्ता टाल्ने छालाका टुक्राहरूका माध्यमबाट डम्बरे सार्की शीतलपाटीको त्यस कार्यक्षेत्रमा विभिन्न विश्वको नेतृत्व पङ्तिका मानिसहरू राजा महाराजा, नेता-उपनेता, पण्डित, पुजारी, कविलेखक, दार्शनिकहरूका जुत्ताहरू मर्मत गरेर उनीहरूका गन्तव्यतिर पाइला चाल्न सघाउ गरिरहेको देखिन्छ यही माध्यम प्रत्येक डम्फूको स्वर सुन्ने अवसर भएको छ ।

डम्बरेको शीतलपाटीमा जुत्ता मर्मत गराउन र उसको बोतलको रक्सीको स्वाद चाख्न आउनेहरूमा विद्रोहीहरूलाई बौलाहा कुकुरलाई सरह लखेटी मार्नुपर्छ वा गोप्य रूपमा मारेर फालिदिनु पर्छ भन्ने अत्यन्त दमनकारी लुथर सभ्यता र संस्कृति बोकेका देखि भगवानलाई सत्ता, राजालाई अत्याचार र तिनको प्रवत्ताहरू पुरोहित मानेर त्यसप्रति विद्रोहको शङ्खनाथ गर्ने र उनीहरूको आन्द्राको डोरी बाटेर त्यसैमा तिनीहरूलाई नझुण्ड्याएसम्म मानव समाज सुखको सास फेर्न पाउने छैन भन्ने हिथरो र भोल्तेयर प्रवृत्तिसम्मका मानिसहरू उसका ग्राहक पाइन्छन् ।

यसरी काम गर्दै डम्बरे आफ्नो आठकुने ढोका भएको शीतलपाटीको जुत्ता पसलमा काम गर्दा गर्दै शीतलपाटीको आकाशमा पौडिरहेको सेतासेता बादलसँगै उड्न थालेको डम्बरे सार्कीले त्यहाँको दृष्यमा आफ्नो छातीभरि सुगौली सन्धीका बडे बढे धाँजाले चिराचिरा परेर टुक्रिएको देश देख्छ, अंग्रेजको तीखो तरबारले छेड्न नसकेको मुटु, ठूलाठूला प्रलोभनले डगाउन नसकेको देश र राष्ट्रप्रतिको प्रवल आस्था बोकेका अमरसिंह थापा जस्ता राष्ट्रभक्त योद्धा आफूमाथि लागेको देशद्रोही, राजद्रोही र कुलङ्गार जस्ताका लागि धुन गोसाइकुण्डमा गएर आत्महत्या गरेको र अनि गण्डकीदेखि यमुनासम्मको भू-भाग विजय गरेर आफ्नो देशको सीमा विस्तार गराउने बहादुर शाहजस्ता सपुतले राजद्रोहको कलङ्क बोकेर जेलभित्रै षड्यन्त्रपूर्ण मृत्युवरण गरेको दृष्य देखिन्छ । त्यस्तै ती पुस्तौँ लगाएर जोडेको भू-भागलाई आफ्नो लालच र कायरताले विदेशी (अङग्रेज) पाउमा लगेर अर्पण गर्ने भीमसेन थापा जस्ताले राष्ट्रिय विभूतिको सम्मान पाएको स्मृति जागेर उसको मुटु दुख्छ । ऊ त्यसै पीडाले भूइँको माटो दुइटै मुट्ठिमा मुठ्याएर घोप्टो परेर लड्छ । त्यसपछि सुधबुध गराउँछ अन्ततः एउटा उपन्यासको पात्र डम्बरेको पीडादायक अन्त हुन्छ ।

यसरी पाल्पाको शीतलपाटीमा जुत्ता मर्मत गर्ने सानो पसल खोलेर आफू समेत अरूलाई पनि इतिहासको घोडा चडाएर विभिन्न विश्वको इतिहासको आकाशमा डुलाउने एउटा उपन्यासको मात्र डम्बरे सार्कीको अन्त्यलाई यस उपन्यासमा प्रस्तुत गरिएको पाइन्छ ।

आज पनि डम्बरेलाई शीतलपाटीको मोहले छोडेको पाइँदैन जबकि उसको भौतिक अस्तित्व समापन भइसकेको छ । ऊ त्यहाँको आकाशमा उड्दै वरिपरिका भूत वर्तमानका दृष्यहरू हेर्दै शीतलपाटीको परिक्रमा गरिरहेको पाइन्छ । आज घुम्दै पुगेर उपन्यासकार जगत्बहादुर जोशी भौतिक रूपमा बोटबिनाको डम्बरे र डम्बरे विनाको शीतलपाटीलाई हेर्दै आफूभित्र एउटा शून्यता एउटा खालीपनको अनुभव गर्छन् । "थालको छाल र समयका लहरहरूले डम्बरेका सम्झनाहरूलाई लगभग मेटिसकेको हुन्छ ।" तर पनि उसको छातीबाट मूल फुटेर बगेको रगतका अक्षरहरूले लेखिएका मेची र महाकालीका कथाहरू अझै स्पष्ट देख्न र पढ्न सकेको अनुभव उनले गरेको देखिन्छ ।

### ४.२.७.२ निष्कर्ष

प्रस्तुत उपन्यासको कथावस्तु, वर्णन र विश्लेषण शैली हेर्दा कहिले काहीँ पाठकको मनमा उपन्यास नपढेर कतै मैले सामन्त र साम्राज्यवादीका इतिहास त पढेको छैन भन्ने अनुभूति जागृत हुन्छ । कतै सत्य तथ्यका सट्टा किंबदन्ती जन्य प्राधान्यताले केही संशय प्रदान गरेको पाइन्छ । उपन्यासको जीवन्तता र रोचकता कायम् राख्न लेखककले स्वरैकल्पनालाई पनि कतैकतै उपयोगिताको विषय बनाएको देखिन्छ । वास्तवमा भन्ने हो भने कल्पनागत शैलीका माध्यमले इतिहास दर्शन र राजनीतिका परस्पर विवादास्पत चिन्तन, मान्यता र सिद्धान्तलाई औपन्यासिक रोचकतामा प्रस्तुत गर्न उपन्यासकार जोशीले काल्पनिक पात्रहरू र स्वरैकल्पनागत विम्ब र प्रतीकहरूको प्रयोग गरेको पाइन्छ । यस उपन्यासमा जोशीले आजको राजनीतिक अवस्थाको चित्रण समेत गरेको देखिन्छ । देशको राजनीति अत्यन्त विकृत एवम् प्रदूषित बनेको र सत्ताशीन दल र अरू नेतृत्व वर्ग भ्रष्ट, स्वार्थी, आत्मकेन्द्रित भएर गइरहेको अवस्थाको निर्माण गरिएको छ । उनीहरूकै कारण देशमा हत्या, हिंसा, लुट, बलात्कार र भ्रष्टाचारको विगविगी बढेर देश डुब्ने अवस्थामा पुग्न खोज्दै यस्ता विविध घटना विषयलाई काल्पनिक पात्रका माध्यमबाट प्रस्तुत गर्न खोजिएको पाइन्छ ।

सरल भाषा, वर्णनात्मक एवम् विश्लेषणात्मक शैली अँगालेको इतिहास जन्य देखिने उपन्यास परम्परागतभन्दा भिन्न राजनीतिक विकृति र विसङगतिलाई विश्लेषणात्मक तवरले प्रस्तुत गरिएको एउटा महत्त्वपूर्ण कृतिका रूपमा लिन सकिन्छ ।

### ४.२.८ कृष्ण उदासीको *युद्धपिरामिड*

#### ४.२.८.१ विषयप्रवेश

**युद्धपिरामिड** कृष्ण उदासीको महत्त्वपूर्ण एकाङ्की सङ्ग्रह हो । २०६२ सालको 'काजीरोशन साहित्य पुरस्कार' प्राप्त गर्न सफल यो कृति उदासीको **परविन्दा** (२०४७) उपन्यास, **अक्षरजिवि** (२०५८) तथा **एकहुल कन्याङकुरुङ** (२०६०) कवितासङ्ग्रह र **मैयामाला** (२०६०) नामक गीतिकाव्यका साथै **अन्तिमसंहार** (२०५८) र **अग्निकुण्ड** (२०५९) पछिको महत्त्वपूर्ण कृतिको रूपमा रहेको पाइन्छ । विषयका हिसाबले १०५ पृष्ठ र सुरुका ८ पृष्ठ गरी जम्मा ११३ पृष्ठ यस कृतिमा रहेको छन् । प्रारम्भमा प्रा.डा.वासुदेव त्रिपाठीको 'मन्तव्य' त्यसपछि कृष्ण उदासी स्वयम्को भनाइ प्रा. मोहनराज शर्माको भूमिका र प्रतिष्ठानको प्रकाशकीय रहेका यस सङ्ग्रहमा विविध विषय प्रसङ्गका १० ओटा एकाङ्कीहरू रहेका छन् । सुरुकै एकाङ्कीले कृतिको शीर्षक युद्धपिरामिडलाई बोकेको पाइन्छ भने आदर्श लेखक, अआइ, जोडी बेजोडी, नयाँसन्देश मान्छे र माछाहरू, जयगान, अणिमा, आजसहर हाँसेको छ, लालमायाको लालरङ्ग जस्ता एकाङ्कीहरू यस सङ्ग्रहमा सङ्ग्रहित रहेका छन् ।

नाट्य कृतिका हिसाबले उदासीको तेस्रो कृतिकारूपमा रहेको यो एकाङ्कीसङ्ग्रहमा समसामयिक एकाङ्कीहरू सङ्ग्रहित देखिन्छन् । सङ्कलित सबैजसो एकाङ्कीहरूमा वर्तमान जीवनका विसङ्गतिहरूलाई कुशलतापूर्वक समेट्ने र सक्षम अभिव्यक्ति दिने प्रयास गरिएको पाइन्छ । वर्तमानका मार्मिक यथार्थहरूलाई समाएर मानव जीवन पीडा, व्यथा छटपटी, सकस, अभाव, शून्यता, अप्ठ्यारा, पीरमर्का, थिचोमिचो, भ्रष्टता, ह्रास, आदिलाई आत्मसात् गर्दै कलापूर्ण तरिकाले एकाङकीकारले प्रस्तुत गरेको देखिन्छ । उनले मानवीय विषयका कुनियतिसँग सम्बद्ध विभिन्न विषयहरूको सफल रूपमा नाटकीकरण गर्दै व्यङ्ग्यात्मक प्रस्तुतिको आत्मसात् गरेको पाइन्छ । यस सङ्गहका एकाङ्कीहरूलाई अध्ययन गर्दा अधिकांश एकाङ्कीहरूमा अमूर्त नाट्यलेखनको प्रभावको प्रधान्यता देखिन्छ । जसको कारण एकाङ्कीहरू अन्तरमुखी प्रतीत हुन्छन् । यस सङ्गहका एकाङ्कीहरूमा छोटाछरिता संवादहरूको व्यवस्थापन गरिएको पाइन्छ । द्वन्द्वको अपेक्षित सघनताका कारण एकाङ्गीकहरू पूरै अमूर्त हुनबाट जोगिएको देखिन्छ ।

पठनीय खालका यस सङ्ग्रहका एकाङ्कीहरू अभिनयको गुणयुक्त मञ्चनीय रहेको पाइन्छ । यस सङ्ग्रहका एकाङ्कीहरू हेर्दा प्रकाशको खास महत्त्व र प्रयोगलाई बुझ्नुका साथै ख्याल समेत गरेर उदासीले एकाङ्कीहरू लेखेको देखिन्छ । सरल भाषा र सहज अभिव्यक्तिका माध्यमले जटिल भावको प्रस्तुति गरिएका उनका एकाङ्कीहरू महत्त्वपूर्ण रहेका छन् ।

### ४.२.८.२ निष्कर्ष

समसामयिक विषयका एकाङ्कीहरूको सङ्ग्रह **युद्धपिरामिड** जनसमुदायसँग गाँसिएका समयसापेक्ष विषयवस्तुले परिपूर्ण कृतिका रूपमा रहेको देखिन्छ । यस कृतिमा रहेका रोचेक एवम् पठनीय एकाङ्कीहरू अभिनयुक्त र मञ्चनीय रहेका छन् । विषयका हिसाबले समसामयिक, भाषाका हिसाबले सरल, अभिव्यक्तिका हिसाबले सहज लाग्ने एकाङ्कीहरू भावका हिसाबले जटिल देखिन्छन् । यसमा प्रयुक्त संवाद भाषणजन्य छोटा र चोटिला रहेको पाइन्छ । प्रकाश प्रयोग लगायतका हिसाबले आधुनिक देखिने एकाङ्कीहरू बढी सङ्केतपूर्ण अर्थयुक्त, गम्भीर, प्रभावी र विशिष्ट रहेको देखिन्छ । समग्रमा भन्नु पर्दा कृष्ण उदासीको यो सङ्ग्रह महत्त्वपूर्ण एवम् प्रभावकारी एकाङ्कीको रूपमा रहेको पाइन्छ ।

## ४.२.९ मातृका पोखरेलको *अनुहारहरू*

### ४.२.९.१ विषयप्रवेश

**अनुहारहरू** मातृका पोखरेलको तेस्रो कवितात्मक कृतिको रूपमा रहेको पाइन्छ । २०६४ सालको 'काजीरोशन साहित्य पुरस्कार' प्राप्त गर्न सफल यस कृतिको प्रकाशन **धवलागिरि साहित्य प्रतिष्ठान**द्वारा प्रतिष्ठानकै विधानअनुसार २०६४ सालमा भएको हो । विविध विषय र प्रसङ्गका २३ ओटा कविताहरूको सङ्ग्रह यस कृतिमा ४६+१६ गरी जम्मा ६२ पृष्ठ रहेका छन् । मातृका पोखरेलकै मन्तव्य, डा. ताराकान्त पाण्डेको भूमिका र प्रतिष्ठानको प्रकाशकीय यस कृतिको प्रारम्भमा रहेका छन् । यसै सङ्ग्रहको पाँचौ कविता **अनुहारहरू** यस कृतिको शीर्षकको रूपमा रहेको पाइन्छ ।

कविहरू आफू बाँचेको युग जीवनको अनावरण गर्दछन् । पोखरेलका कविताहरू पनि युगजीवनको अनावरणका साथै त्यसप्रतिको व्यङ्ग्य, विद्रोह र विरोधको प्रखर स्वर पनि रहेको पाइन्छ । वर्तमानको विन्दुमा टेकेर भूतको मूल्याङ्न गर्दै भविष्यको मार्गदर्शन गर्न

सक्ने कविहरूको गुण हो र हुनुपर्छ । मातृका पोखरेलमा पनि यी गुणहरू रहेको पाइन्छ । उनका कविताहरू परिष्कारशील देखिन्छन् भने शब्द र कलात्मक बिम्बका माध्यमबाट भनाइलाई व्यक्त गर्न सक्षम पाइन्छन् । उनका कवितामा संवेदना र भावुकताको प्रवलता पाइन्छ । यसरी मातृका यस सङ्ग्रहमा आइपुग्दा समकालीन प्रगतिवादी कविताका एक महत्त्वपूर्ण हस्ताक्षरका रूपमा स्थापित भइरहेको पाइन्छ ।

### ४.२.९.२ निष्कर्ष

यसरी पोखरेलको कवितासङ्ग्रहका रूपमा युग जीवन सापेक्षतामा संरचित कृतिका रूपमा रहेको पाइन्छ । विद्रोही युग चेतना, सुधारात्मक आग्रह, परिष्कारशैली समसामयिक विषयभित्र स्वतन्त्रता र मुक्तिको आवाज बोकिरहेका कविताहरूको यस सङ्गहमा मानव जीवनका विभेदीकरण, विरोधी रागात्मक अभिव्यक्ति समाहित रहेको पाइन्छ । सरल भाषा, रोचक अभिव्यक्त र गद्यात्मक पद्यको संयोजनमा संरचित यस सङ्ग्रहका कविताहरू पढ्दा मातृकाले परिवर्तन र समुन्नत मानव भविष्य निर्माणको शिखरयात्राको आरोहण आफू गर्दै अरूलाई पनि त्यसतर्फको यात्राका लागि आग्रह गरिरहेको पाइन्छ । यात्राका कतिपय असजिला अनुभूतिहरूका कारण उनलाई अलिकति उद्वेगले छोएको  पाइन्छ । समग्रमा भन्नुपर्दा मातृकका कविताहरू समानता, स्वतन्त्रताका पक्षमा छन् । उनी सुन्दर मानवभविष्य निर्माणको शिखर चढ्ने यात्रीका रूपमा सङ्ग्रहमा देखिन्छन् । यस यात्रामा उनी दूरदृष्टि भएको सबल नायकको खोजि गरिरहेको पाइन्छ ।

## ४.३ मूल्याङ्कन

कुनै पनि राष्ट्रको सबलता र संस्कृतिको आधार त्यो देशको भाषा, साहित्य कला, संस्कृति र ज्ञानविज्ञानलाई नै मानिन्छ । यी क्षेत्रहरूको समग्र विकास नै त्यो देशको उच्चता र पूर्णता हो । यिनै कारक तत्त्वका अनुयायी कविलेखक, कलाकार, अन्वेषक एवम् वैज्ञानिक र विद्वान्हरूको सहयोग, सम्मान गर्नु राज्य र नागरिक सबैको साझा कर्तव्य हो । यसैलाई आत्मासात् गरी नेपालमा पनि नागरिक र राज्य स्तरबाट सम्मान, सहयोग एवम् पुरस्कारको स्थापना प्रजातन्त्रको प्रादुर्भावसँगै विकसित भएको पाइन्छ ।

नेपाली भाषा र साहित्यका क्षेत्रमा प्राथमिक कालदेखि नै धवलागिरि क्षेत्रको योगदान रहँदै आएको छ । वर्तमान युगमा पनि नेपाली साहित्यको समुत्थानका निम्ति धवलागिरि

अञ्चल र त्यसमा पनि खास गरी काजीरोशनको सक्रियता उल्लेखनीय रहेको परिप्रेक्ष्यमा काजीरोशनको प्रतिनिधि साहित्यिक संस्था **धवलागिरि साहित्य प्रतिष्ठान**द्वारा गरिँदै आएको सेवा पनि प्रशंसनीय रहेको छ ।[ज्ञद्धड]

धवलागिरि जस्तो भौगोलिक विकटता रहेको क्षेत्रमा नेपाली भाषासाहित्यको संरक्षण र संबर्द्धनका क्षेत्रमा खेलेको भूमिका उल्लेख्य र महत्त्वपूर्ण रहेको छ । नेपाली साहित्यमा उच्च स्तरका ग्रन्थको सिर्जनाद्वारा नेपाली साहित्यको श्रीबुद्धिमा टेवा पुऱ्याउने योजना र अभियानका साथ स्थापना भएको प्रतिष्ठानले विभिन्न रचनात्मक साहित्यिक क्रियाकलापको सञ्चालन गर्दै आएको पाइन्छ । एकातिर आफ्नै बान्की, प्रक्रिया र प्रवृत्तिको 'यात्रा आफ्नै परिवेश' कविगोष्ठी, लोकार्पण लगायतका कार्यक्रम आफैमा महत्त्वपूर्ण छन् भने अर्कातिर स्रष्टाहरूको सम्मानमा प्रतिष्ठानले गर्दै आएका जन्मजयन्ती, शोकसभा, भेटघाट, सम्मान जस्ता कार्यक्रमले नेपाली भाषा, कला, साहित्य र संस्कृतिका क्षेत्रमा क्रियाशील सबैलाई थप उर्जा र उन्माद थपिरहेको पाइन्छ । सुरुको करिब एकदशक धवलागिरि अञ्चलमा मात्र रहेको प्रतिष्ठानको 'काजीरोशन साहित्य पुरस्कार'ले फड्को मारी २०५४ देखि राष्ट्रिय स्तरका विभिन्न विधाका पाँचओटा पाण्डुलिपिको छनौट, पुरस्कृत एवम् प्रकाशन समेत गरिसकेको छ भने धवलागिरि क्षेत्रका चारओटा कृतिहरू यसअघि नै पुरस्कृत भइसकेका पाइन्छ । स्थापनाकाल (२०४१) देखि २०५६ सम्म प्रत्येक तीन-तीन वर्षमा प्रदान गरिँदै आएको उक्त पुरस्कार २०५६ देखि प्रत्येक दुई-दुई वर्षमा प्रदान गरिन थालेको देखिन्छ । यो योजना र अभियानको सकरात्मक प्रभाव राष्ट्रव्यापी रूपमा पर्दै गएको र यसले नेपाली साहित्यको श्रीवृद्धिमा थप टेवा पुगेको पाइन्छ । धवलागिरि अञ्चलका कवि लेखकहरूलाई प्रोत्साहन दिई नेपाली साहित्यको विकासमा सघाउनु मुख्य उद्देश्य भए तापनि धवलागिरि अञ्चलमा मात्र सीमित नरही समग्र राष्ट्र नै यसको क्षेत्र बन्न पुग्नुले यसको योगदान उल्लेख्य देखिन्छ ।

स्थानीय स्तरमा मनाइने स्रष्टाहरूको जन्म जयन्तीहरूमा भानुजयन्ती मनाउने प्रतिष्ठानको प्रकृति आफ्नै काइदाको पाइन्छ । भानुभक्तको १८४ औं जयन्तीपारी २०५४ मा वृक्षारोपण गरिएको काजीरोशनको चिप्लेटीलाई भानुकुञ्ज नामाकरण गरी प्रत्येक भानुजयन्तीका अवसरमा अवलोकन गर्ने स्थलगत कविता लेखन र चित्र लेखन गर्ने जस्ता

[ज्ञद्धड] वासुदेव त्रिपाठी 'मन्तव्य' कृष्ण उदासी **युद्धपिरामिड**, (बाग्लुङ) 'धवलागिरि साहित्य प्रतिष्ठान', २०६२) पृ. क ।

कार्यक्रमहरू सञ्चालन गर्दै आएको पाइन्छ । प्रतिष्ठानका अध्यक्ष काजीरोशनकै सक्रियतामा युवाहरूद्वारा स्थापित स्मृति प्रकाशनको क्रियाशीलताले पनि थप नयाँ प्रकृतिको सहभागितामा टेवा पुग्दै गएको पाइन्छ । नेपाली वाङ्मयको क्षेत्रमा अरू योगदान रहोस् भन्नाका निमित्त प्रतिष्ठानद्वारा बेला बखतमा आयोजना गरिने यस्ता विभिन्न सिर्जनात्मक तथा रचनात्मक कार्यहरूले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको पाइन्छ । काजीरोशनमा आउने नेपालका विशिष्ट अतिथि तथा प्रतिष्ठित कविलेखक र कलाकारको उपस्थितिमा स्थानीय क्षेत्रमा स्थापित एवम् नबोदित साहित्यकारहरूका बीचमा कहिले भेटघाट त कहिले कविगोष्ठी गर्नुको अतिरिक्त अन्य विशिष्ट सिर्जनात्मक कार्यहरूले पनि साहित्यिक जागरण जगाउँनमा खेलेको भूमिका उपलब्धिपूर्ण देखिन्छ ।

यसरी सिर्जनाको नयाँ आयामहरू थप्दै साहित्य भण्डार अभिवृद्धि गर्ने कार्यले समाजको प्रतिबिम्ब प्रस्तुत गर्नमा सह्रानीय भूमिका निर्वाह गर्दछ भने कुनै पनि इतिहास, भूगोल, समाजशास्त्र आदि क्षेत्रसँग सम्बद्ध विषयको गहनतामा पुग्नका लागि गरिने अनुगमन र विश्लेषण आदि कार्यले समाजको रहनसहन, संस्कृति वेषभूषा आदि साँस्कृतिक पक्षहरू जीवन्त राख्नमा मद्दत पुऱ्याउँछ । यिनै आदर्शहरूलाई मध्यनजर राखी २०४१ सालमा स्थापना भएको प्रतिष्ठानका विगतका उपलब्धिहरूलाई बटुल्दै र अध्ययन गर्दै जाँदा यसले निश्चित र निर्वाध रूपमा नेपाली साहित्यको विकास र संबर्द्धनमा धवलागिरि अञ्चलबाट राष्ट्रिय परिवेशमा नै महत्त्वपूर्ण भूमिका निर्वाह गरेको देखिन्छ । प्रतिष्ठान स्थापनाको कालखण्डमा यस्ता सङ्घ-संस्था स्थापना गर्ने परम्परा देशभरिको सापेक्षतामा न्यून नै रहेको भए तापनि आज भोलि देशका विभिन्न क्षेत्रमा पुरस्कार स्थापना एवम् सङ्घ संस्था स्थापनाको होडवाजी नै चलेको देखिन्छ । सङ्घ संस्था खोल्नु र पुरस्कार स्थापना गर्नु आफैमा नराम्रो होइन तर तिनीहरूको उच्चता र गरिमा भनेको उनीहरूको क्रियाकलापहरू नै हुन् । तर समस्त सङ्घ संस्थाहरूको माझमा धवलागिरि साहित्य प्रष्तिठानको स्थान खोतल्दै जाने हो भने उच्च देखिन्छ । नेपाली वाङ्मयका लागि निःस्वार्थ भावले राष्ट्रिय स्तरमा सानो वीजस्वरूप सुरु भएको र त्यस अङ्कुर विस्तारै विस्तारै जसरी एउटा कल्पवृक्ष विकसित हुने । पूर्णताको अपेक्षा गर्छ त्यसै अनुरूप नेपाली भाषासाहित्य, संस्कृतिको क्षेत्रमा

उत्थान र जागृतिको यथोचित सेवा र प्रचार गर्दै आएको 'धवलागिरि साहित्य प्रतिष्ठान' काजीरोशन्को साहित्य निष्ठामा महत्त्वपूर्ण छ र उत्तिकै अनुकरणीय पनि ।[ज्ञद्धढ]

कुनै पनि सङ्घ संस्था खोल्नु जति महत्त्वपूर्ण कुरा हो त्यसको संरक्षण र संबर्द्धन गर्नु त्यो भन्दा कैंयन गुणा महत्त्वपूर्ण हुन्छ त्यसैमा पनि प्रतिष्ठान जस्ता सङ्घ संस्थाका लक्ष्य र गन्तव्य आफैमा कठिन छन् । आजसम्म संस्थापक अध्यक्ष काजीरोशनको साहस, क्रियाशीलता, समर्पण र सामीप्यताका साथै थुप्रै साहित्यप्रेमी शुभचिन्तकको मायाममतामा प्रतिष्ठान हुर्कँदै र झाँगिदै गएको देखिन्छ । साहित्यिक सङ्घ संस्थाहरूको सफलताका लागि सदासर्वदा जागरुक र प्रयत्नशील हुनुका साथै समर्पण, सादृष्यता, सामूहिकताको आवश्यक हुन्छ । यस विषयलाई आत्मसात गरी प्रतिष्ठानले ज्यादै ठूलो सजगता, जिम्मेवारी र गहनतालाई आत्मसात गर्दै अगाडि बढ्नु पर्ने देखिन्छ । इमान्दारिता, पारदर्शिता, निष्पक्षता सामूहिक गति र गन्तव्य कुनै पनि सङ्घ संस्थाका सफलताका कसी हुन् । चरित्रवान र इमान्दार व्यक्तिहरूको प्रवेश गराउँदै लानु पर्ने, पुरस्कार राशिलाई अक्षयकोष वृद्धिको अनुपातमा बढाउँदै जानु पर्ने, निष्पक्ष रूपमा पुरस्कार प्रदान गर्नुका साथै समय सापेक्ष रूपमा पुरस्कारको प्रक्रिया, प्रावधान र प्रवृत्तिमा समेत परिवर्तन गर्दै नयाँ सोच एवम् योजना, अभियान, अभ्यासमा प्रतिष्ठानलाई अगाडि बढाउन सके समयको परिवर्तित परिवेशसँगै आफ्नो उच्चता र उत्कृष्टताको गरिमा प्राप्त गर्न सक्ने देखिन्छ ।

---

[ज्ञद्धढ] मोहन कोइराला 'शुभकामना' इन्द्रकुमार श्रेष्ठ **जस्केलाबाट चियाउने सूर्य** (बागलुङः धवलागिरि साहित्य प्रतिष्ठान २०५६) पृ क ।

# परिच्छेद-पाँच

# उपसंहार

भाषा, साहित्य, कला र संस्कृति भनेका कुनै पनि देशका मौलिक पहिचान हुन् । आफ्नै स्वतन्त्र अस्तित्व, इतिहास र मौलिकता बोकेको नेपाल पनि आफ्नै भाषा, कला, साहित्य र संस्कृतिले सु-सम्पन्न छ । सयभन्दा बढी जातजाति र भाषाभाषि रहेको नेपालको साझाभाषाको रूपमा नेपाली भाषा नै रहेको पाइन्छ । नेपालको इतिहासको मध्यकाल वि.सं. १०३८ को दामुपालको अति सङ्क्षिप्त अभिलेखलाई हालसम्मको खोजअनुसन्धानअनुसार नेपाली भाषाको सर्वप्राचीन स्वरूप मानिँदै आएको छ । यो समयको विन्दुबाट प्रारम्भ भएको नेपाली भाषाको लेख्यरूप समयको कालखण्डमा विकास हुँदै जाने क्रमको साहित्यिक स्वरूप ग्रहण गर्दै गएको पाइन्छ । नेपाली साहित्यको अभ्यास र विकास हुँदै जानेक्रमको गतिमा पृष्ठभूमिकाल (सुरुदेखि वि.सं. १८२५) प्राथमिककाल (वि.सं. १८२६ देखि १९३९ सम्म), माध्यमिक काल (वि.सं. १९४० देखि १९७४ सम्म) र आधुनिक काल (वि.सं. १९७५ देखि हालसम्म) हुँदै अगाडि बढेको पाइन्छ । समयको यही गतिमा नेपाली साहित्यइतिहासमा राज्य र राज्यइतर (जनस्तर) बाट भएका व्यक्तिगत र संस्थागत प्रयासको पृष्ठभूमिसँगै मौलिकतातर्फ अगाडि बढेको नेपाली साहित्यको विकासमा भौगोलिक विकटता रहेको धवलागिरि अञ्चलको पनि महत्त्वपूर्ण भूमिका रहेको पाइन्छ । नेपाली साहित्य इतिहासको कालखण्डमा केन्द्रीय प्रवृत्ति र प्रकृतिका प्रतिभावान् स्रष्टाहरू जन्माउन सफल धवलागिरि अञ्चलको संस्थागत अभ्यास र अभियानले पनि नेपाली साहित्यको श्रीवृद्धिमा महत्त्वपूर्ण योगदान पुऱ्याएको देखिन्छ ।

यही पृष्ठभूमिमा जन्मिएको साहित्यिक संस्था **धवलागिरि साहित्यप्रतिष्ठान** हो । पश्चिम क्षेत्रमा भौगोलिक विकटता रहेको धवलागिरि अञ्चलको बागलुङमा साहित्यकार काजीरोशन र श्याम श्रेष्ठको सत्प्रयास र अन्य शुभचिन्तकहरूको सहयोगमा वि.सं. २०४१ सालमा 'धवलागिरि साहित्य पुरस्कार प्रतिष्ठान' को नाममा स्थापित यस संस्थाको दायरा फराकिलो पार्ने हेतुले वि.सं. २०५५ सालमा **धवलागिरि साहित्य प्रतिष्ठान** नामाकरण गरिएको पाइन्छ । प्रतिष्ठानले एकातिर पुरस्कार प्रदान गर्दछ भने अर्कातिर विविध रचनात्मक साहित्यिक कृयाकलापहरू सञ्चालन गर्दै आएको पाइन्छ । प्रतिष्ठानको मातहतमा

सञ्चालित पुरस्कार वि.सं. २०५० सालदेखि 'काजीरोशन साहित्य पुरस्कार'का रूपमा प्रदान गरिँदै आएको छ । प्रतिष्ठानबाट सञ्चालित रचनात्मक साहित्यिक क्रियाकलापहरू विभिन्न प्रक्रिया प्रवृति र स्वरूपमा सञ्चालन हुँदै आएको पाइन्छ । नेपाली भाषाका उच्चकोटिका ग्रन्थद्वारा नेपाली भाषासाहित्यमा टेवा पुऱ्याउने उद्देश्यले प्रतिष्ठानको स्थापना भएको हो । सुरुमा संस्थापक द्वय काजीरोशन र श्याम श्रेष्ठबाट प्रदान गरिएको रू. ११,०००।- बाट प्रारम्भ प्रतिष्ठानको अक्षयकोष हाल २ लाख ५० हजार पुगिसकेको छ । स्थापनाकालदेखि वि.सं २०५३ सम्म धवलागिरि अञ्चलका कवि लेखकहरूमध्येका उत्कृष्ट पाण्डुलिपिको छनोट, पुरस्कृत र प्रकाशन गर्दै आएको प्रतिष्ठानले वि.सं. २०५६ मा पहिलोपटक राष्ट्रिय स्तरमा पुरस्कार प्रदान गरी आफ्नो क्षेत्र विस्तार गरेको पाइन्छ ।

वि.सं. २०५६ सालसम्म प्रत्येक तीनतीन वर्षमा प्रदान गरिँदै आएको 'काजीरोशन साहित्य पुरस्कार' २०५७ को निर्णय पछि प्रत्येक दुईदुई वर्षमा प्रदान गर्न थालिएको पाइन्छ । नेपाली भाषा र साहित्यको क्षेत्रमा उल्लेख्य कार्य गरेवापत वि.सं. २०५२ सालको 'गोपाल पाण्डे असीम पुरस्कार' बाट सम्मानित प्रतिष्ठानले अक्षयकोषको बृद्धिको अनुपातमा समयसापेक्ष, पुरस्कार राशीमा समेत वृद्धि गर्दै लगेको पाइन्छ । साथै संस्थापक अध्यक्ष काजीरोशनले २०४५ सालमा प्राप्त गरेको 'युवावर्ष मोती पुरस्कार' राशी पनि प्रतिष्ठानलाई नै समर्पण गरी अक्षयकोष वृद्धिमा योगदान गरेको पाइन्छ । समय सापेक्ष विकास र विस्तार हुँदै अगाडि बढिरहेको प्रतिष्ठानद्वारा सञ्चालित 'काजीरोशन साहित्य पुरस्कार' आञ्चलिक रूपमा वानियाँ कान्छाको अटेरी चल्लो (बाल कथासङ्ग्रह) (२०४४), अविनाश श्रेष्ठको अनुभूति यात्रामा कवितासङ्ग्रह (२०४७) विष्णुप्रसाद शर्मा मैत्रैयको बागलुङको ऐतिहासिक रूपरेखा (२०५०), साधना प्रतीक्षाको रगतका दुई रङ्ग कथासङ्ग्रह (२०५३) र राष्ट्रिय स्तरमा इन्द्रकुमार श्रेष्ठ 'सरित'को जस्केलाबाट चियाउने सूर्य कथासङ्ग्रह (२०५६), हरिप्रसाद भण्डारीको अस्वीकृत कथाहरू कथासङ्ग्रह (२०५८) जगत्‌बहादुर जोशीको डम्बरेको टालो उपन्यास (२०६०), कृष्ण उदासीको युद्धपिरामिड एकाङ्की सङ्ग्रह (२०६२) मातृका पोखरेलको अनुहारहरू कवितासङ्ग्रह (२०६४), लाई प्रदान गरिएको पाइन्छ ।

प्रतिष्ठानका संस्थापक अध्यक्ष काजीरोशनको विशेष सक्रियतामा नयाँनयाँ आयामको खोजी गर्दै आएको पाइन्छ । यस सन्दर्भमा मासिक साहित्य गोष्ठी २०४४ देखि २०४८ सम्म निरन्तर सञ्चालन भएको थियो । प्रत्येक गोष्ठीमा एक उत्कृष्ट रचनाका

रचनाकारलाई पुरस्कार र प्रमाणपत्र प्रदान गरिएको पाइन्छ । वि.सं. २०५२ सालदेखि 'यात्रा आफ्नै परिवेश' आफ्नै प्रक्रिया एवम् स्वरूपमा सञ्चालन हुँदै आएको पाइन्छ । साहित्यिक आन्दोलनकै रूपमा अगाडि बढिरहेको यो अभियान देशका विभिन्न जिल्लाका विभिन्न क्षेत्रमा सफलतापूर्वक सम्पन्न हुँदै आएको देखिन्छ ।

जीवित स्रष्टाहरूको सम्मानमा निवासमा गोष्ठी र दिवंगतहरूको शोकसभा स्मृतिसभा जन्मजयन्ति जस्ता रचनात्मक क्रियाकलाप गर्दै आएको प्रतिष्ठानले कविगोष्ठी, पुस्तक विमोचन जस्ता सिर्जनात्मक क्रियाकलापसमेत सञ्चालन गर्दै आएको पाइन्छ । कविलेखकहरूको जयन्ती मनाउने क्रममा आदिकवि भानुभक्त आचार्यको १८४ औं जयन्ती पारी २०५४ मा वृक्षरोपण र वर्षेनी भानुजयन्तीको अवसरमा बागलुङको चिप्लेटी ( भानुकुञ्जमा) खुल्ला वृक्षारोपण स्थलको अवलोकन गर्ने परम्परा बसालिएको छ । उक्त अवसरमा सो स्थानमा १५ मिनेटमै स्थलगत कविता लेखन एवम् वाचन, १० मिनेटभित्र आदिकविको चित्रलेखन र सामूहिक मूल्याङ्कन गरी पुरस्कृत गर्ने नयाँ परम्परा रहेको पाइन्छ । स्थानीय समाजसेवी एवम् शिक्षासेवीहरूको योगदानको कदर गर्दै ग्रन्थ एवम् कृति प्रकाशन गर्ने परम्परा पनि प्रतिष्ठानले कायम राख्दै आएको छ । प्रतिष्ठानकै उद्देश्यको परिपूरकका रूपमा अञ्चलमा क्रियाशील प्रतिभाहरू र प्रतिष्ठानका अध्यक्ष काजीरोशनको सक्रियतामा वि.सं. २०५८ मा स्थापित स्मृति प्रकाशनका रचनात्मक साहित्यक गतिविधिहरू पनि महत्त्वपूर्ण र स्मरणयोग्य रहेको पाइन्छ । यसले युवा साहित्यकारहरूलाई जागृत गर्दै उत्प्रेरण थपिरहेको छ । प्रतिष्ठानले आफ्ना रचनात्मक गतिविधि अगाडि बढाउने क्रममा केही मुखपत्रहरू 'काजीरोशन साहित्य पुरस्कार'बाट पुरस्कृत पाण्डुलिपि कृतिहरू लगायत अन्य कृतिहरू र केही विशेष प्रकाशनहरू प्रकाशित गर्दै आएको पाइन्छ ।

विगत लामोसमयदेखि नेपाली भाषा, साहित्यको संरक्षण र संवर्द्धनमा लागिपरेको यस प्रतिष्ठानले बालकथा, कविता, अनुसन्धान कथा, उपन्यास, नाटक, लगायतका विभिन्न विधाबाट ९ ओटा पाण्डुलिपि कृतिहरूलाई पुरस्कार समर्पण गरिसकेको छ । नागरिक स्तरबाट स्थापित यस प्रतिष्ठानले विभिन्न प्रकाशनका साथै रचनात्मक साहित्यक गतिविधिका माध्यमले नेपाली साहित्यमा टेवा पुऱ्याइरहेको पाइन्छ । नबोदित स्रष्टाहरूलाई उत्प्रेरणा थपिरहनुका साथै पुराना स्रष्टाहरूको सम्मान गरिरहेको पाइन्छ । समयसापेक्ष पुरस्कार एवम् साहित्यिक गतिविधि प्रक्रिया, प्रवृत्ति, प्रावधान र स्वरूपमा परिवर्तन र

विस्तार एवम् वृद्धि गर्दै आफ्नो योजना र अभ्यासलाई गति र गन्तव्य ठानी अगाडि बढिरहेको प्रतिष्ठान देशव्यापी रूपमा स्थापित समकालीन समान उद्देश्य र समान परिवेशमा रहेका सङ्घ संस्थाको माझमा उच्च स्थान प्राप्त गर्न सफल साहित्यिक संस्थाको रूपमा रहेको छ । राजधानी टाढा रहेर पनि मोफसलका कवि लेखकहरूलाई उत्प्रेरणा एवम् हौसला जगाउँदै आफ्नो २४ वर्षे यात्रा पार गरिसकेको प्रतिष्ठानले नेपाली भाषा र साहित्यलाई सम्मान र समुच्च बनाउने अभियानमा इँटा थप्न सफल भएको छ । यसकारण नेपाली साहित्यको बदलिँदो इतिहासको समयक्रमसँगै प्रतिष्ठानले आफूलाई पनि प्रतिस्थापित गराइसकेको छ ।